कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

Special scholarship for First 20 Students !
The First College Of Hotel Management In +2 Level !
ADMISSION OPEN !
for +2 COMMERCE ARTS EDUCATION
आशीर्वाद कलेज (Estd.2056)
Samakhusi, Kathmandu, 4-352589 (Near the Children's Park)
Shift: Morning/Day Seats:60 Medium: Eng./Nepali
100% Result in Hotel Mgmt. Since 2056 !

• वर्ष १२ • अंक ९ • काठमाडौं, शुक्रबार, असार ३०, २०६३ • SAPTAHIK • Nepali National Weekly • Friday, July 14, 2006 • पृष्ठ २४+४ • मूल्य रु. ८/-



## थरी-थरीका हेयर स्टाइल







**शिव शर्मा**

पोखरा- हेयर स्टाइल कस्तो बनाउने स्ट्रेट, कर्ली वा कलरिङ ? अब यी स्टाइलहरू अब पुराना भए । कतिपयलाई अरूले नगरेको 'लेटेस्ट' हेयर स्टाइल बनाउने रहर पनि हुन्छ ।

विदेशमा देखिने नयाँ-नयाँ हेयर स्टाइल अहिले नेपालमै भित्रिएका छन् । हरेकलाई नयाँ-नयाँ स्टाइल मन पर्नु कुनै नौलो कुरा होइन । फेसनको पारो तातिसकेको सहर पोखरामा पनि विदेशी शैलीका हेयर स्टाइलहरू भित्रिएका छन् । विदेश बसेर आउने युवतीहरूले नयाँ-नयाँ हेयर स्टाइल भित्र्याएका छन् ।

करिब दुई दशक ब्युटिसियन भएर कोरियामा अनुभव बटुलिसकेकी स्यान्द्रा पुन पोखरामा हेयर स्टाइलका बिल्कुलै भिन्न शैलीका निम्ति प्रसिद्ध छिन् । पोखराको व्यस्त बजार महेन्द्रपुल स्थित 'ब्युटीक्लब एस' ब्युटीपार्लरमा यति बेला विदेशी शैलीका नयाँ-नयाँ हेयर स्टाइल बनाउनेहरूको हूल नै देख्न सकिन्छ । स्थानीय मात्र होइनन्, राजधानीदेखि गायक-कलाकारहरू पनि आफ्नो पृथक् गेटअपका लागि ब्युटिक्लब एसमा आउने गरेका छन् ।

चर्चित नायिका बिपना थापा पोखरा आउँदा प्रायः यही ब्युटीपार्लर छिर्छिन् । केही समयअघि नायिका बिपनाले यहीँ आफ्नो हेयर स्टाइल चेन्ज गरेकी थिइन् । उनले आफ्नो हेयर स्टाइललाई ब्रेड्स (braids) बनाएकी थिइन । बिपना मात्र होइन, चर्चित पप गायकहरू क्रान्ति आले, राजु लामा आदिले पनि यही आफ्नो हेयर स्टाइल चेन्ज गरेका छन् । विदेशमा चलेको हेयर फेसन आफ्नै ठाउँमा गर्न पाएपछि को पछि पर्छन् र ? सम्भवतः नेपालमै पहिलो पटक पोखरामा भित्रिएको हेयर स्टाइल हो– हेयर एक्सटेन्सन । नयाँ भएर पनि होला, यहाँ हेयर एक्सटेन्सन गर्नेहरूको जगजगी छ । अधिकांश युवतीले यो स्टाइल अपनाउने गरेका छन्, ब्युटिसियन स्यान्द्रा पुनले बताइन् । हेयर एक्सटेन्सन अर्थात् छोटो केशलाई लामो बनाउने यो स्टाइल छोटो केश हुनेहरूका लागि विशेष उपयोगी छ । यसमा नक्कली नभै सक्कली केशको मद्दतले छोटो केशलाई नै लामो बनाइन्छ । जतिसुकै छोटो केशलाई पनि हिपसम्म लामो बनाउन मिल्छ हेयर एक्सटेन्सन गरेर । हेयर एक्सटेन्सन गर्दा कलर पनि गर्न सकिन्छ । यो स्टाइलमा कर्ली स्ट्रेट जे गरे पनि हुन्छ । फेसनेवल युवतीहरूमाझ अहिले यो स्टाइल लोकप्रिय भएको छ ।

यसरी एकपछि अर्को गर्दै हेयर स्टाइलमा पनि पृथक् रूप भित्रिरहेका छन् । अहिले चलेका हेयर स्टाइलमध्ये ब्रेड्स पनि एक हो । खास गरी यो हेयर स्टाइल अफ्रिकन मुलुकबाट भित्रिएको हो । अफ्रिकनहरूले यसलाई बढी अपनाएको पाइन्छ । ब्रेड्स गर्न केश लामै हुनुपर्छ भन्ने छैन । छोटो भए पनि केशमा फाइबर राखेर लामो बनाइन्छ ।

यसमा आफ्नो इच्छाअनुसार केश लामो र छोटो गर्न सकिन्छ । यो स्टाइल विदेशमा युवायुवती दुवैले उत्तिकै अपनाउँछन् । झट्ट हेर्दा केश केस्रा-केस्रा र डोरीले बाटिएको जस्तो पनि देखिन्छ । नेपालको हकमा यो स्टाइल युवतीहरूले नै बढी अपनाएको पाइन्छ । ब्युटिसियन स्यान्द्रा पुन स्वयंले पनि आफ्नो हेयर स्टाइल ब्रेड्स गरेकी छिन् । पोखराको पछिल्लो पुस्ता अझ विशेष गरी युवतीहरूमा यो स्टाइल लोकप्रिय छ । ब्रेड्स गर्न पाँच घण्टा लाग्छ । ६ हजार शुल्क तिरेर भए पनि ब्रेड्स गर्न लालायित हुनेहरू धेरै छन् । नायिका बिपना थापाले पनि पोखरामै आएर आफ्नो हेयर स्टाइल ब्रेड्स बनाएकी थिइन् ।

युवाहरूले पछिल्लो समयमा बढी मात्रामा गर्न थालेको हेयर स्टाइल हो– ड्रेडलक्स (dreadslocks) । युवाहरूले मोटोमा यो स्टाइल अपनाउँछन् । युवतीहरूले भने माइक्रो ड्रेडलक्स गर्छन् । आफ्नो इच्छाअनुसार चारपाटे, गोलो, त्रिकोणअनुसार पनि यो स्टाइल अपनाउन सकिन्छ । नेचुरल ड्रेडलक्समा फाइवरको प्रयोग हुँदैन । हङकङमा ड्रेडलक्स गरेको ३५ हजारसम्म शुल्क लाग्छ । हेयर डिजिटल पम्प युवतीहरूलाई मन पर्ने हेयर स्टाइलभित्र पर्छ । केशलाई रोल गरेपछि एउटा तारले जोडिन्छ अनि ताप दिइन्छ, त्यसपछि वेभ हुन्छ । यो स्टाइल परमानेन्ट र टेम्पेररी दुवै हुन्छ ।





मध्यपृष्ठमा



रञ्जिता लामा



SHIKHAR MUSIC
# शिखर म्युजिक अपडेट
SHIKHAR Safalta ko life
STATUTORY DIRECTIVE: SMOKING IS INJURIOUS TO HEALTH

## साताको स्वर



**मिङ्मा शेर्पा**

**'छमछम' कस्तो किसिमको गीत हो ?**
-यसलाई मिठासपूर्ण रोमान्टिक गीत भन्न सकिन्छ ।

**यो गीतको सिर्जना कसरी भयो ?**
-मेरो दाइ दावा छिरिङले यो गीतको शब्द र धुन बनाउनुभएको रहेछ । मलाई सुहाउँदो भन्नुभयो र मैले गाएँ ।

**गीतमा के भन्न खोजिएको छ ?**
-गीतमा एउटा प्रेमी आफ्नी प्रेमिकाको हरेक क्रियाकलापप्रति मोहित छ । उसले पाउजु बजाउँदा होस् वा गाजलु आँखाले मस्केर हेर्दा प्रेमी उसका क्रियाकलापहरूको प्रशंसा गरिरहेको हुन्छ ।

**गीतले यति चर्चा पाउँछ जस्तो लागेको थियो ?**
-मेरो एल्बम 'फिल'को सम्पूर्ण रेकर्डिङ सकिएपछि मैले ज-जसलाई यो गीत सुनाएँ सबैले यो गीत चर्चामा आउँछ भनेका थिए । त्यसैले चर्चाचाहिँ पाउँछ भन्ने विश्वास थियो ।

**यसको म्युजिक भिडियोमा तपाई आफैंले किन अभिनय नगरेको ?**
-निर्देशक आलोक नेम्वाङले मलाई गायककै रूपमा माइक्रोफोनमा गाएको देखाउनुभएको छ । फेरि सबै गायक मोडल बन्न थाले भने मोडलहरूले चाहिँ के गर्ने नि ?

– पप गीतले जति नै लोकप्रियता हासिल गरे पनि शास्त्रीय संगीतका पारखीको संख्या नघटेको तथ्य गत शनिबार राजधानीमा आयोजित एउटा सांगीतिक कार्यक्रममार्फत उजागर भएको छ । राष्ट्रिय सभागृहमा आयोजित 'सुरम्य सन्ध्या २०६३' शीर्षकको एकल शास्त्रीय गीत-संगीत कार्यक्रममा संगीतकर्मी गुरुदेव कामतले संगीत पारखीको मन जिते । शास्त्रीय संगीतका गुरु संगीतकर्मी कामत पहिलो पटक एकल गायन गायन कार्यक्रममा प्रस्तुत भएका हुन् । केही वर्षअघि संगीतकर्मी कामतद्वारा नै स्थापना गरिएको गुरुकुल संगीत पाठशालाको दोस्रो प्रस्तुतिको रूपमा यो एकल गायन कार्यक्रम सम्पन्न भएको थियो । सांगीतिक कार्यक्रममा गायक कामतले करिब तीन घण्टासम्म शास्त्रीय संगीतमा आधारित राग तथा गायनमार्फत संगीतकर्मीको मन जितेका थिए । हार्मोनियममा हातका औंला नचाउँदै उनी कहिले राग बनेर प्रस्तुत भैरहेका थिए भने कहिले आलापमार्फत रमाउँथे । सांगीतिक कार्यक्रममा संगीतकर्मी कामतकी छोरीले उनलाई वीणामा साथ दिएकी थिइन् । एकल गायनका क्रममा कामतले शास्त्रीय संगीत मात्र होइन गजल तथा ठुमरी पनि सुनाए ।

– दुई साताअघि यो संसारबाट बिदा भएका वरिष्ठ संगीतकार दिव्य खालिङको सम्झनामा गत शुक्रबार राजधानीमा एउटा श्रद्धाञ्जली सभा सम्पन्न भयो । 'म त लालीगुराँस भएछु' जस्ता थुप्रै लोकप्रिय गीतका सर्जक स्व. खालिङको गत शुक्रबार तेन्हौं दिनको पुण्य तिथि परेको थियो । श्रद्धाञ्जली सभामा गायिका विमला राईले एउटा कर्णप्रिय गीत गाउँदै आफ्ना गुरुको सम्झना गरिन् । मधुरिमा कला केन्द्रले आयोजना गरेको उक्त कार्यक्रममा पुराना गायक किरण प्रधान मात्र होइन, नयाँ प्रतिभाहरू प्राश्ना शाक्य, जुना प्रसाईं, नारायण लामा आदिले पनि संगीतकार खालिङकै गीत गाएर उनको सम्झना गरे । कार्यक्रममा खालिङकी श्रीमती ग्रेसाले दार्जीलिङदेखिको प्रकाशित तथा अप्रकाशित रचनाहरूको संकलन गरी संरक्षण गर्ने योजनामा सबैलाई सहयोग गर्न आग्रह गरिन् । खालिङको ५६ वर्षको उमेरमा गत असार ११ गते भारतको सिलिगुडीमा उपचारकै क्रममा निधन भएको थियो ।





मोडलसँग गायक : म्युजिक भिडियोको चल्ती बढेपछि मोडल र गायकहरूको सम्बन्ध पनि बढ्दै गएको छ । आफ्नो एउटा नयाँ म्युजिक भिडियोमा गायक रामकृष्ण ढकाल मोडल नम्रता श्रेष्ठसँग ।

– सांगीतिक समूह 'शिव गण' का गायक सन्दीप खनाल वैवाहिक जीवनमा प्रवेश गरेका छन् । सन्दीपले गत साता शान्तिनगरकी ऋतु गौतमसँग विवाह गरेका हुन् ।

– पहिलो पटक लोकतेहेरी गीतिसंग्रह 'वार्ता गराइदिउँ' सार्वजनिक गरेर चर्चामा आएका गायक तथा संगीतकार राजनराज शिवाकोटी अहिले यही संग्रहको नयाँ म्युजिक भिडियोका कारण चर्चामा छन् । नेपाली सांगीतिक क्षेत्रमै पहिलो पटक २२ मिनेट लामो म्युजिक भिडियो तयार पारिएको छ । 'वार्ता गराइदिऊँ..' गीतको यो म्युजिक भिडियो यसै सातादेखि टेलिभिजनमार्फत प्रसारण हुन थालेको छ । गीतमा रमा थपलिया, लव शर्मा, गीता शाही आदि टेलिभिजनका चर्चित कलाकारहरूले अभिनय गरेका छन् ।

– आगामी सोमबारदेखि पूर्वाञ्चलका विभिन्न क्षेत्रमा एउटा सांगीतिक कार्यक्रम प्रस्तुत गरिँदैछ । गायक सुमित खड्काका अनुसार उक्त कार्यक्रममा पूर्वाञ्चलका ग्रामीण क्षेत्रहरूमा आयोजना गरिनेछ । एसपी प्रोडक्सनले आयोजना गर्ने उक्त कार्यक्रममा गायक खड्काका अतिरिक्त गायक प्रवलदीप विश्वास, नेपालस्टारका टप टेन कलाकार तथा सांगीतिक समूह स्मृतिले गीत-संगीत प्रस्तुत गर्नेछ ।

– दुवै मृगौलाले काम नगरेपछि उपचारका लागि अस्पताल भर्ना भएका बाग्लुङका ३५ वर्षीय तिलक कार्कीको उपचार खर्च जुटाउन राजधानीमा लोकदोहोरी कार्यक्रम सम्पन्न भएको छ । गत मंगलबार राष्ट्रिय सभागृहमा आयोजित उक्त सांगीतिक कार्यक्रमको शीर्षक 'लोकदोहोरी- २०६३' राखिएको थियो । सांगीतिक कार्यक्रममा लोकप्रिय दोहोरी गायक-गायिकाको सहभागिता थियो ।

– छिन्नलता गीत पुरस्कारबाट पुरस्कृत गीतकार रमण घिमिरेले पुरस्कारले आफूलाई आगामी दिनमा गीत लेख्न प्रेरणा मिलेको धारणा व्यक्त गरेका छन् । गत शुक्रबार राजधानीमा आयोजित एक समारोहमा गीतकार घिमिरेसहित गायिका सपनाश्री परियार, संगीतकार न्हूयू बज्राचार्य तथा गायक कर्णदासलाई २०६२ सालको छिन्नलता गीत पुरस्कारबाट सम्मानित गरिएको थियो । कार्यक्रममा संगीतकार गणेशप्रसाद श्रेष्ठलाई दोसल्ला ओढाएर सम्मानित गरिएको थियो ।

– पप गायक सुगम पोखरेल बुबा बनेका छन् । गत असार १९ गते सुगम तथा उनकी जीवनसंगिनी लिजाले पहिलो सन्तानका रूपमा छोरीलाई स्वागत गरेका छन् । सुगमले छोरी जन्मिएलगत्तै उनको नामकरणसमेत गरेका छन् । सुगमका अनुसार उनले आफ्नी छोरीको नाम एन्जिलिजा राखेका छन् ।

– करिब तीन महिनाको परिश्रमपछि बज्रकलाका निर्देशक चन्द्रमान मुनिकारले आरोहणसँग मिलेर राजधानीमा चर्या नृत्य प्रदर्शन गरेका छन् । गत आइतबार गुरुकुलमा आयोजित एक समारोहमा करिब साढे दुई घण्टासम्म २७ जना कलाकारले परम्परागत नृत्य प्रदर्शन गरेका थिए ।

– पुराना गीतहरू रिमिक्स गर्ने कार्यलाई केही कलाकारले क्षणिक चर्चाको विषय बनाइरहेको अवस्थामा तामाङ भाषाका गीतका लोकप्रिय गायक रोज मोक्तानले भने रिमिक्स गर्ने क्रममै उदाहरणीय कार्य गरेका छन् । गायक मोक्तानको नेपाली लोक-पपगीतहरूको पहिलो संग्रह 'डम्फुरे' अहिले श्रोतामाझ लोकप्रिय मात्र छैन, यसमा समावेश गरिएको पुरानो गीत 'कलकत्ते काइँयो....' का लागि उनले वास्तविक स्रष्टाको सम्मान पनि गरेका छन् । लोकगायक जयनन्द लामाबाट लिखित अनुमति पाएपछि गायक मोक्तानले यो गीतलाई रिमिक्स गरेर रेकर्डिङ त गराए, सँगसँगै उनले यही गीत समावेश भएको गीतिसंग्रह 'डम्फुरे' को बिक्री भएको प्रत्येक सङ्ग्रहबाट दुई रुपैयाँ रोयल्टीस्वरूप वास्तविक गायक लामालाई प्रदान गर्ने निर्णय पनि गरे ।

– गत शनिबार नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजना हुने भनिएको 'द वर्ल्ड कप फिभर कन्सर्ट' आयोजकको लापरबाहीका कारण सफल हुन सकेन । निमा रुम्बा, द स्याडोज, सबिन राई, मिङ्मा शेर्पा, द एञ्जल्स आदि गायक तथा सांगीतिक समूहले प्रस्तुत गर्ने गीत-संगीतबाट मनोरञ्जन लिन भेला भएका दर्शकहरू आयोजक मेडिया होराइजनका कारण निराश हुँदै फर्कन बाध्य भए । आयोजकले कन्सर्टमा फिचर हुने ब्यान्डहरूका लागि अत्यावश्यक ड्रम सेटको व्यवस्था गर्न नसकेपछि ब्यान्डहरू स्टेजमा जान मानेनन् । समयमा कन्सर्ट प्रारम्भ नहुँदा दर्शकहरू रिसाउनु स्वाभाविक थियो । गायक मिङ्मा शेर्पाले त ट्र्याकमार्फत नै केही गीत गाए । तर त्यस बेलासम्म आयोजकले न त ड्रमसेटको व्यवस्था गर्न सके, न त आक्रोशित दर्शकको चित्त बुझाउन नै । कार्यक्रमलाई व्यवस्थित गर्न नसकेपछि आयोजक संस्थाका कुनै पनि व्यक्ति कार्यक्रमस्थलमा देखिएनन् ।





SLC/+2 फेल
No चिन्ता
Congratulations to all students who passed classes 10,11 & 12 from our school.
*More than 97% students of class 11 & 12 and more than 98% students of class 10 passed the subjects in which they appeared.*



The List Contains more than 250 such students

–कक्षा ८, ९ फेल भएपनि तथा Math Science/Sent-up नदिई SLC दिन चाहनु हुन्छ? एक वर्षमै +2 पास गर्न चाहनुहुन्छ ?
नेपालको सबैभन्दा पुरानो तथा एकमात्र मान्यता प्राप्त ओपन स्कूलमा विगत ७ वर्षदेखि संचालित भारतको सरकारी Delhi Board को कक्षा १० र १२ का Science, Management तथा Arts का कक्षामा भर्ना भई ढुक्क हुनुहोस् ।

कक्षा शुरू भैसकेको छ

विशेषताहरू :-
कुनै ५ विषय मात्र पास गरे पुग्ने/पास गर्न सजिलो ●TU / KU तथा विश्वभरी मान्यता भएको/No age bar ●जागिरे तथा गृहणीले घर मै पढेर पनि परीक्षा दिन सक्ने ●Online Education तथा CD को माध्यमबाट पढाइने
●Practical / Project work / Assignment को व्यवस्था । www.himalayan.edu.np

Himalayan Open School
Old Baneshwor, ☎4476685
Bagbazar:016220702, Chabahil : 2074123

# संविधान सभाको बाटोमा सरकार

साप्ताहिक समाचार

काठमाडौं– सर्वदलीय सरकारले प्रतिनिधिसभामा गत आइतबार प्रस्तुत गरेको सरकारको नीति तथा कार्यक्रमलाई पच्छ्याउँदै गत बुधबार आर्थिक वर्ष वि.स.२०६३/६४ का लागि अर्थमन्त्री डा. रामशरण महतले मुलुकको आय-व्ययको विवरण (बजेट) सार्वजनिक गरेका छन्। आर्थिक वर्ष वि.स. २०६३/६४ का लागि डा. महतले १ खर्ब ४३ अर्ब ९१ करोड रुपैयाँ बराबरको बजेट व्यवस्था गरेका छन्। आफ्नो नीति तथा कार्यक्रममा सरकारले मुलुकमा दिगो शान्तिको स्थापना र संविधानसभाको निर्वाचनलाई पहिलो प्राथमिकतामा राखेको थियो। सरकारको यो प्राथमिकतालाई डा. महतले मुलुककै चाहनाका रूपमा स्वीकार गर्दै सोही अनुरूपको बजेट सार्वजनिक गरेका हुन्। सात प्रमुख राजनैतिक दलले मुलुकमा दिगो शान्ति स्थापनाका लागि जनयुद्धमा होमिएका माओवादीहरूसँग मुलुकमा शान्ति स्थापनाका लागि सहकार्य गर्ने नीति अख्तियार गरेपछि सार्वजनिक गरिएको सर्वदलीय सरकारको पहिलो नीति तथा कार्यक्रम एवं बजेटले नेपाली जनतालाई दिगो शान्तिको बाटोमा डोऱ्याउने अपेक्षा गरिएको छ।

सरकारले आफ्नो नीति तथा कार्यक्रममार्फत् सात राजनैतिक दल-माओवादीबीच भएको सहमति अनुरूप मुलुकलाई अगाडि बढाउने विषयमा प्रतिबद्धता व्यक्त गरेको थियो। जनआन्दोलन-२ ले व्यक्त गरेको भावना अनुरूप सर्वस्वीकार्य लोकतान्त्रिक मूल्य-मान्यतालाई संस्थागत गर्ने विषय सरकारको नीति तथा कार्यक्रममा प्रतिविम्बित थियो। आफ्नो नीति तथा कार्यक्रममार्फत् सरकारले विगत एक दशकको द्वन्द्वले सिर्जना गरेको असहज परिस्थिति, आपसी वैमनस्यता र त्यसले सिर्जना गरेको कठोर यथार्थलाई आत्मसाथ गर्दै मुलुकलाई आपसी मेलमिलाप, सद्भाव र विश्वासयोग्य वातावरणतर्फ लाने प्रतिबद्धता व्यक्त गरेको थियो। अहिले सरकारका यिनै प्रतिबद्धताहरू बजेटमार्फत् पनि अभिव्यक्त भएका छन्।

सरकारको पहिलो प्राथमिकतामा परेको संविधानसभाको निर्वाचन सम्पन्न गराउन अहिलेको बजेटले १ अर्ब २५ करोड रुपैयाँ विनियोजन गरेको छ। नेपालजस्तो मुलुकका लागि संविधानसभाको निर्वाचनको उद्देश्य पूरा गर्न यो रकम पर्याप्त हुन सक्छ तर यसका लागि सरकारले निर्वाचन आयोगसहित आफ्ना संयन्त्रहरूलाई मितव्ययी र पारदर्शी रूपमा परिचालन गर्नुपर्नेछ। अहिलेको सरकारको प्रतिपक्षी नभएको अवस्थामा सरकारका लागि आफ्ना जिम्मेबारीहरू पारदर्शी रूपमा पूरा गर्नु निश्चित रूपमा एउटा ठूलो चुनौती हो। संविधानसभाको निर्वाचनका लागि छुट्याइएको यो बजेट कसरी खर्च हुन्छ त्यसैमा संविधानसभाको भविष्य पनि निर्भर गर्नेछ।

संविधानसभाको निर्वाचनपछि सरकारले आफ्नो नीति तथा कार्यक्रममा ग्रामीण विकास, शिक्षा, स्वास्थ्य, विद्युत् पूर्वाधार, सडक पूर्वाधार एवं कृषिलाई उपल्लो प्राथमिकतामा राखेको थियो। सोही अनुरूप बजेटले पनि ती क्षेत्रहरूका लागि प्राथमिकता अनुरूप बजेट विनियोजन गरेको छ। बजेटले विकास कार्यक्रमलाई निरन्तरता दिन शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिंदै २२ अर्ब ७७ करोड रुपैयाँ छुट्याउनुले पनि सरकारको प्राथमिकता क्षेत्र कस्तो छ भन्ने अनुमान लगाउन सकिन्छ। मुलुकमा व्याप्त सबै किसिमका द्वन्द्वहरूको जड गरिबी हो र गरिबीको मूल कारण अशिक्षा नै हो भन्ने कुरालाई सरकारले आफ्नो नीति तथा कार्यक्रममा प्राथमिकताका साथ प्रस्तुत गरेको थियो।

यसैगरी सरकारले नीति तथा कार्यक्रममा जोड दिएको स्वास्थ्य क्षेत्रका लागि ९ अर्ब ३० करोड रुपैयाी, विद्युत् पूर्वाधार विकासका लागि ८ अर्ब ४१ करोड रुपैयाँ, सडक पूर्वाधारका लागि ७ अर्ब ७१ करोड, जनताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने खानेपानीका लागि ६ अर्ब १९ करोड रुपैयाँ, सिचाइूका लागि ४ अर्ब रुपैयाँ र कृषिका लागि ३ अर्ब ९६ करोड रुपैयाँ विनियोजन गरिनुले पनि सरकार मुलुकको द्रुत आर्थिक विकासका लागि परम्परागत संरचनाहरूको विकास गर्ने उद्देश्यद्वारा परिचालित छ भन्ने कुरालाई पुष्टि गर्न खोजेको छ।

अर्थमन्त्रीले सार्वजनिक गरेको बजेटले राजदरबार तथा सुरक्षा खर्च घटाएर त्यसलाई ग्रामीण विकासमा लगानी गर्ने तत्परता देखाएको छ। यसअघि ग्रामीण क्षेत्रको प्रत्यक्ष विकासका लगि सरकारले प्रत्येक गाविसलाई दिंदै आएको ५ लाख रुपैयाँको प्रत्यक्ष अनुदानलाई दोब्बर वृद्धि गरेर ग्रामीण क्षेत्रको विकासलाई आफ्नो प्राथमिकता सँचीमा राखेको छ। बजेटले नेपालमा सधैं पछाडि परेको कर्णाली अञ्चलका जनतालाई एक परिवार एक रोजगारको व्यवस्था गरेको छ। बजेटको संरचनामा पनि यस पटक लोकतान्त्रिक अवधारणाअनुसार आंशिक सुधार गरिएको छ। बजेटले सम्पन्न परिवारले प्रयोग गर्ने सामग्रीमा भन्सार बढाउने एवं आममानिसले प्रयोग गर्ने सामग्रीको भन्सार घटाउने नीति लिएको छ। विश्व व्यापार संगठन (डब्लुटीओ) तथा सार्क स्वतन्त्र व्यापार क्षेत्र (साप्टा) लाई ध्यानमा राखेर बजेट निर्माण गरिएको दाबी अर्थमन्त्रीको छ।


A decade of dedicated catering of +2 level scholars



+2 Science
Management
Humanities
(affiliated to the HSEB)
& B.B.S.
(affiliated to the TU)

Scholarship up to 100%*

1st Entrance Test
6th Shrawan 2063
Time 7.00 am

Features:
More than 96% passed in last few years with board positions.
Special discount to students from outside the valley.
Separate Sports Complex of International Standard.

* condition apply

BAGMATI MODERN COLLEGE
for details: Tel: 01-4427632, 9851073475 Naxal, Kathmandu

विशेष छुटमा
Private Test/S.L.C.

के तपाईं गर्ल्स होस्टेलको खोजीमा हुनुहुन्छ ?

GIRL'S HOSTEL



Homely
Spacious &
Hygienic
Oasis Girl's Hostel
Shanti Nagar, Kathmandu
Tel. 4107558

PRIVATE TEST-SLC 063
भर्ना खुल्यो

८ कक्षा पास गरेका ९, १० र SLC फेल भएकाहरुलाई पढ्ने सुवर्ण अवसर

SLC फेल हुनुभयो ?
Retotal गर्न चहनेलाई हामी सहयोग गर्दछौं।

मौका परीक्षा दिनेहरुका लागि Math, Science र English का कक्षा धमाधम संचालित छन्।

Reaction Open School Ph: 4432333

Applied Educational Centre: 2020394

Super memory class
Special class
Vocal, Music, Computer
Language

RJ/VJ
100% Job Guarantee

National Broadband media & consultant
teenkune : 2132383, 2053285
Kupondolel : 5011079

Admission Open

Universal Academy+2 college
Science, Management and Humanities
Basundhara, Dhapasi, Kathmandu
Tel : 4357859. 4356483, Fax: 4380010,
E-mail : <uacademyb@hotmail.com>

Hotel Management, Computer Science and Journalism

-committed to practical and need based education
-Favorable teaching and learning environment
-Professional faculty members
-Scholarship schemes for deserving students

Study in MALAYSIA
Stamford College
one of the best College in MALAYSIA...
55 years of Education Excellence

Easy Credit Transfer and Accelerated Pathway to
UK / USA / AUSTRALIA / CANADA

KATHMANDU
Guest Speaker
Ms See Bee Hong
Venue:
Hotel Marshyangdi
Thamel, Kathmandu
Date/Time
15 July, 2006
11:00am to 3:00pm

POKHARA
Venue:
Hotel Bascamp Resort
Lakeside, Pokhara
Date/Time
17 July 2006
11:00 am to 3:00pm

Degree & Diploma Course Offered:
- Hotel Management
- Business Administration
- Accounting
- Marketing
- Economics
- Mass Communication
- Computer Science & IT
- Engineering, Law
- MBA and many other courses


Exclusive Representative for STAMFORD COLLEGE
Holy Int'l Research Centre
Kopundole, Lalitpur, Nepal, Tel. 5011518
holyintl@gmail.com

# परीक्षाफलपछिको आत्महत्या

**प्रवेशिका परीक्षाको नजितासँगै देशभरिका आधा दर्जन अस्पतालमा केही विद्यार्थी भर्ना भएको समाचार सार्वजनिक भयो । उनीहरू कुनै खास रोग लागेका कारण अस्पताल भर्ना भएका थिएनन्, बरु परीक्षामा असफल भएपछि आफ्नो जीवनलाई निरर्थक मानेर आत्महत्याको प्रयास गरेका थिए । विभिन्न जिल्लाबाट प्राप्त समाचारअनुसार परीक्षामा असफल भएको खबर पाएपछि करिब एक दर्जन विद्यार्थीले विष सेवन गरे, एक जनाले झुन्डिएर आत्महत्या गर्ने प्रयास गरे । तीमध्ये पाँच जना विद्यार्थी र एक जना अभिभावकको ज्यान गयो भने बाँकी बाँच्न सफल भए । सुनसरीका दुई किशोरी नीलम दंगाल र नीलम ढुंगानाले विष सेवन गरेर आत्महत्या गरे । दंगाल सुनसरीको अमाहीबेलाकी छात्रा थिइन् भने ढुंगाना खनारकी रामसीता माध्यमिक विद्यालयकी छात्रा थिइन् । दुवै फरक-फरक स्थानका छात्रा भए पनि उनीहरूले लगभग एकै समयमा एउटै ब्रान्डको 'मेटासिड' औषधी सेवन गरे । उनीहरूले आफ्नो आत्महत्या-पत्रमा आत्महत्या गर्नुपर्ने कारण लेखेका छन् । दुवैले झन्डै एकै बेहोराको पत्र लेखेका छन् । उनीहरूले आफ्ना साथीहरू सफल हुनु, आफू असफल हुनु, समाजमा प्रतिष्ठा गुमाउनु एवं भविष्य अन्धकार हुनुलाई मर्नुपर्ने कारण बताएका थिए । यसरी दुई फरक-फरक गाउँ र विद्यालयका छात्राहरूको एकै किसिमको आत्महत्याले के देखाउँछ भने नेपाली समाजमा प्रवेशिका परीक्षालाई अन्यन्तै महत्त्व दिइन्छ । परीक्षा दिने बेलामा असफल पनि हुन सकिन्छ भन्ने मानसिक तयारी नहुनु, परीक्षामा रि-टोटलिङ (पुनः परीक्षण) को व्यवस्था पनि छ भन्ने जानकारी विद्यार्थीलाई नहुनु, अविभावक एवं शिक्षकहरूले प्रवेशिका परीक्षा नै सबैथोक हो भन्ने मानसिक अवस्थामा विद्यार्थीलाई पुऱ्याउनु नै नेपालमा विद्यार्थीहरूले आत्महत्या गर्नुपर्ने मुख्य कारणका रूपमा देखापरेको छ । मकवानपुरकी शशिकला खकुरेलले पनि विष सेवन गरेर आत्महत्या गरिन् । अस्पताल नपुऱ्याउँदै उनको मृत्यु भयो । राजविराजकी सुनिताले पनि आत्महत्या गरिन् । यी दुवै युवतीले बजारमा पाइने मुसा मार्ने औषधी सेवन गरेका थिए । शशिकलाले परीक्षामा अनुत्तीर्ण भएपछि सबैतिरबाट परीक्षामा अनुत्तीर्ण भएको खबरले पारेको प्रभावपछि मात्र आत्महत्या गरेको देखिन्छ भने सुनिताले भावावेशमा आएर आत्महत्या गरेको बताइन्छ ।**

**नेपाली समाजमा प्रवेशिका परीक्षा कति संवेदनशील रूपमा लिइन्छ भन्ने कुरा आफ्ना छोराछोरी असफल हुँदा आमाबुबाले आत्महत्या गरेको घटनाबाट पनि बुझ्न सकिन्छ । कतिपय अविभावकले छोराछोरीले दिएको प्रवेशिका परीक्षालाई आफ्नो जीवनकै सबैभन्दा महत्त्वपूर्ण विषयका रूपमा लिने गरेका छन् । त्यसैले छोराछोरी असफल हुँदा आमाबुबा रोएको घटना जताततै देखिन्छ तर हेटौंडाका नारायण तिमिल्सिनाले आफ्नो छोरा परीक्षामा असफल भएपछि आत्महत्या गरे । अरूले सुनाएको खबरमा विश्वास नलागेपछि हतार-हतार पत्रिका हेर्दा छोराको नम्बर नदेखेपछि उनले आत्महत्या गरेका थिए । आफ्नो छोराको शिक्षाका लागि आफ्नो भएभरको आम्दानी खर्च गर्दा पनि छोरा असफल भएपछि उनले आत्महत्या गरेका थिए । दुर्भाग्य, उनका छोराले प्रथम श्रेणीमा प्रवेशिका उत्तीर्ण गरेको खबर त्यतिखेर थाहा भयो जब तिमिल्सिनाले प्राण त्यागिसकेका थिए । प्रत्येक वर्ष प्रवेशिका परीक्षाको परिणामसँग अधिराज्यभरि करिब एक दर्जन छात्रछात्राले ज्यान गुमाउने गरेका छन् । तीमध्ये केहीको विवरण पत्रपत्रिकामा प्रकाशित पनि हुन्छन् । खबर छापिएको केही दिनसम्म त्यसको चर्चा-परिचर्चा हुन्छ तर बिस्तारै यो कुरा सेलाउँदै जान्छ । अर्कातर्फ परिणामात्मक रूपमा किशोरभन्दा किशोरीले बढी आत्महत्या गरेको पाइन्छ । परीक्षाको परिणाम आएपछि हुने यस्ता आत्महत्या रोक्न सम्बन्धित पक्षहरू गम्भीर हुने र आवश्यक पहल गर्ने बेला भएन र ?**

# मेरो जनावर-प्रेम




'पोलिटिकल एनिमल, राजनैतिक जन्तु र राजनैतिक तरलताबारे नलेखेर भण्डारी सर किन प्राकृतिक जनावरबारे लेख्नुहुन्छ' भन्ने प्रश्न मेरा धेरै प्रिय पाठकहरूमा कहिलेकाहीं आफैं उब्जिन्छ होला । प्रश्न स्वाभाविक हो । विडम्बना के छ भने राजनैतिक विषयवस्तुमा सीमित ती प्रश्नकर्ताहरू, ती स्व-संवादकर्ताहरू राजनीतिप्रेरित लेखहरूप्रति अक्सर कि तठस्थ, कि तात्तिएका बढी देखिन्छन् । अरू सबै विषयको तुलनामा राजनीति सर्वाधिक तापदायी हुन्छ । संविधानसभामा माओवादीहरूको हतियार-हस्तान्तरण, अवफलित हुने नेपालको स्वर्णिम भविष्य लोक-क्रान्ति, लोकतन्त्र, लोकतान्त्रिक गणतन्त्र आदिबारे गम्भीर, बौद्धिक क्षमता प्रदर्शन गर्ने खालका विमर्शपूर्ण लिखित अभिव्यञ्जना दिने विद्वान्-विदूषीहरूको बथान त्रास पैदा गर्ने परिमाणको भएकाले पनि म त्यो पथमा सचेततः नलागेको हुँ ।

प्रजातन्त्र अन्तिम लक्ष्य थियो । आयो जनआन्दोलनको फलस्वरूप । प्रजातन्त्र सञ्चालन कुशलतापूर्वक गर्न सक्ने नेता-नेतृहरूको सक्षमता, स्वभाव, शील-सौन्दर्य र कर्म-सौन्दर्यबारे म आफैं सुनिश्चित हुन सकिरहेको छैन- संशयग्रस्त नै छु । पहिलेको पीडा थियो अधिनायकवाद । अहिलेको पीडादायी शंका वा कल्पना छ– कतै हाम्रो अनुशासनहीनता, कुसंस्कृत व्यवहार प्रजातान्त्रिक मूल्यहरूका लागि, प्रजातान्त्रिक व्यवहारका लागि ठूलो चुनौतीको रूपमा त आउने छैनन ? उही संकीर्णता, कल्पनाहीनता, आलस्य, उही भ्रष्टाचार, अस्वस्थ पारस्परिक कलहले निरन्तरता पायो भने देशको डेस्टिनी भाग्य यस्तै हुन विवश रहेछ भन्नुसिवाय अरू केही हुँदैन । हाम्रो समग्र राष्ट्रिय चरित्र आशा कम निराशा बढी सिर्जित गर्छ ।

जनावर हाम्रा प्राचीन सहचर हुन्, डार्विनलाई विश्वास गर्ने हो भने जनावहरूको एक प्रजाति वानर हाम्रो सुदूर अतीतको पुर्खा हो । डार्विनको निष्कर्षमाथि पूरा विश्वास मलाई मात्र होइन, कसैलाई पनि भएको जस्तो लाग्दैन । तर मानवको समग्र व्यवहार, पार्टीहरूमा विभाजित हुने प्रवृत्ति, कलह गर्ने स्वभाव, चोर्ने बानी, बच्चा-प्रेम, दाँत निकाल्दै निदार खुम्च्याएर क्रोधित हुने संवेग, अण्डकोष चिलाउने शैली आदि लक्षणहरू केही संकेत दिन्छन् कि सायद मान्छे पनि वानरको क्रमिक रूपले विकसित स्वरूप हो । तर म भने अहिलेसम्म पत्याउन सकिरहेको छैन ।

एक युग थियो जब रोमन सम्राट् कालिगुला चन्द्रमा र सँर्यको स्वतन्त्र गतिलाई चुनौती दिँदै गाली गर्थ्यो । ग्यालिलियोले एकदमै उल्टो युग ल्याइदियो- अब निरो, कालिगुला, चंगेज खाँहरू आँसु पुछ्दै प्रतिपल घुमिरहेका छन् सँर्यको वरिपरि । रुग्णरूपले अहंकार पीडित राजा र सम्राट्हरू प्राचीन कालमा मात्र थिएनन् : मान्छे यस्तै रहुन्जेलसम्म यो अहंकार व्याधि भैरहनेछ । नपत्याए हेरे हुन्छ आफ्नै देशभित्रका शक्ति र कम शक्तिमा आसीन भएकाहरूलाई- उच्चतमदेखि निम्नतमसम्म । भन्सारको खरदार, सडक प्रहरीहरू पनि सके बाहिर नसके भित्र आफ्नो परिवारसित कुनै सम्राट्को जस्तै फुर्ती देखाउँछन् । कुनै मन्त्री र मन्त्रीपत्नीहरूको त कुरै छाडौं, त्यो विकृतिलाई नै मैले कुसंस्कृति भन्न खोजेको हुँ ।

जनावरप्रतिको मेरो अनुरक्ति निसर्गदत्त हो, कृत्रिम होइन, न त अनुकरण नै हो । जति बढी मान्छेको धूर्तता र जटिलतासित परिचित हुँदै जान्छु त्यही अनुपातमा जनावर र प्रकृतितिर रागपूर्ण हुँदै जान्छु । राजनीतिमा मेरो रुचिको अभावको एक अव्याख्येय कारण त्यही हुन सक्छ । सामान्य समझ भएका लगभग सबैलाई थाहा छ कि दक्षिण एसियामा चल्ने राजनीतिको स्वभाव र चरित्र कुन प्रकारको छ । हामीभन्दा विशाल देशहरूको गहन विश्लेषणात्मक अध्ययन गरे थाहा पाइनेछ ।

सबै राजनीतिक खेलाडीहरू धूर्त, फटाहा हुँदैनन् र निर्लज्ज रूपले परिग्रह गर्ने उद्योगमा लाग्दैनन्, भ्रष्टाचारी हुँदैनन् । तर नब्बे प्रतिशत अहंकारी, दम्भी, फटाहा, भ्रष्ट र षड्यन्त्रकारी हुन्छन् । कुनै त स्वनामधन्य नेता मनमोहन भट्टराईजस्तो अरूको पैसा (ठूलो राशि) उधारो लिएर दशकौंसम्म पनि फिर्ता गर्ने अन्तकरणबाट मुक्त हुन्छन् । निर्लज्जतापूर्वक पचाइदिन्छन् र मञ्च पायो भने उपदेशात्मक भाषण दिन थालिहाल्छन् । कुनै पद पायो भने तिनीहरू देशको सम्पत्ति लुट्लान, अनुमान गर्न गाह्रो छैन ।

एकदमै ठीक जूच्यो मलाई विश्वप्रसिद्ध लेखक अनातोले फ्रान्सको निस्कर्ष : 'जति मान्छेको भीडका बारेमा विशेषतः अधिकांश धूर्त राजनीतिकर्मी र व्यापारीहरूका बारेमा चिन्तन गर्दछु त्यति नै बढी जनावरप्रति गुरुत्वाकर्षित हुन्छु । मलाई परवाह छैन यदि कोही मलाई मिस्यान्थ्रोप, मानवद्रोही भन्छ भने । सत्य बोल्न डराउने मान्छे राम्रो लेखक हुन सक्दैन । सबैभन्दा बढी मलाई कुकुर मन पर्छ, किनकि ऊ इमान्दार छ, ठग्न जान्दैन ।' (पैसा उधारो लिए पनि बोलेको मितिभित्र फिर्ता गरिदिन्छ ।) अनातोले फ्रान्स मात्र होइन, लगभग सबै कलाकार, कुनै दार्शनिक, सबै असली सन्त जनावरप्रेमी हुन्छन् । जनावरहरूमा प्रमुख नाम आउँछ कुकुर । इतिहास भन्छ– प्रसिद्ध सन्त दार्शनिक डायोजनिस नङ्गधडङ्ग समुद्रको किनारमा सधैंभरि एक कुकुर लिएर बस्थे । महान् राजनेता, महान् सम्राट् अलेक्जेन्डर महान् डाओजनिसलाई भेट्न जान्छ सन्त डाओजनिस उसको सम्पूर्ण प्रमादको खिल्ली उडाइदिन्छन् । क्षणभरमै घराशाही हुन्छ विश्वको सर्वाधिक शक्तिशाली सम्राट्को एश्वर्य र दर्प । अन्तमा अलेक्जेन्डरले आफ्नो अन्तिम इच्छा व्यक्त गऱ्यो, यदि मेरो अर्को जन्म हुन्छ भने म नग्न फकीर डाओजनिस भएर जन्मन चाहन्छु, विश्व विजेता अलेक्जेन्डर भएर होइन ।

अलेक्जेन्डरसित मेघा थियो, कल्पना थियो, त्यसैले त्यस्तो उच्चकोटिको तृष्णा गर्थ्यो । डाओजनिस मात्र होइन, रमण महर्षिलगायत सबै अलौकिक र केही लौकिक नरनारीहरूको हृदयमा पशुप्रेम विद्यमान हुन्छ । तैपनि मूर्खहरू पशुलाई हेयात्मक दृष्टिले हेर्छन । यदि संसारमा पक्षी भैदिएनन् भने, विविध थरीका पशुहरू भैदिएनन् भने हाम्रो जीवन कति नीरस हुन्थ्यो होला, कति गाऱ्हो र पट्यारलाग्दो हुन्थ्यो होला ? मान्छे अरू बढी दुःखी हुन्थ्यो । मनसविद्हरूको निचोड छ कि यदि हामी जनावर, पक्षी र प्राकृतिको निकट हुन्छौं भने– हृदयपूर्वक निकट हुन्छौं भने– रक्तचापलगायत धेरै रोगहरू स्वतः हराएर जान्छन् ।

एक अति संवेदनशील घडीमा भनेको हुनुपर्छ जोनाथन स्वीफ्ट– 'म्यान इज द अग्लिएस्ट एनिमल, द्याट क्राउल्स अन दिस अर्थ' (यो पृथ्वीमा वामे सर्ने पशुहरूमध्ये मान्छे सबैभन्दा कुरूप प्राणी हो ।) फेरि भन्छन्– क्ष जबतभ तजभ बलषबर्ा अबाभिम ञबल। मान्छे नामक जनावरलाई म घृणा गर्छु । स्वीफ्टले सोचेजस्तै प्राचीन युनानका केही सिनिक दार्शनिकहरूले पनि सोचेका थिए । सोचलाई शब्दमा व्यक्त गरेका थिए ।

प्राचीन पूर्वमा भेट्टाइने केही मूल्यहरू अर्वाचीन पश्चिममा भेट्टाइने थाले, प्राचीन पश्चिममा भेट्टाइने विश्वासहरू अर्वाचिन पूर्वमा भेट्टाइन थाले । यी कुनै जीनव-स्वीकृति बोध छन् भने कुनै जीवनविरोधी कुनै जीवन निरपेक्ष । मेरो दृष्टिमा कुनै पनि सभ्यता र संस्कृतिको परिचय उसको प्रकृतिप्रतिको धारणा र व्यवहारबाट पाइन्छ । जनावर प्रकृतिको स्वस्थ परिभाषाभित्र समाहित हुन्छन् । म जनावरप्रेमी, तर अहिले केही कारणले जनावरहरूबाट विमुक्त हुँदै गैरहेको छु । मलाई विश्वास छ, यदि मान्छे पूरा हृदयले पशुलाई र प्रकृतिलाई प्रेम गर्छ भने ऊ भ्रष्टाचारी हुन सक्दैन, भैहाल्यो भने पनि धेरै नै कम । असली प्रेमी भ्रष्टाचारी हुनै सक्दैन । भ्रष्टाचार र प्रेम दुई पारस्परिक विपरीतहरू हुन्, विरोधीहरू हुन् । कुकुर प्रकृति हो, धूर्त, ठग मानव विकृति हो ।

## नीति-नियम



मानिसले आफूले गरेको कर्मको फल अवश्य भोग्नुपर्छ । यदि आफूले गरेको फल भोग्न तयार नभए समाधानका उपायहरू खोज्न सक्नुपर्छ, उपाय नपाए फल भोग्नुपर्छ ।

जुन रोगको उपचार हुनसक्छ तर रोगबाट छुट्कारा पाउन उपचार गरिँदैन भने त्यसको परिणाम भोग्नुपर्छ । कसैले गाली गरेर उपदेश दिन थाल्यो भने त्यो उपदेश लिन को तयार होला ?

राम्रो फल दिने कार्यप्रति मानिसको मन जान्छ भने नराम्रो फल दिने कामप्रति मानिसको मन जाँदैन । त्यसैले सत्य र असत्य बुझ्न शास्त्र अध्ययन गरेर आफ्नो आचरण बनाउनुपर्छ ।

**–शुक्रनीति**
**अनुवाद : रामहरि बन्जारा**

## चि ठी प त्र



### शिक्षामा अराजकता

विकासका लागि प्रयत्नशील हाम्रो देश नेपालमा आधाजसो जनसंख्या निरक्षर छन् । आधामध्येमा पनि महिलाको संख्या अत्यधिक छ । प्रतिशतमा हेर्दा निरक्षर महिलाको प्रतिशत ५७ छ । शिक्षाको पहुँच सहर-बजारमा केन्द्रित छ । गाउँघरतिर विद्यालय जाने उमेरका धेरैजसो बालबालिका विद्यालयमा पाइला टेक्न पाएका छैनन् । ३५ प्रतिशत बालबालिकाले विद्यालयको आँगन नै देख्न पाएका छैनन् । दलित, पिछडिएका वर्गको पहुँच त नगण्य मात्रामा छ । शैक्षिकक्षेत्र अराजक, अस्तव्यस्त अनि व्यापार बन्दै गएको छ । शिक्षणसंस्थाहरूमा आवश्यक पढाइभन्दा बन्द, हड्ताल अनि राजनीति बढी नै हुन थालेको छ । राम्रो शिक्षा लिएर देशको भविष्य निर्माणमा दत्तचित्त भएर लाग्नुपर्ने विद्यार्थीहरू अनावश्यक रूपमा राजनीतितर्फ मोडिएका छन् । उनीहरूको क्रियाकलापले पढ्न चाहने, जेहन्दार तथा पढेर आफ्नो भविष्य उज्ज्वल पार्न चाहने विद्यार्थीहरू मर्कामा परेका छन् । सरकारले शिक्षाक्षेत्रमा अर्बौं रकम खर्च गरे पनि त्यसको उपलब्धि साह्रै न्यून छ । धेरैजसो सरकारी विद्यालय दुनियाँको आँखामा छारो हाल्न स्थापित भएका जस्ता छन् । विद्यालयहरूमा न त सरकारले तोकेझैं पठनपाठन भएको छ, न त योग्य शिक्षकहरूको दरबन्दी नै छ । प्रत्येक वर्ष हुने प्रवेशिका परीक्षामा अनुत्तीर्ण हुने विद्यार्थीमध्ये अधिकांश सरकारी विद्यालयका छन् । सरकारी विद्यालयहरूमा राम्रो शिक्षा प्रदान नगर्नु र कम विद्यार्थी उत्तीर्ण हुनुमा जति काठमाडौंमा बसेर मुगु र ताप्लेजुङको कार्ययोजना बनाउने विद्वान्हरू दोषी छन् त्यति नै आफ्नो काम-कर्तव्य भुलेर बालबालिकाहरूलाई उचित शिक्षा नदिने गुरुहरूलाई मान्नुपर्छ । अझ मुख्य दोष त धनी र गरिबहरूका बीच खडा भएका शिक्षण संस्थाहरूलाई दिनुपर्छ जसको उद्देश्य केवल व्यापार गर्नु हो ।

**–एम. पोखरेल, काठमाडौं**

### शिक्षाका सम्बन्धमा

हाम्रो देश नेपालमा केही समययता आएर उच्चगुणस्तरीय शिक्षा दिने बहानामा थुप्रै निजी विद्यालय खुलेका छन् । तीमध्ये केहीले त राम्रो शिक्षा दिएको कुरालाई नकार्न सकिँदैन, तर तिनै शिक्षा दिनेजस्तो पवित्र कार्य गर्ने शिक्षणसंस्थाहरू व्यापारमुखी मात्र हुनु देशका लागि नै प्रत्युत्पादक हुने निश्चित छ । सहरबजारमा त निजी विद्यालयहरूको जगजगी नै छ । छोराछोरीलाई निजी विद्यालय नपठाउनेहरूलाई आफ्नो टोल र छरछिमेकमा हेयका दृष्टिले हेरेर तल्लो दर्जाका नागरिकसमान व्यवहार गरिन्छ । त्यसैले सबैभन्दा आफ्नो सामाजिक प्रतिष्ठा कायम राख्न बालबालिकाहरूलाई सकी-नसकि निजी विद्यालय पढाउन प्रयत्न गर्छन् । सामाजिक प्रतिष्ठाका लागि निजी विद्यालय पुगेको व्यक्तिलाई त्यसका सञ्चालकहरू जुकाले चुसेझैं चुस्छन् भने कोही त सबै जनाको बिल्लीबाँठ बनाएर भाग्छन् ।

गाउँमा विद्यालय नहुनु, घरको कामकाजले गर्दा विद्यालय पठाउन नसक्नु, विद्यालयहरू टाढा हुनुका कारणले विद्यालय जानबाट वञ्चित हुनुजस्ता समस्याहरू त आफ्नो ठाउँमा छन्, शिक्षा दिनेजस्तो पवित्र कार्यलाई व्यापार बनाएर पैसा कमाउने मात्र उद्देश्य राखेका कारण शिक्षाक्षेत्रमा पनि ठूलो खाडल देखिएको छ । सम्पत्ति हुनेका छोराछोरी सम्पत्तिको खोलो बगाएर राम्रो विद्यालयमा पढ्छन् भने गरिबका छोराछोरी या त पढ्नै पाउँदैनन्, पढ्न पाए पनि पाउनुपर्ने शिक्षा पाउँदैनन्, जसका कारणले उनीहरू शिक्षा प्राप्त भएपश्चात हुनुपर्नेजति योग्य हुन सक्दैनन् र हरेक क्षेत्रमा पछाडि पर्छन् ।

सरकारको काम कहिले जाला घाम भनेझैं बालबालिकाको भविष्यको विचार नै नगरी शिक्षा प्रदान गर्ने सरकारी विद्यालयका गुरुहरू, गुणस्तरीय शिक्षा दिने नाममा अभिभावकहरूलाई कङ्गाल र बालबालिकाको भविष्य बर्बाद गर्न तम्सिने निजी विद्यालयहरू, व्यापार गर्न खोलिएका च्याउसरि उम्रिएका प्लस टु कलेजहरू तथा प्रायशः गरिबका छोराछोरीहरू पढ्ने सरकारी क्याम्पसमा राजनीति गर्ने विद्यार्थी नेताहरूलाई ठेगानामा ल्याउने काम नगरेसम्म न त शिक्षाक्षेत्रमा देखिएका अराजकता एवं विकृतिहरू हट्छन्, न त सबैका लागि शिक्षा भन्ने सरकारको उद्देश्य नै पूरा हुने छ ।

**–माधव पौडेल**

## तीतो सत्य

दुःखी मान्छे सधै मतलवी हुन्छ ।

**–सीता गौडेल, बुटबल–दीपनगर**

- प्रेमले नै मान्छेलाई प्रगतिपथमा लान्छ ।

- प्रेम वियोगले मानिसलाई दार्शनिक बनाउँछ ।

- झूटो माया दिनुभन्दा सच्चा तिरस्कार गर्नु नै राम्रो हुन्छ ।

- जुन काम कठिन छ, त्यही काम गर्नुपर्छ ।

**मुक्ति अधिकारी, करादी, स्याङ्जा**

- सच्चा प्रेमीको आँखा प्रेमिकाको अगाडि झुक्छ ।

**नवीन्द्र भण्डारी, जोरपाटी**

- पैसाको पछि लाग्ने होइन, पैसा तिम्रो पछाडि आउन विवश पार्ने कार्य गर ।

- मित्र बनाउन सजिलो छ तर मित्रता निभाउन गाऱ्हो छ ।

- पढ्न र पढाउन सजिलो हुन्छ तर सिक्न र सिकाउन त्यति नै अप्ठ्यारो हुन्छ ।

**सिमल (शशी), भक्तपुर**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

# शिक्षाका सम्बन्धमा राज्य स्पष्ट हुनुपर्छ

**साप्ताहिक : नेपालमा पटक–पटक नयाँ शिक्षाको कुरा उठ्छ । राजनैतिक व्यवस्था परिवर्तनसँगै नयाँ शिक्षा लागू हुन्छ तर पनि अहिलेसम्म कम मात्र विद्यार्थीले व्यावसायिक र भरपर्दो शिक्षा पाउने गरेका छन्, यस्तो किन हुन्छ ?**

**डा. पुरुषोत्तम बाँस्कोटा :** वि.सं. २०२८ र २०३८ सालमा नयाँ शिक्षा लागू गर्दा तत्कालीन सरकारले नेपाली जनतालाई उत्कृष्ट शिक्षा दिन्छु भनेर पाठ्यक्रममा परिवर्तन गराएको होइन, त्यसबेला आफ्नो सरकारलाई टिकाउन शिक्षालाई पनि प्रयोग गर्ने नीति लिइएको थियो । जतिसुकै परिवर्तनका कुरा गरे पनि वि.सं. २०२८ सालयताका परिवर्तीत शिक्षा नीतिले जनताको आवश्यकतालाई ध्यान दिएको मैले पाएको छैन । शिक्षा नीतिकै कुरा गर्ने हो भने यत्रो परिवर्तन भएपछि पनि नेपाली जनतालाई चाहिएको शिक्षा नीति ल्याउने कुनै छाँटकाँट देखिँदैन ।

**साप्ताहिक : अहिलेसम्म नेपालमा कस्तो शिक्षा चाहिन्छ, कस्ता र कति युवालाई कस्तो शिक्षा दिने भन्ने विषयमा कुनै छलफल भएको छैन र ?**

**डा. बाँस्कोटा :** छलफल भएको होला तर विस्तृत अध्ययन भएको छैन । मेरो अल्पज्ञान पनि हुनसक्छ, तर यही क्षेत्रमा दशकौंदेखि काम गरिरहेको मानिसले त थाहा पाउनु पर्ने हो । कुन क्षेत्रका मानिसलाई कुन शिक्षा दिने, कति युवालाई डाक्टर बनाउने, कतिलाई इन्जिनियर बनाउने अथवा कतिलाई कस्तो शिक्षा दिने भन्ने अध्ययन भएजस्तो मलाई लाग्दैन ।


**साप्ताहिक : के कारणले यस्तो भएको हो ?**

**डा. बाँस्कोटा :** राजनीति नै सबै कुराको मूल हो । जबसम्म राजनीतिले कस्तो रूप लिन्छ भन्ने निश्चित हुँदैन तबसम्म शिक्षालाई कता लाने, कस्तो नागरिक उत्पादन गर्ने भन्ने विषयमा कुनै नीति बन्दैन । शिक्षा माथि जान राजनैतिक स्थिरता र सरकारको स्पष्ट दृष्टिकोण एवं नीति चाहिन्छ, अहिले त्यो छैन ।

**साप्ताहिक : वि.सं. २०४७ सालपछि मुलुकमा प्रजातान्त्रिक सरकार थियो । प्रजातान्त्रिक दलहरूले नै सरकार चलाएका थिए, त्यस्तो बेलामा त स्पष्ट नीति बन्नुपर्ने होइन र ?**

**डा. बाँस्कोटा :** त्यो बेलामा नेपालको शिक्षा क्षेत्रले ठूलो फड्को मारेको हो । पहिले त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालय मात्र थिए । अहिले हेर्नुहोस् त पूर्वाञ्चल, काठमाडौं, पोखरा विश्वविद्यालय जस्ता आधुनिक दृष्टिकोण भएका प्रविधिसम्पन्न विश्वविद्यालय अस्तित्वमा छन् । यी सबैको गुणस्तर पनि राम्रो छ । अहिले प्लस टुपछि डिप्लोमा तह नै चार वर्षे भएको छ । पहिले स्नातकलाई तीन वर्षे बनाउँदा विरोध भएको थियो तर अहिले त्यसलाई चार वर्षे बनाउँदा त्यसको आकर्षण घटेन बरु बढ्यो । यसले पनि गुणस्तर बढेको सङ्केत गर्छ । त्यतिमात्र होइन, डाक्टर-इन्जिनियर जस्ता प्राविधिकहरू प्रशस्त उत्पादन हुन थालेका छन् । गाउँ-गाउँमा शिक्षा लिनुपर्छ, पढ्नुपर्छ भन्ने भावना जागेको छ । यसलाई ठूलो उन्नति मान्नुपर्छ । यद्यपि हामीकहाँ अहिलेसम्म प्राविधिक शिक्षाको कुन क्षेत्रमा कति विद्यार्थी चाहिन्छ, त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा अध्ययन हुन सकेको छैन ।

**साप्ताहिक : सिटिइभिटीले नेपाललाई चाहिने जस्तो प्राविधिक शिक्षा दिइरहेको छैन र ?**



**डा. पुरुषोत्तम बाँस्कोटा, शिक्षाविद् । जन्म : १९४६ नोभेम्बर । सन् १९८१ मा दिल्लीबाट डिप्लोम्याटिक हिस्ट्रीमा विद्यावारिधि हासिल गरेका बाँस्कोटाले सन् १९७२ बाट शिक्षाशास्त्रमा अध्यापन गराउन थालेका हुन् । उच्च माध्यमिक शिक्षा परिषद्मा सदस्य सचिवसमेत रहिसकेका बाँस्कोटा २०५४ सालदेखि ६३ सालको चैतसम्म पोखरा विश्वसविद्यालयमा उपकुलपतिका रूपमा कार्यरत थिए ।**

**डा. बाँस्कोटा :** वास्तवमा सिटिइभिटीको स्थापनाको उद्देश्य उच्च शिक्षा प्राप्त दक्ष प्राविधिकहरू जन्माउने थिएन । त्यो त धेरै पढ्न नसकेका तल्लो वर्गका जनतालाई काम लाग्ने शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको थियो तर लक्षित उद्देश्य विपरीत सिटिइभिटी तल्लो वर्गका जनताले पढ्न नसक्ने उच्च शिक्षायुक्त प्राविधिक शिक्षालयमा परिणत भयो ।

**साप्ताहिक : अहिले नेकपा (माओवादी) को शिक्षा नीति केही फरक देखिएको छ । उनीहरू निजी क्याम्पस तथा विद्यालयका कारण नेपालमा दुई थरी जनशक्ति उत्पादन भैरहेको बताउँछन् । त्यसैकारण सबै निजी विद्यालय तथा उच्च शिक्षा सरकारले आफै दिनुपर्छ भन्ने तर्क गरिरहेका छन् ?**

**डा. बाँस्कोटा :** त्यो वास्तविकता नबुझी गरिएको कुरा हो भन्ने लाग्छ । सरकारले नै सबै शिक्षा दिनसक्नु राम्रो कुरा हो तर अहिले प्रत्येक नेपालीलाई सरकार एक्लैले शिक्षा क्षेत्रमा तलदेखि माथिसम्म लगानी गर्न सक्छ भन्ने कुरा पत्याउन सकिने कुरा होइन । त्यो हाम्रो स्रोतले धान्न सक्ने कुरा होइन । यदि माओवादीहरू सरकारमा सामेल भए र त्यसको गम्भीर रूपमा अध्ययन गरे भने वास्तविकता बोध भैहाल्छ । त्यसपछि उनीहरू पनि सबै शिक्षा सरकारले दिन सक्दैन भन्न बाध्य हुनेछन् । सत्ता बाहिरको राजनीतिमा आम जनतालाई वास्तविकताभन्दा धेरै माथि स्वप्निल संसारमा पुऱ्याइन्छ तर जब त्यसको माग जनताले गर्न थाल्छन्, त्यसले राष्ट्रलाई नै हानि गर्छ ।

**साप्ताहिक : यसको अर्थ त सम्पन्न वर्गका विद्यार्थीले सधैंभरि पैसा तिरेकै भरमा उच्च गुणस्तरको शिक्षा पाउने भए भने अर्कातर्फ विपन्न वर्गका विद्यार्थीले योग्यता हुँदाहुँदै पनि कम गुणस्तरको शिक्षा पाउने भए होइन ?**

**डा. बाँस्कोटा :** नेपालमा दुई थरीका नागरिक जन्मिरहेको कुरा सत्य हो तर सरकारले चाहने हो भने शिक्षालाई राष्ट्रीयकरण नगरी पनि गरिब र उपेक्षित जनताका प्रतिभावान् छोराछोरीलाई राम्रो शिक्षा दिनसक्छ । सरकारमा बसेकाहरूले यो काम म जसरी पनि गरेरै छाड्छु भन्ने दृढता हुनुपऱ्यो । नेपालमा अहिले प्रत्येक वर्ष निजी क्याम्पसमा ५० हजारले उच्च शिक्षा लिइरहेका छन् । यदि निष्पक्षरूपमा गरिब र जेहेन्दारहरूको परीक्षा लिएर छानिएका विद्यार्थीलाई प्रत्येक निजी क्याम्पसले १० प्रतिशत मात्र छात्रवृत्ति दिने हो भने प्रत्येक वर्ष कम्तीमा ५ हजार गरिब तथा जेहेन्दार छात्रछात्राले गुणस्तरयुक्त उच्च शिक्षा पाउँछन् ।

**साप्ताहिक : तपाईं आफै शिक्षाविद् भएको नाताले गरिब जनताका छोराछोरीलाई यसरी गुणस्तरीय शिक्षा दिन सकिन्छ भनेर सरकारलाई सुझाव दिनु भएन र ?**

**डा. बाँस्कोटा :** पहिले राज्य स्पष्ट हुनुपऱ्यो, शिक्षासम्बन्धी उसको दृष्टिकोण के हो ? त्यसका लागि राजनैतिक प्रणाली स्पष्ट हुनुपऱ्यो । किनभने सबैको केन्द्र राजनीति हो । यसले शिक्षा, स्वास्थ्य लगायत देशका सबै निकायलाई डोऱ्याइरहेको हुन्छ । यदि अध्ययन कै कुरा गर्ने हो भने थाकका थाक अनुसन्धान भएका छन् । विदेशी निकायले मात्र होइन, स्वदेशी निकायले पनि धेरै अध्ययन गरेका छन् तर त्यसको अध्ययन गर्ने फुर्सद कसलाई छ ? अध्ययन हुन्छन्, थन्किन्छन् ।

**साप्ताहिक : अहिले प्रवेशिका परीक्षा हटाउने र कक्षा १२ मा मात्र प्रवेशिका परीक्षा लिने कुरा उठिरहेको छ, यसले के फाइदा हुन्छ ? तपाईंहरू यो कुरालाई यति धेरै जोड किन दिइरहनुभएको छ ?**


**डा. बाँस्कोटा :** शिक्षा अन्तर्राष्ट्रिय स्तरको हुनुपर्छ भन्ने मान्यताले यो कुरालाई हामीले जोड दिएका हौं । विदेशमा रहेको मानक शिक्षा पद्धतिलाई हामीले जोड दिएका हौं । नेपालमा पास गरिसकेपछि विदेशीले पत्याओस्, जसका लागि यो पद्धति आवश्यक छ । फेरि सबैले उच्च शिक्षा हासिल गर्नु नपरोस्, उच्चशिक्षा त विशेषज्ञताका लागि हो । जो माथि पढ्न चाहँदैन, १२ पछि कुनै प्राविधिक काम थाल्छ । उमेर र योग्यता नपुगी उच्च शिक्षा हासिल गर्न जाँदा त्यसले राम्रो रिजल्ट दिन सक्दैन । यी र यस्ता धेरै कारणले अब कक्षा १२ मा मात्र प्रवेशिका परीक्षा लिनुपर्छ ।

**–अश्विनी कोइराला**







# रोजाइ बन्दैछ मानविकी संकाय

कुनै समय थियो, मानविकीलाई प्रायःले आर्ट्स भन्थे । यही आर्ट्सलाई कतिपय कलेजले अहिले 'लिभरल आर्ट्स' नाम दिएर अध्यापन गराइरहेका छन् । विकसित मुलुकहरूबाट भित्रिएको लिभरल आर्ट्समा विद्यार्थीहरूले आफ्नो उद्देश्यअनुरूपको विषय छनौट गरेर अध्ययन गर्न पाउँछन् । नेपालमा अहिलेसम्म क्याम्ब्रिजको 'ए' लेभल तहमा लिभरल आर्ट्स अध्ययन गर्नेहरूको संख्या उल्लेख्य छ । पूर्वाञ्चल विश्वविद्यालयले पनि लिभरल आर्ट्समा उच्च शिक्षाका पाठ्यक्रम तयार पारेको छ । 'लिभरल आर्ट्स धेरै विषयहरूको समायोजन हो' ए लेभलमा यो संकायमा अध्यापन गराइरहेको काठमाडौं भ्याली उ.मा.वि.की प्रिन्सिपल बबिता लाभ भन्छिन्- सामाजिक जनजीवनका धेरै विषय लिभरल आर्ट्सभित्र पर्छन् । लिभरल आर्ट्सको अर्को विशेषता भनेको यसमा व्यवस्थापन र विज्ञान संकायका निश्चित विषय छनौट गरेर अध्ययन गर्न पाउनु हो । यसो गर्दा विद्यार्थीले रुचिअनुरूप उच्च शिक्षा



हासिल गर्ने अवसर रहन्छ । प्रिन्सिपल लाभका अनुसार नेपालमा पनि प्लस टु तहमा लिभरल आर्ट्सको आवश्यकता भैसकेको छ ।

मानविकीबाट उच्च शिक्षा हासिल गर्नेहरूका लागि अवसरको क्षेत्र पनि बृहत् छ । खासगरी विकसित मुलुकहरूमा हेर्ने हो भने मानविकी संकायअन्तर्गत विशिष्टता हासिल गर्नेहरूको संख्या उल्लेख्य छ । त्यहाँ सामाजिक जनजीवनसम्बन्धी अनुसन्धानात्मक गतिविधिमा संलग्न हुन चाहनेहरूले मानविकी संकायअन्तर्गतकै विषय रोज्ने गरेका छन् । पछिल्लो अवधिमा यो 'ट्रेन्ड' को प्रभाव हाम्रो देशमा पनि पर्न थालेको छ । खासगरी समाजसेवा, विकास योजना, ग्रामीणविकास तथा अन्य सीपमूलक कार्यका लागि मानविकीको अध्ययन उपयुक्त देखिएको छ । दिन-प्रतिदिन अत्याधुनिक हुँदै गएको विश्वमा प्राविधिक शिक्षासँग हातेमालो गर्दै प्रतिस्पर्धामा अघि बढ्न मानविकी संकायका विषयहरू तयार छन् ।

अहिले विकसित मुलुकहरूमा यो विषयमा छात्रवृत्तिमा स्नातकोत्तर तथा विद्यावारिधि गर्न जाने अवसर पनि बढ्दै जानुले यो विषयप्रतिको आकर्षण ह्वात्तै बढेको प्रस्ट हुन्छ ।

'झट्ट हेर्दा मानविकी सैद्धान्तिक संकायजस्तो देखिए पनि यसभित्र थुप्रै व्यावहारिक विषयहरू विकास गरिएका छन्,' यसै वर्षदेखि पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा विकास शास्त्र (डेभलपमेन्ट स्टडिज) विषयमा अध्यापन प्रारम्भ गरेको 'कलेज अफ डेभलपमेन्ट स्टडिज' का प्रिन्सिपल भरत श्रेष्ठ भन्छन्- जुन विषयमा बढी कक्षा प्रयोगात्मक र अनुसन्धानमूलक हुन्छन् ।

मानविकी संकायअन्तर्गत सैद्धान्तिक अध्ययनलाई व्यवहारमा लागू गर्न यसमा प्राविधिक पक्षलाई पनि समेट्न थालिएको छ । जसको प्रत्यक्ष उदाहरण विभिन्न सरकारी एवं गैरसरकारी संस्थाहरू हुन् । यस्ता संस्थामा राम्रो पदमा कार्यरत अधिकांश व्यक्तिको आधारशिला मानविकी संकायको अध्ययन हो ।

मानविकी संकायभित्रका व्यावसायिक विषयहरू समाजशास्त्र तथा मानवशास्त्र, विकास योजना, विकास शास्त्र, आमसञ्चार तथा पत्रकारिता, ग्रामिणविकास, अर्थशास्त्र, मानवविकास, महिला सशक्तीकरण, संस्कृति, गृह विज्ञान, कम्प्युटर विज्ञान, जनसंख्या तथा वातावरण, मनोविज्ञान, द्वन्द्व व्यवस्थापनजस्ता विषय अध्ययन गर्नेहरू हाल विभिन्न सामाजिक संघसस्थामा कार्यरत पाइन्छन् ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूले मानविकी संकायअन्तर्गत अध्यापन गराउने विषयका सम्बन्धमा धेरैलाई थाहा छ । जसमध्ये समाजशास्त्र तथा मानवशास्त्र, ग्रामीण विकास, विकास योजना, अर्थशास्त्र, राजनीतिशास्त्र, जनसंख्या, भाषा, पत्रकारिता र अंग्रेजी तथा गणित मूल विषयमा अध्ययन गर्नेहरूको संख्या उल्लेख्य छ । यसैगरी पूर्वाञ्चल विश्वविद्यालयले पनि त्रिभुवन विश्वविद्यालयसँग मिल्दाजुल्दा थुप्रै विषय आफ्नो पाठचक्रममा समावेश गरेको छ । पूर्वाञ्चलले मानविकीमा तयार गरेका प्रमुख विषयमा आमसञ्चार तथा पत्रकारिता, जनसंख्या व्यवस्थापन, ग्रामीण विकास योजना, लिवरल आर्ट्स एन्ड साइन्स, इन्टेरियर डिजाइन, सोसियल वर्क, पिस एन्ड कन्फ्लिक्ट जर्नालिज्म, साइको-सोसियल इन्टरभेन्सन, रुरल इकोनोमिक्स, डेभलपमेन्ट एन्ड प्लानिङ स्टडिज उल्लेख्य विषय हुन् । काठमाडौं विश्वविद्यालयअन्तर्गत स्कुल अफ आर्ट्स विभागले मानविकी संकायका विभिन्न पाठ्यक्रममा अध्यापन गराउँदै आएको छ । संगीत, बुद्धिस्ट स्टडिज, फाइन आर्ट्स, मिडिया स्टडिज, ह्युमन एन्ड नेचरल स्टडिज, सोसियल वर्क, विकास शास्त्र उक्त विश्वविद्यालयले तयार पारेका पाठ्यक्रम हुन् । यसबाहेक पोखरा विश्वविद्यालयले यसै वर्षदेखि अंग्रेजी मूल विषय र जनसंख्या तथा लैंगिक विकास कार्यक्रममा अध्यापन प्रारम्भ गरेको छ । उच्च माध्यमिक शिक्षा परिषद्अन्तर्गतको प्लस टु तहमा पनि मानविकी संकायमा थुप्रै विषयमा पाठ्यक्रम निर्धारण गरिएको छ ।

**समाजशास्त्र तथा मानवशास्त्र**

प्रजातन्त्र पुनर्स्थापनापछि नेपालको विकास अभियानमा सहयोग गर्न थुप्रै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू नेपाल आए । त्यसपछि संयुक्त राष्ट्रसंघलगायत विभिन्न कूटनीतिक नियोगबाट सञ्चालित दातृसंस्थाका विकास कार्यक्रममा समाजशास्त्र तथा मानवशास्त्र अध्ययन गरेका विज्ञहरूको माग बढ्न थाल्यो । समाजसेवाका क्षेत्रमा सक्रिय यस्ता संस्थामा सेवा गर्दा समाज सेवाका साथै राम्रो आम्दानी गर्न सकिने भएकाले यो विषयप्रतिको आकर्षण बढ्दै गयो । गैरसरकारी क्षेत्रले नै यो विषयको महत्त्व बढायो भन्नुमा अत्युक्ति नहोला, तर अहिले आएर यो विषयका विज्ञहरू सरकारी सेवामा पनि त्यत्तिकै छन् । जसका कारण अहिले स्नातकोत्तर र विद्यावारिधिका लागि धेरै विद्यार्थीले समाजशास्त्र तथा मानवशास्त्र अध्ययन

बाँकी पृष्ठ ७ मा

## मानविकी संकायअन्तर्गत राम्रा तर आकर्षण कम भएका विषयहरू

**भूगोल**

मानविकी संकायअन्तर्गत भूगोल राम्रा विषयमध्ये एक हो । कुनै समय माध्यमिक तहमा धेरै विद्यालयमा अध्यापन हुने यो विषयप्रतिको आकर्षण अहिले स्वात्तै घटेको छ । अन्तर्राष्ट्रिय रूपमा यो विषयको 'स्कोप' धेरै भए पनि नेपालमा किन आकर्षण घट्यो ? शिक्षाविदहरूका अनुसार एउटा राम्रो व्यापारी बन्न भूगोल तथा अर्थशास्त्रमा आधारभूत ज्ञान हुनुपर्छ । त्यसो त सचेत नागरिकका लागि पनि भूगोलको ज्ञानले थप सहयोग गर्छ ।

**वातावरणीय व्यवस्थापन**

यो विषय विज्ञान, व्यवस्थापन र मानविकी तीनै संकायमा अध्यापन हुन सक्ने विषय हो 'वातावरणिय व्यवस्थापन' । यो विषयसँगै समाजशास्त्र तथा अर्थशास्त्र पढेको व्यक्तिले अवसर नपाउने भन्ने हुँदैन । अन्तर्राष्ट्रिय रूपमा पनि यो विषयको आकर्षण धेरै छ ।

**थिङ्किङ स्किल**

क्याम्ब्रिज विश्वविद्यालयले विकास गरेको यो विषय कानुन संकायअन्तर्गत पर्छ । कानुनलाई अन्तर्राष्ट्रिय रूपमा मानविकी संकायभित्रै राखिने भए पनि हाम्रो मलुकमा कानुन संकाय छुट्टै छ । थिङ्किङ स्किल अध्ययन गर्ने विद्यार्थीले भविष्यमा कानुनमा उच्च शिक्षा हासिल गर्न सक्छन् । पछिल्लो अवधिमा आएको यो विषयले आधुनिक एवं वैज्ञानिक पद्धतिमा न्याय सिद्धान्तको व्याख्या गर्छ ।

**आर्ट एन्ड डिजाइन**

आर्ट एन्ड डिजाइन क्षेत्रमा सीप लिएरै आएकाहरूका लागि ललितकला क्याम्पसमा अध्यापन हुने भए पनि प्लस टुमा यो विषयमा अध्यापन गराइँदैन । यो विषयमा पनि राष्ट्रिय-अन्तराष्ट्रिय 'स्कोप' छ ।

**डिजाइन एन्ड टेक्नोलोजी**

काष्ठकलामा हाम्रो सीप विश्वमै अद्वितीय मानिन्छ । यसलाई अन्तर्राष्ट्रिय रूप दिन तालिम होइन, शैक्षिक कोर्स राम्रो हुन्छ । यस्तै फलामको काम गर्ने, फेसन डिजाइन, ड्रेस एन्ड डिजाइन, इन्टेरियर डिजाइनजस्ता कोर्सलाई पनि प्लस टु तहदेखि नै समावेश गरिए व्यावसायिक जनशक्तिको उत्पादनमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सकिन्छ ।


AMBITION ACADEMY+2
THE ONLY HI-TECH +2 COLLEGE IN NEPAL
**Calling SLC graduates for +2 Admission**

HEADING TO BE NO. 1 IN +2 EDUCATION

**Faculties:**
**Science**
**Management**
**Humanities**

Ambition Academy with students from 14 Zones and over 61 Districts of Nepal exposes you to an environment where you can learn a number of skills so essential to excel in todays competitive world, apart from offering a strong foundation in academics.

Education at Ambition Academy is rigorous, practical and career focused to prepare you with the skills that good universities and institutes of medicine, engineering, management and other professional courses look for in prospective students.



Arleta Dabrowska

*She is a prominent counsellor at London College, London and is an Advisory member at Ambition Academy. This year she will be available at Ambition Academy from 30/03/2063 to 8/04/2063. During her stay at Ambition Academy she will be meeting with our old students to discus the possible help she can render to our students to go to London College, London. And she will be giving counselling to the New students. Everyone is invited.*

**Features :**
★ State-of-the art technology.
★ Innovative and exciting teaching techniques.
★ High speed Internet access for Internet based study methodology.
★ Faculty members who have produced hundreds of MBBS and BE entrance toppers in IOM/BPKIHS, IOE and other institutions.
★ MBBS and Engineer entrance preparation right from Class XII.
★ Almost all sporting opportunities.
★ Hostel and transportation available.
★ Degrees recognized world wide.
★ Courses will be completed two months before the final exams.
★ Opportunity for 20 Ambition +2 passed students to apply in our collaborated college in London.
★ Experts counselling available for confused students during course selection.

**Eligibility:**
At least second division from a board/ universities recognized by HSEB Nepal.

**Application Form: Open**

Local contacts:
Dhangadhi # 524312, Surkhet # 522474
Butwal # 9847025880, Pokhara # 526680
Narayangardh # 530291, Itahari # 581048
Birganj # 528131, Birtamod # 9852672952
Siraha # 520755, Bhaktapur # 6617788
New Millennium Academy, Janakpur

AMBITION ACADEMY+2
P.O.Box : 7940, Min Bhawan, Kathmandu, Nepal
Phone : +977-1- 4784989
E-mail : info@ambition.edu.np
www.ambition.edu.np

**Run by WebSurfer team, an Internet Service Provider in 20 countries globally.**



**Brookfield**
**College** Sinamangal, Kathmandu.

**SCHOLARSHIP SCHEME FOR GRADE XI**
[SCIENCE/COMMERCE]
Morning & Day Shift

| Scholarship Scheme | Admission | Tuition |
| --- | --- | --- |
| 85% above | 100% Free | 100% Free |
| [illegible] | 100% Free | 60% Free |
| [illegible] | 100% Free | 50% Free |
| [illegible] | 50% Free | 30% Free |
| [illegible] | 50% Free | [illegible] |
| [illegible] | 25% Free | 10% Free |
| [illegible] | [illegible] | [illegible] |
| District Topper with 75% & above | 100% Free | 30% Free |
| SLC Topper with 75% & above | 50% Free | [illegible] |
| School Topper with 75% & above | 100% Free | [illegible] |

Transportation: Throughout the Kathmandu Valley

# रोजाइ बन्दैछ मानविकी संकाय

पृष्ठ ६ बाट जारी

गर्न थालेका छन् । उच्च माध्यमिक शिक्षापरिषद्ले पनि समाजशास्त्रको आधारभूत जानकारी प्रदान गर्ने उद्देश्यले प्लस टुमा यो विषयलाई समेटेको छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गत थुप्रै कलेजमा यो विषयको अध्यापन हुन्छ । यसैगरी काठमाण्डौं विश्वविद्यालयको सम्बन्धनमा सेन्ट जेभियर्स क्याम्पसले सोसल वर्क विषयको अध्यापन प्रारम्भ गरेको छ । समाजशास्त्र तथा मानवशास्त्रअन्तर्गत नेपाली सामाजिक संरचना, सामाजिक समस्या, मानव इतिहास, मानव विकास, सामाजिक मनोविज्ञान, समाजसेवाको प्रकृति र विकास, सामाजिक सुरक्षा, सामुदायिक स्वास्थ्य तथा समाजसेवा, इन्टिग्रेटिङ एप्रोच टु सोसल वर्क एन्ड वेलफेयर एडमिनिस्ट्रेसन, सामाजिक कानुन, विकास नीति तथा अनुसन्धानजस्ता विषय अध्ययन गर्नुपर्छ । पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका कलेजले पनि समाजशास्त्र तथा मानव शास्त्रको पाठ्यक्रममा अध्यापन गराउँदै आएका छन् ।

### विकास योजना

पछिल्लो अवधिमा आएको यो विषय धेरै विद्यार्थीको आकर्षणमा पर्न सफल भएको छ । मानविकी संकायमा थपिएको उक्त नौलो विषय नेपालको परिप्रेक्ष्यमा अत्यन्त व्यावहारिक देखिएको छ । नेपाल आफैंमा विकासोन्मुख राष्ट्र भएकाले यो विषयको अध्ययनले विकास योजनाका क्षेत्रमा मुलुकलाई सक्दो योगदान दिने अवसर रहन्छ ।

'दीर्घकालीन विकास योजना' नाम दिइएको उक्त पाठ्यक्रमलाई काठमाडौं विश्वविद्यालयअन्तर्गत महाराजगन्जस्थित नेसनल कलेजले समावेश गरेको छ । तीनवर्षे यो विषय अध्ययनका लागि एक लाखसम्म खर्च गर्नुपर्ने हुन्छ । यो विषयमा स्नातक गरेका विद्यार्थीले भारतमा गएर क्याम्ब्रिज तथा अक्सफोर्ड विश्वविद्यालयमार्फत स्नातकोत्तर गर्न सक्छन् । यो विषय अध्ययन गर्नेहरूले वातावरण, निर्माण, विकास कार्यक्रम, खाद्यान्न, योजना आयोग, जनसंख्याजस्ता क्षेत्रमा अवसर पाउनेछन् ।

### विकास शास्त्र

विकास शास्त्रका धेरै कुरा विकास योजनाका पाठ्यक्रमसँग मिल्दाजुल्दा छन् । विकासोन्मुख देशका लागि यो विषयको अध्ययन प्रभावकारी हुने देखिन्छ । पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा यसै वर्षदेखि कलेज अफ डेभलपमेन्ट स्टडिजले यो विषयमा स्नातकोत्तर तहको कार्यक्रमको अध्यापन प्रारम्भ गरेको छ । यो विषय अध्ययन गर्ने विद्यार्थीले पाठ्यक्रमअन्तर्गत सामुदायिक विकासका लागि सहभागिता, अर्थशास्त्रका सिद्धान्त, व्यवस्थापनका सिद्धान्त, विकासका सिद्धान्त, गरिबी निवारण, योजना तर्जुमा, विश्लेषण, योजना कार्यान्वयन, विकेन्द्रीकरण तथा सुशासनका सिद्धान्त, द्वन्द्व व्यवस्थापन, कृषि तथा ग्रामीण विकास, प्राकृतिक स्रोत प्रणाली, सार्क क्षेत्रको विकास अनुभव, सामाजिक प्रभाव, तथ्याङ्क शास्त्र आदि विषय अध्ययन गर्नुपर्ने हुन्छ ।

### ग्रामीण विकास

ग्रामीण विकास नेपालको परिप्रेक्ष्यमा सुहाउँदो विषय हो । गाउँ नै गाउँले भरिएको मुलुक भएकाले नेपालको विकास अभियान ग्रामीण



क्षेत्रबाटै उठ्न सक्नुपर्ने विज्ञहरूले बताउँदै आएका छन् । नेपालको विकास अभियानमा ठूला-ठूला योजना, अत्याधुनिक वैज्ञानिक उपकरण, वैज्ञानिक र विदेशमा उच्चशिक्षा लिएका विज्ञहरू मात्र पर्याप्त हुँदैन । देशको भू-बनौट र सामाजिक अवस्था बुझेको मानिसले विकास निर्माणमा राम्रो भूमिका देखाउन सक्छ भन्ने आधारमा यो विषयको अध्ययन प्रभावकारी देखिएको हो । विश्वका अधिकांश मुलुक समुन्द्रले घेरिएका छन्, उनीहरूको भू-बनौट पनि सरल छ, तर हाम्रो जस्तो भू-परिवेष्टित मुलुकमा यहाँको विकासका लागि छुट्टै पाठ्यक्रम तयार गर्नुपर्ने हुन्छ । बंगलादेश, फिलिपिन्स, मलेसिया, इजरायल आदि मुलुकले यस प्रकारको पाठ्यक्रममा शिक्षा दिँदै आएका छन् । ग्रामीण विकासअन्तर्गत ग्रामीण वातावरण, ग्रामीण जनजाति, ग्रामीण विद्युतीकरण, गरिबी निवारण आदि विषय अध्ययन गर्नुपर्ने हुन्छ ।

त्रिभुवन विश्वविद्यालयले केन्द्रीय क्याम्पस कीर्तिपुरमा स्नातकोत्तर तहको अध्यापन गराउँदै आएको छ । यसबाहेक अन्य सरकारी तथा निजी क्षेत्रका क्याम्पसहरूमा स्नातक कक्षा पनि सञ्चालन भैरहेका छन् । मानविकीअन्तर्गत नयाँ विषय भएकाले यो विषय अध्ययन गर्ने विद्यार्थीको उपस्थिति उत्साहजनक देखिएको छ । यो विषयलाई पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका कलेजमा पनि अध्यापन गराइन्छ ।

### आमसञ्चार तथा पत्रकारिता

पत्रिकाको रूपमा गोरखापत्र प्रकाशन भएपछि यो क्षेत्रले संस्थागत विकास हुने मौका पाएको हो, तर त्यसपछि यसले सोचेजस्तो गति लिन सकेन । प्रजातन्त्रको पुनर्स्थापनापछि नेपालमा छापा र विद्युतीय सञ्चार माध्यमको सङ्ख्या उल्लेख्य रूपमा बढ्यो । नेपालमा रत्नराज्य लक्ष्मी क्याम्पसले सन् १९७८ देखि यो विषय अध्यापन गराउँदै आएको छ । पत्रकारिता अध्यापन गराउने यो एक मात्र सरकारी क्याम्पस हो । त्रिभुवन विश्वविद्यायको सम्बन्धन लिएर निजी क्षेत्रका पिपल्स तथा पशुपती बहुमुखी क्याम्पसले पनि यो विषय अध्यापन गराउँदै आएका छन् । यसबाहेक अन्य क्याम्पसहरूमा कार्यमूलक विषयका रूपमा यो विषयलाई समावेश गराउँदै आएका छन् ।

त्रिभुवन विश्वविद्यालयबाहेक पूर्वाञ्चल विश्वविद्यालय (पीयु) ले यो विषयलाई सम्बन्धन दिएर अध्यापन गराइरहेको छ । पीयुअन्तर्गत कलेज अफ जर्नालिज्म एन्ड मास कम्युनिकेसन (सिजेएमसी), कान्तिपुर सिटी कलेज, सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजीले यो विषय अध्यापन गराइरहेका छन् । जसमध्ये सीजेएमसीले स्नातकोत्तर कक्षा पनि सञ्चालन गरिरहेको छ । काठमाण्डौं विश्वविद्यालयले पनि मिडिया स्टडिज नाम दिएर यही विषयको अध्यापन प्रारम्भ गरेको छ । नेपालका १ सय ५० भन्दा बढी प्लस टु कलेज तथा ४ वटा मा.वि.मा समेत पत्रकारिता विषयमा अध्यापन गराइन्छ ।


### कम्प्युटर साइन्स

कम्प्युटर साइन्स विज्ञान संकायको विषय हो, तर यसलाई अहिले व्यवस्थापन तथा मानविकीअन्तर्गत पनि अध्यापन गराइन्छ । उच्च माध्यमिक शिक्षा परिषद्ले ऐच्छिक विषयका रूपमा यसलाई प्लस टुमा तीनवटै संकायमा राखेको छ । विकसित सूचना प्रविधि र अन्य विषयलाई समायोजन गर्ने सोचाइले यसलाई प्लस टु बाटै समावेश गरिएको हो । यो विषयमा प्लस टु अध्ययन गरेका विद्यार्थीले कम्प्युटर साइन्स र यससँग मिल्ने अन्य कोर्सको अध्ययन गर्न पाउनेछन् । आधुनिक शिक्षा प्रणालीमा कम्प्युटरको आवश्यकतालाई महसुस गरी पाठ्यक्रममा समावेश गरिएको हो । व्यवस्थापन र मानविकीमा अध्ययन गर्न आवश्यक विषय हटाएर तालिमबाट शिक्षा लिन सकिने कम्प्युटर साइन्सलाई राखिनु व्यावहारिक नभएको शिक्षाविद्हरू बताउँछन् । प्लस टु तहमा अध्यापन हुने कम्प्युटर साइन्समा आधारभूत जानकारी मात्र उपलब्ध गराइएको हुन्छ । कम्प्युटर साइन्समै उच्च शिक्षा हासिल गर्ने हो भने अवसरहरू पनि प्रशस्त पाइन्छ ।

यसबाहेक मानविकी संकायअन्तर्गत धेरै विषयको अध्यापन हुने गरेको छ । ४ विश्वविद्यालयमा गरी करिब ३० वटा विषय मानविकी संकायअन्तर्गत अध्यापन हुने गरेका छन् । गणित तथा अङ्ग्रेजीलाई मुख्य विषय बनाएर अध्ययन गरेका अधिकांश विद्यार्थी पनि रोजगारमा छन् । सैद्धान्तिक अध्यापन मात्र हुने मानविकीमा प्राविधिक विषय पनि जोडिएकाले रोजगार सृजना हुने प्रशस्त अवसर देख्न सकिन्छ ।


SM College

ADMISSION OPEN



in+2

SCIENCE, MANAGEMENT & HUMANITIES

100% Result in XII SCIENCE with 25% Distinction and 75% First Division

HSEB Exam-2062

Major Subjects

- Accountancy
- Economics
- OMSP
- Business Math
- Marketing
- Maj. English
- Mass Communication
- Sociology
- Travel & Tourism
- Environment Science

Other Programs

BA in Sociology, Major English & Mass Communication, BBS, MA in Sociology/Anthropology

*Admission forms are being distributed*

**Admission test:** 6th of Shrawan at 8:00 AM

**Day Shift:** Science, Management & Humanities

**Morning Shift:** Management & Humanities

* Scholarship Schemes


| SLC Percentage | Science | | Management | | Humanities | |
|---|---|---|---|---|---|---|
| | Admission Fee | Tuition Fee | Admission Fee | Tuition Fee | Admission Fee | Tuition Fee |
| 85% & above | 100% | 100% | 100% | 100% | 100% | 100% |
| 80% to 85% | 100% | 0% | 100% | 100% | 100% | 100% |
| 75% to 80% | 50% | 10% | 50% | 25% | 50% | 25% |
| 70% to 75% | 25% | 10% | 25% | 0% | 25% | 0% |

** Other Scholarships remain unchanged as mentioned in prospectus.*

*For Details:*

The College will Remain Open on Saturday.

We Proud of Our Students!









Sagarmatha Multiple College

Dillibazar, Kathmandu, Nepal

Tel: 4433334, 4433810, Fax: 4433190, E-mail: smcoll@wlink.com.np

# रोजगारमुखी व्यवस्थापन संकाय

एसएलसी उत्तीर्ण भएका अधिकांश विद्यार्थी उच्च शिक्षामा व्यवस्थापन संकायलाई रोज्छन् । 'प्रवेशिका उत्तीर्ण भएका अधिकांश विद्यार्थीले उच्चशिक्षाको अध्ययनका लागि व्यवस्थापन संकाय रोज्ने गरेका छन् ।' ग्लोबल कलेज अफ म्यानेजमेन्टका कार्यक्रम संयोजक सुरेन्द्र पनेरु भन्छन्- 'व्यवस्थापनको अध्ययनबाट रोजगारको अवसर सृजना हुने भएकाले पनि धेरैले यो विषय रोज्ने गरेका हुन् ।' यो संकायमा विद्यार्थी चाप बढी भएकाले अध्यापन गराउने कलेजको संख्या पनि उल्लेख्य छ ।

बैङ्क, वित्तीय संस्था, बिमा, औद्योगिक कम्पनी, घरेलु उद्योग, व्यापारिक प्रतिष्ठान तथा प्रशासनिक क्षेत्रमा व्यवस्थापन अध्ययन गरेका व्यक्तिको माग सधैं हुन्छ ।

व्यवस्थापन अध्ययन गर्न गणितको राम्रो बेस (आधार) हुनु आवश्यक छ । व्यवस्थापन संकायअन्तर्गतका विषयहरूलाई सूचना तथा सञ्चार प्रविधिसँग समायोजन गरिएकाले पनि व्यवस्थापन विषयतर्फ आकर्षण बढेको काठमाडौंभ्याली उ.मा.वि.की बबिता लाभ बताउँछिन् । व्यवस्थापनअन्तर्गतका नयाँ विषयले अहिलेको अत्याधुनिक जीवनशैलीअनुरूपको व्यावहारिक शिक्षामा जोड दिएका छन् ।

व्यवस्थापन संकायलाई समय उपयोगी शिक्षा बनाउन नेपाली विश्वविद्यालयहरूले पनि यसको पाठ्यक्रममा सुधार गर्दै लगेका छन् । त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, काठमाडौं विश्वविद्यालयमा व्यवस्थापनअन्तर्गतका विषयहरू अध्यापन हुने गरेका छन् । सबै विश्वविद्यालयले एड्मिनेस्ट्रेश्सन, बिजनेस स्टडिज, एकाउन्टेन्सी, चार्टड एकाउन्टेन्सी, होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्म, हेल्थ म्यानेजमेन्ट, पब्लिक एडमिनेस्ट्रसन, इन्फरमेसन म्यानेजमेन्ट, अर्थशास्त्र आदि नयाँ पाठ्यक्रम थप्दै लगेका छन् ।

त्रिभुवन विश्वविद्यालयले थुप्रै विषयका पाठ्यक्रम तयार पारेको छ । परम्परागत रूपमा सञ्चालित यो विश्वविद्यालयले पनि रोजगारमुखी केही नयाँ विषयमा थप सम्बन्धन दिएको छ । यसैगरी काठमाडौं विश्वविद्यालयले स्कुल अफ म्यानेजमेन्टअन्तर्गत बिजनेस एडमिनिस्ट्रेसनलाई प्राथमिकता दिएको छ । विश्वविद्यालयले व्यवस्थापनसँग सम्बन्धित विषयहरूमा छोटा अवधिका तालिम पनि सञ्चालन गर्छ । यसैगरी पूर्वाञ्चल विश्वविद्यालयले व्यवस्थापन संकायअन्तर्गत बिजनेस एडमिनिस्ट्रेसन, एक्जुकेटिभ बिजनेस एडमिनेस्ट्रेसन, कमर्स स्टडिज, ट्राभल एन्ड टुरिज्म, होटल म्यानेजमेन्ट, फेसन डिजाइन, हस्पिटालिटी एन्ड क्याटरिङ, पब्लिक एडमिनेस्ट्रेसन तथा इन्टेरियर डिजाइन छन् । पोखरा विश्वविद्यालयअन्तर्गत व्यवस्थापन संकायमा बिजनेस एडमिनेस्ट्रेसन, होटल म्यानेजमेन्ट, कम्प्युटर एप्लिकेसन, कम्प्युटर इन्फरमेसन सिस्टम्स, हेल्थ केयर म्यानेजमेन्ट, बैंकिङ एन्ड इन्स्युरेन्स विषयमा अध्यापन हुन्छ ।

प्रवेशिका पछि व्यवस्थापन अध्ययन गर्न चाहने विद्यार्थीले अनिवार्य रूपमा लेखा तथा अर्थशास्त्र अध्ययन गरेको हुनुपर्छ । प्रवीणता प्रमाणपत्र तहमा अध्ययन गर्नुपर्ने विषयमा बिजनेस अर्गनाइजेशन एन्ड अफिस म्यानेजमेन्ट (वुम), अफिस म्यानेजमेन्ट एन्ड सेक्रेटेरियल प्राक्टिसेज (ओएमएसपी), एकाउन्ट, मार्केटिङ, बिजनेस म्याथ, फाइनान्स हुन् । प्लस टुमा पनि यी विषयहरू समावेश गरिएका छन् । प्रवीणता प्रमाणपत्र तह तथा प्लस टुमा विज्ञान एवं व्यवस्थापनलाई लिएका विद्यार्थीले स्नातकमा व्यवस्थापन अध्ययन गर्न पाउनेछन् । स्नातकोत्तरमा पनि यही प्रणाली लागू हुन्छ ।

**ब्याचलर अफ एडमिनिस्ट्रेसन (बीबीए), मास्टर अफ बिजनेस एड्मिनिस्ट्रेसन (एमबीए)**

बिजनेस स्टडीलाई अझ परिमार्जित गरेर यो पाठ्यक्रम ल्याइएको हो । बीबीए तथा एमबीए नेपालका चारवटै विश्वविद्यालयमा अध्यापन हुने गरेको छ । अहिले यो विषयलाई व्यवस्थापन संकायअन्तर्गत अधिकांश कलेजले पाठ्यक्रममा समावेश गर्दै लगेका छन् । प्रयोगात्मक र सैद्धान्तिक दुवैलाई समायोजन गरिएको उक्त पाठ्यक्रमले आधुनिक व्यावसायिक ज्ञान दिने विज्ञहरू बताउँछन् ।

विभिन्न व्यावसायिक औद्योगिक प्रतिष्ठानमा गएर प्रयोगात्मक अध्ययन गर्नुपर्ने भएकाले यो विषय अध्ययन गरेका विद्यार्थीहरूले तिनै संस्थामा रोजगारी पाउन सक्छन् । यो विषय अध्ययन गर्ने विद्यार्थीले व्यावसायिक क्षेत्रमै रहेर 'प्रोजेक्ट वर्क' तयार गर्नुपर्छ । बीबीए तथा एमबीए अध्ययन गरेका विद्यार्थीले बैङ्क, वित्तीय संस्था, बीमा कम्पनी, होटल तथा पर्यटन व्यवसाय एवं व्यापारिक प्रतिष्ठानमा रोजगारी पाउने गरेका छन् ।

बीबीएअन्तर्गत फाइनान्सियल एकाउन्टिङ, प्रिन्सिपल अफ म्यानेजमेन्ट, कम्प्युटर एप्लिकेसन, कम्प्युटर प्रोगामिङ, माइक्रो इकोनोमिक्स, बिजनेस स्टाटिस्टिक, म्यानेजमेन्ट एकाउन्टिङ, अर्गनाईजेसन रिलेसन, म्यानेजमेन्ट इन्फरमेसन सिस्टम, अन्तर्राष्ट्रिय व्यापार, नेप्लिज बिजनेस इन्भाइरोमेन्टजस्ता विषय अध्यापन गराइन्छ । यसैगरि एमबीएअन्तर्गत डाटा एनालाइसिस एन्ड मोडलिङ फर म्यानेजर्स, म्यानेजेरियल कम्युनिकेसन, म्यानेजेरियल फाइनान्स, मार्केटिङ म्यानेजमेन्ट, रिसर्च मेथोडोलोजी, अर्गनाईजेसन बिएभियर, ह्युमन रिसोर्स म्यानेजमेन्ट, बिजनेस इन्भाइरोमेन्ट इन नेपाल अध्ययन गर्नुपर्ने हुन्छ ।

यसैगरी पूर्वाञ्चल विश्वविद्यालयले पब्लिक एडमिनेस्ट्रेसनको पाठ्यक्रममा पनि अध्यापनको सम्बन्धन दिएको छ । यो विषयबाट पनि प्रशस्त अवसर भएको विश्वविद्यालयले बताएको छ । पब्लिक एड्मिनेस्ट्रेसनको पाठ्यक्रम त्रिभुवन विश्वविद्यालयसँग पनि छ ।



**ब्याचलर अफ कम्प्युटर इन्फरमेसन सिस्टम (बीबीआईएस)**

ब्याचलर अफ कम्प्युटर इन्फरमेसन सिस्टम (बीबीआईएस) को पाठ्यक्रम चार वर्षको हुन्छ । सेमेस्टर प्रणालीअनुरूप आठ सेमेस्टर अध्ययन गर्नुपर्ने उक्त विषय व्यवस्थापन संकायअन्तर्गत पछिल्लो पटक समावेश भएको नयाँ विषय हो । बीसीआइएसका पाठ्यक्रममा सूचना प्रविधि र व्यवस्थापन दुवै विषय समावेश गरिएका छन् । उक्त विषयलाई हाल निजी क्षेत्रबाट सञ्चालन भएका विश्वविद्यालयको सम्बन्धन लिएका क्याम्पसले अध्यापन गराइरहेका छन् ।

यो विषय अध्ययन गरेका विद्यार्थीको माग विश्वव्यापी छ । सिस्टम एनालाईसिस्ट, इन्फरमेसन एनालाईसिस्ट, डाटाबेस म्यानेजर, नेटवर्क एडमिनिस्ट्रेटर्सजस्ता पदमा यस प्रकारको जनशक्तिको माग हुने गरेको छ । २ देखि ३ लाख रुपैयाँसम्म लाग्ने बीसीआईएस कोर्स स्नातक तहमा मात्र अध्ययन गर्न पाइन्छ ।

बीबीआइएस विषयअन्तर्गत प्रोगामिङ ल्याङ्वेज, कम्प्युटर सिस्टम एन्ड एप्लिकेसन्स, डिजिटल सिस्टम फाइनेन्सियल प्रोगामिङ, सिस्टम एनालाईसिस एन्ड डिजाइन, गणित तथ्याङ्क, डाटाबेस म्यानेजमेन्ट, नेटवर्क एन्ड डाटा कम्युनिकेसन्, भिजुवल प्रोगामिङ, अपरेटिङ सिस्टम, कम्प्युटर ग्राफिक्स, वेब टेक्नोलोजी, इकोनोमिक्स अफ कम्प्युटर, कम्प्युटर आर्किटेक्चर एन्ड माईक्रो प्रोसेसरजस्ता विषयहरू अध्ययन गर्नुपर्छ ।

**एकाउन्टेन्सी, इकोनोमिक्स तथा मार्केटिङ**

व्यवस्थापन संकायमा यी तीनवटा विषय मूल विषयभित्र पर्छन् । व्यवस्थापन संकायको आधारभूत ज्ञान हासिल गर्ने सबैले प्लस टु तथा प्रवीणता प्रमाणपत्र तहमा यी विषय अध्ययन गर्नुपर्ने हुन्छ । व्यवस्थापन संकाय भन्नेबित्तिकै एकाउन्टेन्सी मूल विषय भन्ने नै बुझिन्छ । व्यवस्थापनका जुनसकै विषयमा अध्ययन गरे पनि त्यसमा एकाउन्टेन्सीको अध्ययन गर्नैपर्छ । यो विषयमा विद्यार्थीले उच्च शिक्षामा चार्टड एकाउन्टेन्टको अध्ययन गर्न सक्छन् । कार्यालय व्यवस्थापनदेखि चुस्त आर्थिक व्यवस्था कायम गर्न एकाउन्टेन्सी विषयको प्रमुख भूमिका हुन्छ । यस्तै व्यवस्थापनभित्र अर्थशास्त्र (ईकोनोमिक्स) अर्को मूल विषय हो । अर्थशास्त्र यस्तो विषय हो जुन विषयलाई अन्य विषय अध्ययन गरेका मानिसले पनि अध्ययन गरे फाइदा नै हुन्छ । अर्थशास्त्रलाई मानविकी संकायमा राखिनुले पनि यसलाई पुष्टि गर्छ । यसैगरी व्यवस्थापनमा मार्केटिङ अर्को प्रमुख विषय हो । खुला समाजमा बढ्दो बजारीकरणको अवस्थामा मार्केटिङको भूमिका प्रमुख हुन्छ । मार्केटिङमा उच्च शिक्षा लिएकाहरू तुरुन्तै रोजगारीको हक दाबी गर्न सक्छन् ।

बाँकी पृष्ठ ९ मा








Smriti Baniya
88.6% (HSEB) 2062



Jarina Tuladhar
83.6% (HSEB) 2062



Amit Bajracharya
82% (HSEB) 2059




Bipin Rijal
84.6% (HSEB) 2062



Srijana Bajracharya
84% (HSEB) 2062



Ritu Agrawal
82.8% (HSEB) 2060



Deepak Shrestha
84% (HSEB) 2059



Ujwal Karki
85% (HSEB) 2061

Science
Commerce
Humanities

Nation-wide Scholarship
Entrance Test on 31st Ashad, 2063

Kathmandu BernHardt College
GPO: 5534, Tahachal Garden, Kalimati, Kathmandu
Tel: 4-270405, 4-270679, Fax : 977-1-4286806
E-mail: bernhardt@wlink.com.np
www.bernhardt.edu.np

ADMISSION OPEN
- Science
- Management
For XI
- Education
- Humanities
+2 (HSEB) & B.B.S. (TU)
Day and Morning Shift
Forms are being distributed
SPECIAL FEATURES
- Affordable fee structures
- Well equipped science and computer labs
- Various scholarship schemes
- Spacious and comfortable classrooms
- Transportation facilities
- Hygienic cafteria
For details :
SHUBHASHREE COLLEGE
Gairigaun, Teenkune, Kathmandu,
☎: 4460397, 016221191, e-mail: shubhashree_col@yahoo.com
We are commited for the excellent results

# रोजगारमुखी व्यवस्थापन संकाय

पृष्ठ ८ बाट जारी


**चार्टड एकाउन्ट**

केही समयअघिसम्म यो विषय अध्ययन गर्नेहरूको सङ्ख्या एकदमै न्यून भए पनि रोजगारीको सम्भावनालाई देखेर धेरै विद्यार्थी यसतर्फ आकर्षित भएको पाइन्छ। डाक्टर, इन्जिनियरका प्रवेश परीक्षा उत्तीर्ण नगरेका र व्यवस्थापनमा राम्रो अङ्क हासिल गर्नेहरूले यो विषयलाई आफ्नो क्यारिअर बनाएका छन्। कुनै पनि व्यापारिक प्रतिष्ठानमा लेखा राम्ररी सञ्चालन गर्न चार्टड एकाउन्टेन्टको आवश्यकता हुन्छ।

हरेक राष्ट्रमा चार्टड एकाउन्टेन्टको योग्यता निर्धारण गर्न छुट्टै निकायको व्यवस्था गरिएको हुन्छ। दि इन्स्टिच्युट अफ चार्टड एकाउन्टेस अफ नेपालले चार्टड एकाउन्टेन्टहरूलाई मान्यता दिने गरेको छ। उक्त संस्थाका अनुसार नेपालमा करिब ५ सय चार्टड एकाउन्टेन्ट छन्। भारतको दि इन्स्टिच्युट अफ चार्टड एकाउन्टेन्ट अफ इन्डियासँग मिलेर यो संस्थाले उक्त विषयको अध्यापन पनि सुरु गरेको छ। बीबीएसमा ५० प्रतिशत अङ्क ल्याएर उत्तीर्ण गरेकाले चार्टड एकाउन्टेन्सी कोर्स गर्न पाउँछन्। यसबाहेक प्लस टु वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेकाले एकवर्षे फाउन्डेशन कोर्स गरेर यसको अध्ययन गर्न सक्छन्। ३ वर्षे कोर्सको अध्ययन गरेर अन्य थप ३ वर्ष लेखा व्यवसायमा व्यावहारिक शिक्षा लिएपछि मात्र चार्टड एकाउन्टेन्ट बन्न सकिन्छ।

**हेल्थकेयर म्यानेजमेन्ट,**

अस्पताल राम्रोसँग सञ्चालन गर्न राम्रा चिकित्सकहरू मात्र भएर पुग्दैन, अस्पताललाई सही रूपमा व्यवस्थित गर्न दक्ष व्यवस्थापकको उत्तिकै भूमिका हुन्छ। स्वास्थ्यको क्षेत्रमा यस्ता कार्यक्रमलाई संयोजन गर्न पनि 'हेल्थ केयर म्यानेजमेन्ट' विषय अध्ययन गरेको हुनु आवश्यक हुन्छ। पोखरा विश्वविद्यालयको सम्बन्धनमा नेसनल ओपन कलेजले



सन् २००० देखि यो विषयलाई आफ्नो पाठ्यक्रममा राखेर अध्यापन गराउँदै आएको छ। यस्तै विषय पब्लिक हेल्थमा पोखराकै सम्बन्धनमा नोबेल कलेजले पनि उपलब्ध गराउँदै आएको छ।

यो विषय अध्ययन गर्ने विद्यार्थीले हस्पिटल एड्मिनिस्ट्रेसन, हस्पिटल एन्ड हेल्थ केयर प्लानिङ, हेल्थ केयर एन्ड इपिडिमियोलोजी, हेल्थ सिस्टम पोलिसी, हेल्थ प्रोग्राम म्यानेजमेन्ट, हेल्थ इन्फरमेसन सिस्टम, इन्भेन्टरी म्यानेजमेन्ट, इन्भाइरोमेन्टल हेल्थ म्यानेजमेन्ट, स्पेशल टपिक्स अफ हेल्थ म्यानेजमेन्ट, हेल्थ केयर इकोनोमिक्स, हेल्थ केयर मार्केटिङ, हेल्थ स्ट्राटेजिक म्यानेजमेन्टजस्ता विषय पढ्नुपर्छ।

**फेसन डिजाइन, हस्पिटालिटी एन्ड क्याटरिङ तथा इन्टेरियर डिजाइन**

व्यावसायिक रूपमा रोजगारीका प्रशस्त अवसर हुने बताउँदै पूर्वाञ्चल विश्वविद्यालयले यी विषयको पाठ्यक्रम तयार पारेर सम्बन्धन दिएको छ। फेसन डिजाइनअन्तर्गत बढ्दो आधुनिकीकरणका बारेमा शिक्षा दिइन्छ। हस्पिटालिटी एन्ड क्याटरिङ कोर्स पनि व्यावसायिक कोर्स हो। यससँग हेल्थ केयर म्यानेजमेन्टका पाठ्यक्रम केही मात्रामा मिल्छन्। यस्तै आधुनिकतासँगै आएको रोजगारमुखी अर्को विषय हो– आन्तरिक सजावट (इन्टेरियर डिजाइन)। घर तथा कार्यालयको आन्तरिक सजावट व्यवस्थापनमा वैज्ञानिक पद्धतिको प्रयोग यो विषयमा अध्ययन गर्न सकिन्छ।

**ट्राभल एन्ड टुरिज्म**

ट्राभल एन्ड टुरिज्मसम्बन्धी अध्ययन गर्ने कलेजहरू सङ्ख्यात्मक हिसाबले त्यति धेरै नभए पनि यो विषय अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या उल्लेख्यरूपमा बढ्दै गएको पाईन्छ। ट्राभल एन्ड टुरिज्म विषय प्रारम्भमा स्नातक तहमा मात्र पढाइ हुने गरे पनि हाल प्लस टु र स्नातकोत्तर तहमा पनि यो विषय अध्यापन हुने गरेको छ। हाल थुप्रै सङ्ख्यामा प्लस टु कलेजहरूले यो विषयलाई आफ्नो पाठ्यक्रममा समावेश गर्दै लगेका छन्। यो विषय अध्ययन गरेको विद्यार्थीले आफैं स्वरोजगार सिर्जित गर्न सक्छन्। यति मात्र नभै शिक्षण र वैदेशिक रोजगारीको सम्भावना पनि उत्तिकै रहन्छ। यो विषय अध्ययन गर्ने विद्यार्थीले पर्यटन व्यवसायका अतिरिक्त बैङ्क, एयरलाइन्स, होटल, मार्केटिङ व्यवसायजस्ता विभिन्न पेसामा संलग्न हुन सक्छन्।


**होटल म्यानेजमेन्ट**

पर्यटनकै क्षेत्रमा लाग्न चाहने विद्यार्थीहरूका लागि होटल म्यानेजमेन्टको अध्ययन पनि आकर्षक बन्दै गएको छ। नेपालमा मात्र नभएर वैदेशिक रोजगारमा जान पनि यो विषयको अध्ययन प्रभावकारी हुने भएकाले आकर्षण बढेको हो। प्लस टुको पाठ्यक्रममा पनि यो विषयलाई समावेश गरिएको छ। स्वदेशी तथा विदेशी विश्वविद्यालयको सम्बन्धन लिएर विभिन्न कलेजहरूले यो विषय अध्यापन गराउँदै आएका छन्। होटल म्यानेजमेन्टअन्तर्गत हाउस किपिङ, फ्रन्ट अफिस, खाना तथा पेय पदार्थ, फुड प्रोडक्सन, डिप्लोमा इन हस्पिटालिटी अध्यापन गराइन्छ। स्नातकमा आधा दर्जन कलेजमा अध्यापन हुने उक्त विषय अध्ययन गर्न २ देखि ४ लाख खर्च हुन्छ।

व्यवस्थापन संकायलाई बलियो बनाउन यसमा अझै व्यावहारिक विषयहरू समावेश गर्नुपर्ने देखिन्छ। पाठ्यक्रम तयार भएर पनि अध्यापन हुन नसकेको 'होम इकोनोमिक्स' यसको राम्रो उदाहरण हो। वित्तीय व्यवस्थापनका लागि उपयुक्त मानिएको यो विषयका जनशक्तिले राष्ट्रिय अर्थतन्त्रलाई सदुपयोग गर्दै प्रयोगमा ल्याउने विषयमा निर्णायक भूमिका खेल्न सक्छन्। यस्तै औद्योगिक क्षेत्रको विकासको सम्भावनालाई मध्यनजर गरेर यससम्बन्धी पाठ्यक्रम तयार पारिए यो विषयमा उच्च शिक्षा हासिल गर्ने व्यक्तिले पनि राम्रो अवसर पाउने देखिन्छ।

मार्केटिङ, म्यानेजमेन्ट अफ बिजनेस स्टडिज तथा एकाउन्टेन्सीको संयोग व्यवस्थापन संकायमा अनुपम सावित भएको छ। यसमा थप सुगन्ध सूचना तथा सञ्चार प्रविधिले प्रदान गरेको छ। यसकारण अभिभावक तथा शैक्षिक संस्थाहरूले व्यवस्थापन संकायअन्तर्गतका विषयमा क्यारियर बनाउन चाहने आफ्ना सन्ततिलाई उनीहरूको रुचिमा प्रोत्साहन गर्दै परामर्श दिनु राम्रो हुन्छ।



# उच्च लक्ष्य विज्ञान तथा प्रविधिको अध्ययन

हाम्रो समाजमा अन्य संकायभन्दा विज्ञान संकायलाई हेरिने दृष्टिकोण उच्च छ। सामान्यतया अन्य संकायभन्दा यो संकायलाई गाह्रो विषयका रूपमा पनि परिभाषित गरिन्छ। यसकारण एसएलसीमा विशिष्ट श्रेणी र प्रथम श्रेणीमा उत्तीर्ण विद्यार्थीहरू उच्च शिक्षाका क्रममा विज्ञान संकाय रोज्छन्। पिनाकल एकेडेमीका प्रिन्सिपल ऋषि तिवारी भन्छन्- 'प्रविधिको विकाससँगै विज्ञानमा पनि थुप्रै व्यावसायिक विषयको प्रवेश भएको छ। त्यस्ता व्यावसायिक विषयका दक्षले रोजगारीमा पनि चाँडै अवसर पाउने सम्भावना हुन्छ।' मेडिकल वा इन्जिनियरिङभन्दा विकल्पमा दुई-तीनवटा संकाय वा विषय समायोजन भएर आएका नयाँ प्राविधिक शिक्षाका पाठ्यक्रमप्रति पनि विद्यार्थीको आकर्षण बढ्दो छ। बायोटेक्नोलोजी, बायोकेमेस्ट्री, माइक्रोबायोलोजी, इन्भाइरोमेन्ट साइन्स पब्लिक हेल्थ म्यानेजमेन्ट, बायोइन्जिनियरिङ, कम्प्युटर साइन्सजस्ता विषय यसका उदाहरण हुन्।

विज्ञानको कुनै पनि क्षेत्रमा उच्च शिक्षा अध्ययन गर्ने पहिलो खुडकिलो आईएस्सी अथवा विज्ञान विषय लिई प्लस टु उत्तीर्ण गर्नु हो। दुईवर्षे आईएस्सी र प्लस टुका पाठ्यक्रममा भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान, गणित, ऐच्छिक विषयमा कम्प्युटर साइन्स आदि समावेश गरिएका छन्। मेडिकल लाइन वा बायोलोजीमा उच्च शिक्षा हासिल गर्ने हो भने भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञानको अध्ययन गर्नुपर्छ। जीव विज्ञान लिएर अध्ययन गरेकाहरूले इन्जिनियरिङतर्फ जाने हो भने अतिरिक्त गणित विषय अध्ययन गर्नुपर्छ, तर सीधै इन्जिनियरिङ वा अन्य विषयमा जाने हो भने भौतिकशास्त्र, रसायनशास्त्र र गणितमा प्रवीणता प्रमाणपत्र तह वा प्लस टु अध्ययन गरेको हुनुपर्छ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत मेडिकलमा एमबीबीएस, पब्लिक हेल्थ, फार्मेसी, नर्सिङ आदि पाठ्यक्रममा अध्यापन गराइन्छ। यसैगरी इन्जिनियरिङमा सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, मेकानिकल, आर्किटेक्चर तथा कम्प्युटरमा अध्यापन गराइन्छ। इन्जिनियरिङमा नगर-योजना, संरचना (स्ट्रक्चरल), वातावरण इन्जिनियरिङ, वाटर रिसोर्सेज इन्जिनियरिङ, रिन्युएबल इनर्जी इन्जिनियरिङ, इनफरमेसन एन्ड कम्युनिकेसन इन्जिनियरिङ, पावर सिस्टम इन्जिनियरिङ, जिओ-टेक्निकल इन्जिनियरिङका पाठ्यक्रममा अध्यापन हुन्छ। त्रिभुवन विश्वविद्यालयले इन्भाइरोमेन्ट साइन्स, माइक्रोबायोलोजीजस्ता नयाँ विषयमा सम्बन्धन दिएको छ।



काठमाडौं विश्वविद्यालयले स्कुल अफ साइन्सअन्तर्गत भौतिक विज्ञान, रसायन विज्ञान, जीवविज्ञान, गणितजस्ता विषयमा विद्यावारिधिसम्मका पाठ्यक्रममा अध्यापन गराइन्छ। त्यसैगरी वातावरण विज्ञान, कम्प्युटर साइन्स, बायोटेक्नोलोजी र ह्युमन बायोलोजीका पाठ्यक्रम पनि छन्। विश्वविद्यालयले स्कुल अफ मेडिकल साइन्सअन्तर्गत नर्सिङ, अप्थाल्मोलोजी, फिजियोथेरापी, फार्मेसी र ल्याब टेक्निसियनजस्ता ३ वर्षे कोर्स राखेको छ। स्कुल अफ इन्जिनियरिङअन्तर्गत इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स र मेकानिकल इन्जिनियरिङ विषयका ४ वर्षे स्नातक तहका कक्षाहरू सञ्चालन गरिन्छ। त्यसैगरी इन्फोर्मेसन टेक्नोलोजी, कम्युनिकेसन तथा मेकानिकल इन्जिनियरिङमा स्नातकोत्तर कक्षाहरू सञ्चालन गरिन्छ।

पोखरा विश्वविद्यालयमा विज्ञान प्रविधि संकायअन्तर्गत इन्जिनियरिङमा सिभिल, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, कम्प्युटर, सफ्टवेयर इन्जिनियरिङ, इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स, इन्फरमेसन टेक्नोलोजी, आर्किटेक्चर अध्यापन हुन्छ। त्यसैगरी बायोकेमेस्ट्री, इन्भाइरोमेन्ट म्यानेजमेन्ट, फर्मास्युटिकल्स साइन्स, मेडिकल ल्याबोरेटरी टेक्नोलोजीका पाठ्यक्रममा सम्बन्धन दिइएको छ। पोखराले यसै वर्षदेखि मेडिकल बायोकेमेस्ट्री, पब्लिक हेल्थ तथा नर्सिङका पाठ्यक्रममा पनि अध्यापन गराउने भएको छ।

पूर्वाञ्चल विश्वविद्यालयले विज्ञान तथा प्रविधि संकायअन्तर्गत इन्जिनियरिङमा कम्प्युटर, सिभिल, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, बायोमेडिकल, ज्यामितीय तथा भू-स्रोत व्यवस्थापन, आर्किटेक्चर आदि विषय प्रमुख छन्। व्याचलर अफ कम्प्युटर एप्लिकेसन (बीसीए), इन्फर्मेसन टेक्नोलोजी (बीआईटी), एग्रीकल्चर, बायोकेमेस्ट्री, बायोटेक्नोलोजी, बिटेक (फुड), बिटेक (डेरी), भेटेरिनरी साइन्स एन्ड एनिमल हजबेन्ड्री आदि विषयमा पनि अध्यापन गराइन्छ। विज्ञान संकायअन्तर्गत स्नातकोत्तरमा लाइफ साइन्स, कम्प्युटर एप्लिकेसन, मिट टेक्नोलोजी, डेरी टेक्नोलोजी, इन्फर्मेसन सिस्टम इन्जिनियरिङ, इन्जिनियरिङ म्यानेजमेन्ट, अर्बान डिजाइन इन कन्जरभेसन, एग्रीकल्चर बिजनेस म्यानेजमेन्ट, इन्भाइरोमेन्ट एन्ड रिसोर्स म्यानेजमेन्ट र एमई अर्थक्वेकमा शैक्षिक पाठ्यक्रममा सम्बन्धन दिइएको छ। मेडिकलअन्तर्गत नर्सिङ, पब्लिक हेल्थ, फार्मेसीमा अध्यापन हुँदै आएको छ।

**माइक्रोबायोलोजी**

माइक्रोबायोलोजी बीएस्सी अन्तर्गतको तीनवर्षे पाठ्यक्रम हो। यो विषय त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसले मात्र अध्यापन गराउँदै आएका छन्। त्रिचन्द्र क्याम्पसले यो विषयको अध्ययन-अध्यापन प्रारम्भ गरेको थियो। यो विषय राजधानीबाहेक हात्तीसार क्याम्पस धरान र वीरगन्ज क्याम्पसमा पनि अध्यापन गराइन्छ। त्यस्तै राजधानीकै केही निजी क्याम्पसले पनि बीएस्सी तहमा माइक्रोबायोलोजीको अध्यापन प्रारम्भ गरिसकेका छन्।

माइक्रोबायोलोजी एकदमै सूक्ष्म विषय हो। यो विषयअन्तर्गत ब्याक्टेरिया, फन्गाई, भाइरसजस्ता अति सूक्ष्म जीवाणुको अध्ययन गर्नुपर्छ वातावरण प्रदूषण एवं खाद्यपदार्थको गुणस्तर नाप माइक्रोबायोलोजी विषयका प्रमुख कार्यक्षेत्र हुन्। यो विषयको उपयोगिता हरेक क्षेत्रमा उत्तिकै रहने गरेको छ। मुख्य रूपमा

बाँकी पृष्ठ ११ मा







# उच्च लक्ष्य विज्ञान तथा प्रविधिको अध्ययन

पृष्ठ १० बाट जारी

कृषि, खाद्य, पेयपदार्थ बायोकेमेस्ट्री, बायोटेक्नोलोजी, इन्भाइरोन्मेन्ट साइन्ससँग यसको निकै गहिरो सम्बन्ध छ ।

यो विषयले दैनिक जीवनमा महत्त्वपूर्ण स्थान राख्ने गरेको छ । यसको मुख्य काम गुणस्तर नाप हो भने यो विभिन्न खादपदार्थ उद्योग, पेय पदार्थ उद्योग, दूध उत्पादन कम्पनी, वातावरण प्रदूषण नापजस्ता कार्यमा उपयोगी हुन्छ । विश्व निकेतन साइन्स क्याम्पसका प्रिन्सिपल कृष्णचन्द्र श्रेष्ठ भन्छन्- यो विषयको कार्यक्षेत्र वृहद भएकाले आवश्यक जनशक्ति अझै उत्पादन हुन सकिरहेको छैन । विश्वनिकेतन साइन्स क्याम्पसको भगिनी संस्था नेसनल कलेज अफ साइन्सेसले बीएस्सीअन्तर्गत माइक्रोबायोलोजीको अध्यापन गराउँदै आएको छ ।



**बायोकेमेस्ट्री**

बायोकेमेस्ट्री मुलुकका निजी क्याम्पसले मात्र अध्यापन गराइरहेका छन् । बीएस्सीअन्तर्गत यो विषय विज्ञान क्षेत्रमा भित्रिएको आधुनिक एवं नयाँ विषय हो । आईएस्सी अथवा प्लस टुमा रसायनशास्त्र, जीवविज्ञान तथा गणित अनिवार्य रूपमा अध्ययन गरेका विद्यार्थीले चारवर्षे बीएस्सीअन्तर्गत बायोकेमेस्ट्री अध्ययन गर्न पाउँछन् ।

औषधी निर्माण तथा गुणस्तरीयता निरिक्षण गर्ने अध्ययन फार्मेसी भए पनि बायोकेमेस्ट्री अध्ययन गर्ने विद्यार्थीले केमेस्ट्रीको गहिरो अध्ययन गरेका हुने हुनाले फार्मेसी पढेका भन्दा पनि दक्ष मानिन्छन् । नेपालमा यो विषयको प्रारम्भ पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त युनिभर्सल साइन्स कलेजले केही वर्षअघिमा गरेको थियो । प्रारम्भमा यसलाइ तीन वर्ष अध्यापन गराइयो भने अहिले त्यही बीएस्सी कोर्सलाई चार वर्षमा परिवर्तन गरिएको छ । यो विषय अनुसन्धनात्मक एवं प्रयोगात्मक भएकाले विद्यार्थीले पछिल्लो एक वर्ष बायोकेमेस्ट्रीकै विभिन्न शीर्षकमा शोधपत्र तयार गर्नुपर्छ । यो विषयअन्तर्गत फन्डामेन्टल अफ बायोकेमेस्ट्री, ह्युमन बायोलोजी, बायोइन्फमेटिक्स, जेनेटिक इन्जिनियरिङ, बायोटेक्निक्स एन्ड बायोकेमेस्ट्रीजस्ता विषय अध्ययन गर्नुपर्छ ।

विश्वव्यापी रूपमा अनिवार्य बनिसकेको बायोकेमेस्ट्रीको अवधारण नेपालमा भर्खरै विकसित हुँदैछ । थप दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले पूर्वाञ्चलन विश्वविद्यालयबाट सम्बन्धन लिई नेसनल इन्स्टच्युट अफ साइन्स एन्ड टेक्नोलोजी (निष्ट) ले पनि बायोकेमेस्ट्रीलाई महत्त्वका साथ अध्यापन गराइरहेको छ । बायोकेमेस्ट्रीमा बीएस्सी गरिसकेपछि थप उच्च शिक्षाका लागि बाहिरी मुलुकमा जान पनि सजिलो हुने सम्बन्धित प्राध्यापकहरू बताउँछन् ।

**बायोटेक्नोलोजी**

बायोटेक्नोलोजीभित्र खाद्य कृषि स्वास्थ्य, पशुपालन, मेडिसिन आदि उद्योगहरूको सूक्ष्म अध्ययन गर्नुपर्छ । बायोटेक्नोलोजीले धेरै संख्यामा वस्तु उत्पादन गर्ने क्षमता राख्छ । नेपालमा दुई वर्ष अघिदेखि मात्र यो विषयको पठन-पाठन प्रारम्भ गरिएको छ । हाल यो विषय काठमाडौं विश्वविद्यालय तथा सिक्किम मणिपाल विश्वविद्यालयबाट सम्बन्धन लिई अध्यापन गराइन्छ । अर्को वर्ष यो विषयमा सम्बन्धन दिने तयारीमा रहेको त्रिभुवन विश्वविद्यालयले पाठ्यक्रम तयार पारिसकेको छ । सिक्किम मणिपालले लर्ड बुद्ध एजुकेसन फाउन्डेसनलाई यो विषयको सम्बन्धन दिएको छ ।

बायोटेक्नोलोजीले स्वास्थ्य एवं खाद्यान्नमा मात्रै गुणात्मक विकास गर्ने कुरामा ध्यान दिँदैन, यसले आइटीजस्तै आधुनिक सञ्चारको पनि उत्तिकै ख्याल राख्छ । यस्तो किसिमको विषयलाई बायोटेक्नोलोजीभित्र बायोइन्फरमेटिक्स भनिन्छ । यो विषयले विज्ञान, कृषि तथा आइटी मात्र नभै अन्य क्षेत्रलाई समेत समेटेको छ ।

स्नातक तहमा बायोटेक्नोलोजी विषयको अध्ययन गर्न आइएस्सी अथवा प्लस टुमा बायोलोजी अध्ययन गरेकै हुनुपर्छ । मणिपालले बायोटेक्नोलोजीको आफ्नो पाठ्यक्रमलाई तीनवर्षे छुट्याएको छ भने काठमाडौं विश्वविद्यालयले चारवर्षे पाठ्क्रम इन्जिनियरिङ पृष्ठभूमिमा आधारित छ भने सिक्किम मणिपालको कोर्स बीएस्सीमा आधारित हो । बायोटेक्नोलोजी विषयभित्र जेनेटिक इन्जिनियरिङ, बायोकेमेस्ट्री, वातावरण, औद्योगिक बायोटेक्नोलोजीजस्ता विविध विषय अध्ययन गर्नुपर्छ ।

केही वर्ष अघिसम्म नेपाली विद्यार्थी यो विषयको अध्ययन गर्न अमेरिका, अस्ट्रेलिया र छिमेकी मुलुक भारतसम्म पुग्थे, तर त्यहाँ पाइने सुविधा एवं अध्यापन शैली यहाँका विद्यालयमा पाइने भएपछि विद्यार्थीहरू उत्साहित छन् । अबका दिनमा अत्यधिक माग रहने बायोटेक्नोलोजीको क्षेत्रमा लाग्ने व्यक्तिहरूको भविष्य सुनिश्चित देखिन्छ ।

**इन्भाइरोन्मेन्ट साइन्स**

इन्भाइरोन्मेन्ट साइन्सलाई पनि बीएस्सी तहमा अध्यापन गराउने कार्य त्रिचन्द्र क्याम्पसले नै प्रारम्भ गरेको थियो । तीनवर्षे बीएस्सीअन्तर्गत एउटा छुट्टै विषयका रूपमा इन्भाइरोन्मेन्ट साइन्सलाई अध्यपापन गराइँदै आएको छ । वातावरण विज्ञानमा मुख्य रूपमा हावापानी, माटो प्रदूषणका सम्बन्धमा गहिरो अध्ययन गर्नुपर्छ । वातावरण विज्ञानले प्राकृतिक संसाधन, मौसम तथा भौगोलिक स्थितिका समबन्धमा महत्त्वपूर्ण जानकारीसमेत दिन्छ ।

बीएस्सीअन्तर्गत तीनवर्षे वातावरण विज्ञानभित्र इकोलोजी, मेट्रोलोजी, बायोइकोलोजी, माक्रो बीएल-इकोलोजी, लिमेनोलोजी, जिलोलोजी, हाइड्रोलोजी, इन्भाइरोन्मेन्ट टक्सिकोलोजी, जलस्रोत, भूमिस्रोत, वायुस्रोतजस्ता विषय अध्यापन गराइन्छ । वातावरण विज्ञानभित्र बायोलोजी अथवा इन्भाइरोन्मेटल' बायोलोजी महत्त्वपूर्ण विषय मानिन्छ ।

यो विषय अध्ययन गरेको विद्यार्थीको मुख्य कार्यक्षेत्र भनेको वातावरण संरक्षण, वन्यजन्तु संरक्षण, मौसमविद्, वातावरण इन्जिनियर आदि हुन् । वातावरण विज्ञानको कृषिक्षेत्रसँग पनि गहिरो सम्बन्ध हुन्छ । बोटबिरुवाका लागि चाहिने हावापानी र माटोको सम्मिश्रण पनि वातावरणविद्ले नै तय गर्नुपर्ने हुनाले कृषि क्षेत्रसँग यसको सम्बन्ध भएको हो । जसरी विश्वमा वातावरणप्रति खतरा बढ्दै छ, त्यति नै यो विषय र यसको अध्ययन गरेका विद्यार्थीको महत्त्व पनि बढ्दै गएको छ । त्रिचन्द्र क्याम्पसबाहेक अमृत साइन्स क्याम्पस, महेन्द्रनगर क्याम्पस तथा धरान क्याम्पसमा वातावरण विज्ञानको अध्यापन गराइन्छ । त्यस्तै झन्डै आधा दर्जन निजी क्याम्पसमा वातावरण विज्ञानको अध्यापन गराइन्छ । त्यस्तै झन्डै आधा दर्जन निजी क्याम्पसले पनि स्नातक तहमा इन्भाइरोन्मेन्ट साइन्सको अध्यापन गराउँदै आएका छन् भने यही विषयमा स्नातकोत्तरका कक्षा पनि नेपालमै प्रारम्भ भैसकेको छ ।

**इन्भाइरोन्मेन्ट म्यानेजमेन्ट**

म्यानेजमेन्ट भन्ने शब्द जोडिएपछि यो विषय व्यवस्थापन संकाय जस्तो देखिए पनि विज्ञान र व्यवस्थापनको 'कोलाबरेशन' भएर जन्मिएको विषय हो– इन्भाइरोमेन्ट म्यानेजमेन्ट । नेपालमा इन्भाइरोन्मेन्ट म्यानेजमेन्ट विषयको अध्ययन-अध्यापन सन् १९९९बाट प्रारम्भ गरिएको हो । पोखरा विश्वविद्यालयबाट सम्बन्धन लिई स्किम्स कलेजले यो विषयमा पठनपाठन प्रारम्भ गरेको थियो । यो विषयमा स्नातकोत्तर तहसम्म अध्यापन हुन्छ ।

इन्भाइरोन्मेन्ट म्यानेजमेन्टले वैज्ञानिक, समाजिक, सांस्कृतिक, आर्थिक तथा वातावरणीय पक्षलाई समेटेको छ । पूर्ण प्रयोगात्मक यो विषयमा अहिलेको वर्तमान विकासलाई आधार मानी पाठयक्रम तयार गरिएको स्किम्स कलेजका प्राध्यापक अजयभक्त माथेमा बताउँछन् । बीएस्सीमा यो विषय अध्यापन गर्न आइएस्सी अथवा प्लस टुमा विज्ञान विषय लिएको हुनुपर्छ ।

यो विषयअन्तर्गत इन्भाइरोन्मेन्ट जिलोलोजी एन्ड स्वाइल, इन्भाइरोन्मेन्ट माइक्रोबायोलोजी, बायोडाइभर्सिटी एन्ड बायोटेक्नोलोजी, हाइड्रोट्रोलोजी, इन्भाइरोन्मेन्ट रिसोर्सेस इन्ड सस्टेनेबल डेभलपमेन्ट, इन्भाइरोन्मेन्ट इनिजनियरिङ इको टक्सिकोलोजी, पपुलेसन कन्ट्रोल टेक्निकल जस्ता विषय अध्यन गर्नुपर्छ । कलेजले बीएस्सीअन्तर्गत २५ कोटा छुट्याएको छ भने एमएस्सीअन्तर्गत २५ कोटा छुट्याइएको छ, त्यस्तै एमएसस्सीमा ३० जना विद्यार्थी भर्ना क्षमता राखेको छ । वार्षिक झन्डै ५० हजार रुपैयाँ अध्ययन खर्च लाग्ने यो विषय अन्तर्राष्ट्रिय स्कोप छ ।


Admission Open
+2 Science, Management & Humanities
Up to 100% Scholarship for deserving students.

Programs :
Form distribution -25 Ashad
Entrance Test - 5th Shrawan
Class Starts -20th Shrawan

Spot Computer-based Entrance test for Science stream
Spot admission Facility for:
Management & Humanities streams

Salient Features:
- Centrally Located at Shankhamul, Newbaneshwor, Kathmandu.
- Excellent academic environment with outstanding results.
- Quality education at affordable fee.
- Highly experienced and dedicated educational professionals.
- Well-managed infrastructure-building with 50 rooms & 6 ropani compound.
- Spacious playground for Volleyball, Basketball, Badminton, Cricket & T.T etc.
- Use of multimedia technology for modern teaching and email-internet facility for the students

For details:
CRIMSON INT'L COLLEGE
Shankhamul, New Baneshwor, Kathmandu ☎:4 782414, 4 784628
URL: www.crimson.edu.np / E-mail : info@crimson.edu.np




## फिल्मी खबर



-नायिका रेखा थापाले चलचित्र 'दादागिरी'को एउटा गीतमा आइटम डान्स गरेकी छिन् । हालै राजधानीको बेबीलोन डिस्कोमा छायांकन गरिएको गीतमा नृत्य निर्देशक वसन्त श्रेष्ठले रेखालाई निकै उत्तेजक मुद्रामा नृत्य गर्न लगाएका थिए । उक्त चलचित्रमा विराज भट्टले मुख्य भूमिका निर्वाह गरे पनि चलचित्रमा राजेश हमालले फरक किसिमको चरित्र निर्वाह गरेको निर्माता रोज राणाले बताएका छन् । मदन घिमिरेको निर्देशनमा निर्माण भैरहेको उक्त चलचित्रका नायिका बिपना थापा र सज्जा मैनाली हुन् ।

-विगत दुई दशकदेखि नेपाली चलचित्रमा द्वन्द्व निर्देशन गरिरहेका एनबी महर्जनले पनि अब चलचित्र बनाउने भएका छन् । हाल सुरेश अधिकारीको संगीतमा आवर स्टुडियोमा गीत रेकर्डिङ भैरहेको महर्जनको चलचित्रको शीर्षक 'प्रहार' राखिएको निर्देशक प्रदीप श्रेष्ठले जनाएका छन् । चलचित्रमा अभिनय गर्नका लागि नयाँ अनुहारको खोजी भैरहेको पनि उनले बताए ।

– चरित्र अभिनेता सिद्धान्तराम जोशीको स्वास्थ्य-स्थिति बिग्रिएपछि उपचारका लागि अस्पताल भर्ना गरिएको छ । लामो समयदेखि मृगौला रोगबाट पीडित भै उपचार गराउँदै आएका कलाकार जोशी अचानक मुटुसम्बन्धी रोगबाट समेत ग्रसित भएपछि उनलाई अस्पताल भर्ना गरिएको हो । जोशीको बाँसबारीस्थित गंगालाल हृदयरोग अस्पतालको एनआईसीयुमा राखिएको छ । यसबीच नेपाल चलचित्र कलाकार संघका मानार्थ सदस्य कलाकार जोशीको स्वास्थ्यलाभको कामना गर्दै संघले एक प्रेस विज्ञप्ति जारी गरेको छ ।

– नरेश पौड्यालद्वरा निर्देशित चलचित्र 'धड्कन'ले उपत्यकामा पनि सफलताको झन्डा गाडेको छ । उपत्यकाबाहिरका दर्शकहरूको मन जितिसकेको उक्त चलचित्रलाई सबैले हिन्दी चलचित्र 'इश्क'को नक्कल भनिए पनि चलचित्र हेर्ने दर्शकहरूमा भने उक्त चलचित्रको गीत तथा छायांकनले प्रभाव पारेको बताइन्छ । चलचित्रमा निखिल उप्रेती, रमित ढुंगाना, रेखा थापा र अरुणिमा लम्सालले अभिनय गरेका छन् । चलचित्रमा सुरेश अधिकारीको संगीत छ ।

-प्रमोद भण्डारीको निर्देशनमा तयार भएको चलचित्र 'बिन्तीपत्र' को प्रथम प्रदर्शन सम्पन्न भएको छ । सुरज आरडीले निर्माण गरेको यो चलचित्रको सार्वजनिक प्रदर्शन आगामी भदौ महिनादेखि मोफसलबाट गरिंदैछ । चलचित्रमा सुशील क्षेत्री, सञ्चिता लुइटेल, सुरज आरडी, जेनी कुँवर आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन् ।

– मधेस तथा पहाडका समुदायबीचको विभेद कम गर्न युवा निर्देशक दिनेश कार्की एउटा चलचित्र निर्माण गर्दैछन् । उनले निर्देशन गर्ने चलचित्र 'एकता' को छायांकन प्रारम्भ भएको छ । चलचित्रमा सुशील क्षेत्री, ऋचा घिमिरे, सुभाष गजुरेल, ध्रुव कोइराला आदि कलाकारले प्रमुख भूमिका निर्वाह गर्दैछन् । चलचित्रमा सुरेश अधिकारी तथा कन्हैया सिंहको संगीत निर्देशन रहनेछ ।

– द्वन्द्वका बेला सर्वसाधारणले बेहोर्नुपरेको समस्यामा आधारित चलचित्र 'एउटा कथा' दर्शकमाझ पुगेको छ । राजधानीका आधा दर्जन सिनेमा हलमा प्रदर्शन भएको यो चलचित्रमा पुर्वी नेपालका घटनाहरूमाथि उतैका कलाकारहरूले सशक्त अभिनय गरेका छन् । चलचित्रमा द्वन्द्वले जीवनमा छाडेर गएका पीडा तथा सामाजिक प्रभावलाई आकर्षक ढंगले चित्रण गरिएको छ । बितेको एक दशकभित्र द्वन्द्वका कारण सामाजिक, सांस्कृतिक परिस्थितिमा आएको परिवर्तन चलचित्रको अर्को पक्ष हो । चलचित्रको संगीतमा लिम्बू स्थानीयताको प्रभाव छ । चलचित्रमा प्रेम सुब्बा, कोपिला आङबुहाङ, मित्र लिङदेन, सीमान्त उदास, पुष्प श्रेष्ठ आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन् । किशोर सुब्बाको निर्देशनमा तयार भएको यो चलचित्र डिजिटल प्रविधिमा निर्माण गरिएको छ ।

# ब्यूँझियो र्‍याम्प गतिविधि

**वर्ष २००६ को अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी पठाउने उद्देश्यसहित आयोजना हुने मिस नेपाल प्रतियोगिता यस पटकका लागि स्थगित भएको कुरा आयोजक संस्थाका तर्फबाट गिरेन्द्र राजवंशीले बताएका छन् । साउन २० गते आयोजना गर्ने घोषणा गरी आवश्यक तयारी प्रारम्भ भैसकेको मिस नेपाल स्थगित हुनुका पछाडि अन्तर्राष्ट्रिय प्रतियोगिता निर्धारित समयभन्दा २ महिना अघि हुने घोषणा हुनु तथा नेपाली विजेताले त्यसको तयारीका लागि आवश्यक समय नपाउनुलाई बताइएको छ ।**

वर्ष २०६३ को प्रारम्भतिर सुस्ताएको र्‍याम्प गतिविधि ऊष्ण गर्मीसँगै तातेको देखिन्छ । असारे झरी प्रारम्भ भएदेखि यसमा भेल नै आएको अनुभव हुन्छ । केही फेसन सोका अतिरिक्त राजधानीमा सानोबाबु-सानोपरी, मिस लिटिल नेवाः, अल नेपाल डिजाइनर कन्टेस्ट, वीरगन्जमा मिसेज वीरगन्ज, पोखरामा मि. एन्ड मिस पश्चिमाञ्चल, धरानमा मिस फेरीलगायतका कार्यक्रमहरू सम्पन्न भैसकेका छन् । यसबीच अहिलेअसोज महिनाको अन्तसम्ममा आयोजना हुने करिब दुई दर्जन कार्यक्रमको तयारी भैरहेको छ । सन् १९९४ की मिस युनिभर्स सुस्मिता सेनकी गड फादर भनेर चिनिने भारतीय फेसन कोरियोग्राफर कौशिक घोष अहिले राजधानीमा छन् । राजधानीका करिब



दुई दर्जन युवायुवतीलाई मोडलिङ व्यक्तित्व विकास र फेसनसम्बन्धी ग्रुमिङ वर्कसप हाल उनी सञ्चालन गर्दैछन् । सेप्टेम्बर महिना अर्थात् करिब दसैंको वातावरणमा सुर्यकला फिल्म्सले सुपर मोडल हन्ट २००६ प्रतियोगिता आयोजना गर्ने भएको छ । कौशिक घोषको कोरियोग्राफी रहने उक्त कार्यक्रमलाई तीन चरणमा सञ्चालन गरिने कुरा एस.के. फिल्म्सका विनोद कुमार दुवे बताउँछन् ।

आउँदो तीन महिनाको समयलाई सौन्दर्य एवं मोडल प्रतियोगिताको मौसम भन्दा अत्युक्ति नहोला । किनभने अबका दिनमा र्‍याम्प गतिवधिभित्र समेटिने अधिकांश कार्यक्रम प्रतिस्पर्धात्मक देखिन्छन् । यसबीच आज असार ३० गतेलाई लक्षित गरेर ग्यालेक्सी मोडलिङ एजेन्सी मोडल हन्ट प्रतियोगिताको तयारीमा जुटेको छ । प्रज्ञाभवनमा प्रस्तुत गरिने यो प्रतियोगिताका लागि कोरियोग्रफर सञ्जित श्रेष्ठ डेढ दर्जन युवालाई प्रशिक्षण दिँदैछन् । गत वर्ष मोडल हन्टकै शीर्षकमा पुरुष मोडलहरूको प्रतिस्पर्धा सञ्चालन भए पनि यसपटक भने महिला मोडलको सहभागितामा मोडल हन्ट सञ्चालन हुँदैछ । यसैगरी द एरो मोडलिङ एजेन्सी भने भोलि शनिवार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा प्रस्तुत हुने मि. ह्यान्डसम एन्ड मिस ब्युटिफूल २००६ नामक स्पर्धाको अन्तिम तयारीमा जुटेको छ । यसका प्रतिस्पर्धिहरु गत बुधवार ट्यालेन्ट शोमा सहभागि भएका थिए । सपन जे शर्माले कोरियोग्राफी गर्ने यो प्रतियोगितामा मिस्टर तथा मिस पश्चिमाञ्चल पनि सहभागिता छन् ।

गत तीन वर्षयतादेखि काठमाडौं जेसिजले आयोजना गर्न थालेको मिस टिन नेपाल प्रतियोगिताको तयारी पनि प्ररम्भ भएको छ । टिनएज युवाहरूमा केन्द्रित यस पटकको मिस टिन नेपालको प्रारम्भिक छनौटमा ३९ जना युवतीलाई सहभागी गराएर १५ दिनको प्रशिक्षणपछि अन्तिम प्रतिस्पर्धामा दुई दर्जन प्रतियोगीलाई उतार्ने कुरा आयोजकहरूले जनाएका छन् । मिस टिन नेपाल २००६ को अन्तिम स्पर्धा साउन १३ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा सञ्चालन गरिंदैछ । गत वर्षदेखि आदिवासी युवती तथा किशोरीहरूलाई र्‍याम्पमा उतार्न थालेको ड्रिम एराले अगामी अगस्ट महिनामा मिस इन्डिजिनियस २००६ आयोजना गर्दैछ । आयोजकहरूका अनुसार नयाँ पुस्ताका आदिवासी



मिस टिनका सहभागीहरू

युवतीहरूलाई आफ्नो कला-संस्कृति, भाषा-साहित्य तथा पहिरनका सम्बन्धमा चेतना जगाउनुका साथै उनीहरूको प्रतिभालाई उजागर गर्ने मञ्चका रूपमा प्रतियोगिताले अहं भूमिका खेल्नेछ । भर्खरै मात्र मिस लिटिल नेवाः प्रस्तुत गरेको नेप्लिज फेसन होम गत वर्षको मिस टिन गुरुङ प्रतियोगिताको निरन्तरतामा जुटेको छ । ए. एन्ड एच. बिजनेस हाउसले आयोजना गर्ने गुरुङ समुदायका टिनएज युवतीहरूमा लक्षित यो प्रतियोगिता पनि अगस्ट महिनामै सञ्चालन हुँदैछ । यसैगरी मिस तामाङ २००६ को तयारी पनि अघि बढेको छ । क्रिएसन फेसन फिल्डले प्रस्तुत गर्ने तमाङ युवतीहरूमा लक्षित यो प्रतियोगिताको शीर्षकलाई यसपटक मिस तामाङबाट परिमार्जित गरी मिस टिन तामाङ राखिएको छ । यसैगरी भदौको तेस्रो सातातिर गुरुङ महिलाहरू पनि प्रतिस्पर्धाको र्‍याम्पमा उत्रने भएका छन् । विवाहिता गुरुङ महिलाहरूको सहभागिता रहने 'मिसेज गुरुङ-२००६' शीर्षकको यो प्रतियोगितालाई बी.एल. मोडलिङ एजेन्सीले आयोजना गर्ने भएको छ ।

यसबीच विगत दुई वर्षयतादेखि सञ्चालन हुन थलेको नेपालकै बृहत् फेसन प्रदर्शनी सनसिल्क नेपाल फेसन सप्ताहको तयारी पनि अघि बढेको छ । आई.ई.सी. डिजाइनिङ संस्थाले आयोजना गर्दै आएको यस पटकको फेसन सप्ताहलाई साउन २५ गते देखि २९ गतेसम्म सञ्चालन गरिनेछ । यस पटकको फेसन सप्ताहको कोरियोग्राफी गर्ने जिम्मेवारी मोडल/नायिका क्षितिजा शाक्य तथा मोडल प्रवीण श्रेष्ठले पाएका छन् । आईईसीले नै भदौको दोस्रो सातातिर आफ्नो डिजाइनर प्रतिस्पर्धालाई पनि निरन्तरता दिने भएको छ ।

यसैगरी एन.ई.एफ.टीले भदौ ३ गते होटल सोल्टीमा डिजाइनर प्रतिस्पर्धा सञ्चालन गर्दैछ । राजधानीका अतिरिक्त पोखरा, चितवन, धरान, बुटवललगायतका क्षेत्रका प्रशिक्षार्थी डिजाइनरको सो डिजाइनर प्रतियोगितामा सहभागिता रहने कुरा एन.ई.एफ.टी.ले जनाएको छ ।

पुरुष प्रतियोगीहरूको सहभागिता रहने मिस्टर नेपाल प्रतियोगिताको पाँचौं संस्करणको तयारी पनि अघि बढेको छ । यस पटकको प्रतियोगितालाई विगतका भन्दा बृहत् गर्न पूर्व मिस्टर नेपालहरूको समूह रेड एप्पल इन्टरनेटमेन्ट जुटेको छ । असोज ७ गते प्रस्तुत गरिने मिस्टर नेपालको अन्तिम प्रतिस्पर्धामा यस पटक फेसन-मोडलिङ क्षेत्रसित सम्बन्धित विभिन्न व्यक्तिहरूलाई पनि पुरस्कृत गरिनेछ ।

**–रोजिन शाक्य**

## मिस्टर एन्ड मिस युनिभर्सिटी



आन्तरिक सौन्दर्य तथा विचारले विश्वलाई एक घर बनाऊँ भन्ने नाराका साथ अघिल्लो बिहीबार राजधानीमा सम्पन्न 'मिस्टर एन्ड मिस युनिभर्सिटी' को उपाधि नीरज बराल तथा दिव्या ढकालले जिते ।

विजेतामध्ये नीरज मीनभवनस्थित नेपाल कमर्स क्याम्पसका स्नातकोत्तर तहका छात्र हुन् भने दिव्या डिल्लीबजारस्थित कन्या क्याम्पसमा अध्ययरन छिन् । यी दुवै विजेताले आगामी अगस्ट महिनामा फिलिपिन्सको मनिलामा आयोजना हुने वर्ल्ड मिस्टर एन्ड मिस युनिभर्सिटीमा नेपालको प्रतिनिधित्व गर्नेछन् । सिद्धान्त अनुसन्धान महाविद्यालय संघ (कार्प नेपाल) ले आयोजना गरेको यो प्रतियोगितामा पाँच विश्वविद्यालयका २४ विद्यार्थीले भाग लिएका थिए । प्रतियोगितामा सहभागी उपसभामुख चित्रलेखा यादवकी छोरी अमृताले मिस सर्भिसको उपाधी जितेकी थिइन् ।

## रिबोकको फेसन

**साप्ताहिक समाचार**

काठमाडौं– फुटबलको मौसम भर्खरै सकिए पनि फेसन पारखीहरूका लागि खेलाडीहरूले प्रयोग गर्ने शैलीका जर्सी, जुत्ता तथा अन्य पहिरन जहिले पनि चर्चाकै विषय हुन्छ । यही क्रममा अन्तर्राष्ट्रिय कम्पनी रिबोकले राजधानीमा तेस्रो सोरुम उद्घाटन गर्ने क्रममा नौलो शैलीको फेसन सो सम्पन्न गर्‍यो ।

कुमारीपाटी, ललितपुरस्थित रिबोकको तेस्रो सोरुममा गत शनिबार बिहान आधा दर्जन मोडल क्याटवाक गर्न तयार देखिन्थे । सोरुमको उक्त फेसन सोमा र्‍याम्प थिएन, न त झकिझकाउ प्रकाश संयोजन नै थियो । तर महिला तथा पुरुष



मोडलहरूको क्याटवाकको आकर्षणमा कुनै कमी देखिएन । सोरुमको फेसन सोमा मोडलहरूले रिबोककै उत्पादनहरू जुत्ता, टिसर्ट, क्याप, जर्सी आदि एक्सेसरिजहरू प्रदर्शन गरे । सोरुममा बिहान मात्र होइन, दिउँसो तथा साँझ पनि त्यही फेसन सो प्रस्तुत गरिएको थियो ।

## नाच बलिए

**साप्ताहिक समाचार**

काठमाडौं– विगत एक वर्षयता डान्स पार्टी युवा-युवतीमाझ मनोरञ्जनको सबैभन्दा लोकप्रिय माध्यम बनेको छ । खासगरी राजधानी तथा मोफसलका केही सहरमा डान्स पार्टी फुर्सद सदुपयोग गर्ने तथा कम मेहनतमै धेरै मनोरञ्जन प्राप्त गर्ने उपयुक्त थलो बन्दैछ, तर गत शुक्रबार राजधानीको एउटा पाँचतारे होटलमा सम्पन्न डान्स पार्टी भने विभिन्न कारण अन्य पार्टीभन्दा पृथक् रह्यो ।

'नाच बलिए' शीर्षक राखिएको यो पार्टीको आयोजना काठमाडौं सिटी राउन्ड टेबलले गरेको थियो । राति आठ बजेपछि प्रारम्भ उक्त पार्टीमा सहभागी हुनेहरू आफू कुनै पारिवारिक पार्टीमा सहभागी भएको अनुभव गर्दै थिए । डिजे बीम्यानले छनौट गरेका डान्सिङ नम्बरहरूमा नृत्य गर्नेहरूमा बालबालिकादेखि वृद्धसम्म थिए । त्यसो त यहाँ पनि युवापुस्ताकै सहभागिता बढी थियो । नृत्य गर्ने क्रममा आयोजकले मस्ट हेन्डसम कपल, बेस्ट डान्स कपल, बेस्ट डान्सिङ मेल/फिमेल, मस्ट साइ कपल तथा मस्ट रोमान्टिक कपलको छनौट गरिएपछि कार्यक्रमको रौनक बढेको थियो । विजेतालाई पुरस्कारका रूपमा विभिन्न उपहार प्रदान गरिएपछि नृत्य गर्नेहरू थप हौसिएका थिए ।



# कलिउड चर्चा

## सुन्दरीको आकाश मोह

अहिले नेपाली मोडल, भिडियो जक्कीहरू एयर होस्टेज बन्दै आकाशमा उड्ने रहर पूरा गरिरहेका छन्। अहिले आधा दर्जनभन्दा बढी मोडलहरू एउटै एयरलाइन्समा एयर होस्टेजका रूपमा कार्यरत छन्। 'वनमाराले वनै खायो', उदितनारायण झाको लोकप्रिय गीतको म्युजिक भिडियोमा अभिनय गर्ने प्रज्ञा पन्त मात्र होइन, कान्तिपुर टेलिभिजनको 'हाउसफूल' की नायिका तथा मोडल बबिता शर्मा, च्यानल नेपालकी भिजे तथा मोडल सिसिलिया गुरुङ पनि



अहिले एयर होस्टेज भएका छन्। नोयो सिंह, सिर्जना भट्ट, स्यारोन शेर्पाजस्ता नायिका, भिजे तथा मोडलहरू पनि एयर होस्टेज हुन्।

## मौसमीका भित्री कुरा




नायिका मौसमी मल्ल पुनः अभिनय क्षेत्रमा आउने तयारी गर्दैछिन्। आफ्नै लगानी तथा अभिनयको एउटा लघु चलचित्र 'एकल महिला' मार्फत केही समयअघि दर्शकमाझ सार्वजनिक भएकी मौसमीले आफ्ना बारेमा दर्शकमाझ परेको भ्रम हटाउने क्रममा जारी छ। एउटा अन्तर्वार्तामा उनले रंग पत्रकारहरूलाई अगामी दिनमा आफूलाई मौसमी मल्ल होइन मौसमी 'सेन' लेख्न आग्रह गरेकी छिन्। उनको तर्क छ – 'मैले दस वर्षअघि नै मल्लसँग सम्बन्ध तोडिसकेकाले मलाई मौसमी मल्ल भनेर लेख्नुपर्ने कुनै कारण छैन।' दुई पटक विवाह गरेर दुवै श्रीमान्लाई पारपाचुके दिइसकेकी मौसमीका दुई छोरा पनि छन् भन्ने कुरा कमैलाई मात्र थाहा छ। मौसमीका छोराहरूको उमेर क्रमशः २० र १८ वर्ष छ।

## छाउँदैछन् सुशील

निखिल उप्रेतीले एक्सन नायकका रूपमा आफूलाई स्थापित गरेपछि यही विधाका अर्का नायक सुशील क्षेत्री केही समयदेखि चलचित्रबाट बाहिरै थिए, तर पछिल्लो समयमा सुशीलको व्यस्तता बढेको छ। उनले अभिनय गरेको पछिल्लो चलचित्र 'बिन्ती-पत्र' प्रदर्शनको तयारीमा छ, त्यसै गरी छायांकनका क्रममा मध्यतराईमा छन्। वीरगन्ज तथा चन्द्रनिगाहपुर क्षेत्रमा छायांकन भैरहेको चलचित्र 'एकता' मा सुशील क्षेत्री मुख्य पात्र हुन्। ऋचा घिमिरे उनकी नायिका हुन्। पहाड तथा मधेसमा बसोबास गर्ने मानिसहरूबीचको द्वन्द्वलाई समेटिएको यो चलचित्रमा ऋचा घिमिरेले तराई मूलकी युवतीको भूमिका निर्वाह गरेकी छिन् भने सुशीलले पहाडे युवकको।








सहर चर्चा



# चर्चा दुई विवाहको

**साप्ताहिक समाचार**

काठमाडौं– अघिल्लो बिहीबार साँझ राजधानीको नयाँ बानेश्वर क्षेत्रमा खटिएका ट्राफिक प्रहरीलाई भ्याई-नभ्याई थियो । दिउँसो दुई बजेदेखि पाँच तारे होटल एभरेस्टमा निजी सवारी साधनहरू भित्रिने क्रम प्रारम्भ भएको थियो, तर साँझ छ नबज्दै त्यहाँको ट्राफिक व्यवस्था अस्तव्यस्त भयो । सात बजेपछि त होटल परिसरको सवारी पार्किङस्थल भरिएपछि नजिकैको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा समेत पार्किङ गर्ने व्यवस्था मिलाइयो । करिब ३ हजार ५ सय जना अतिथि भेला भएको उक्त समारोह थियो, प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाकी नातिनी मेलानी कोइराला (जोस्ट) को विवाहभोज । मेलानी नेपाली कांग्रेसकी युवा नेतृ सुजाता कोइरालाकी छोरी हुन् ।



मेलानीको विवाह लन्डनमा व्यवसाय गरेर बसेका बंगलादेशी नागरिक रुबेल चौधरीसँग अघिल्लो बुधबार भएको हो । त्यसको भोलिपल्ट पाँचतारे होटलमा विवाहभोजको आयोजना गरिएको थियो । भोजमा सहभागी हुने पाहुनाहरूमा मन्त्रिपरिषद्का सदस्यहरू, राजनैतिक नेता, कार्यकर्ता, कर्मचारी, सुरक्षा निकायका पदाधिकारी, व्यापारी, कूटनीतिक नियोगका पदाधिकारीहरू थिए । अस्पतालमा भर्ना भएका कारण प्रधानमन्त्री कोइराला आफ्नै नातिनीको विवाहभोजमा सहभागि हुन पाएनन् । होटलमा भिन्नभिन्न समयअनुसार भिन्नभिन्न रंगका निमन्त्रणा-पत्र बाँडिएको थियो । विवाहभोज दिउँसो २ बजेदेखि साँझ ७ बजेसम्म चलेको थियो ।

भोजको पहिलो सत्रमा दिवाभोजको व्यवस्था पुलसाइड क्याफेमा गरिएको थियो भने ६ बजेपछि होटलको सबैभन्दा ठूलो हल ग्रान्ड बलमा पेय पदार्थसहितको रात्रिभोज दिइएको थियो । दिवाभोजमा कार्यकर्ता र आगन्तुक पाहुनाहरू सहभागी थिए भने ६ बजेपछिको सत्रमा विशिष्ट पाहुनालाई बोलाइएको थियो । होटलका कर्मचारीहरूले राति अबेरसम्म कम्तीमा ३ हजार ५ सय आगन्तुकलाई खाना ख्वाएका थिए ।


**झ्याइँ पारिन कविताले**

साउन-भदौ महिनामा विवाहको लगन नपर्ने भएकाले यो वर्षको असार महिनामा थुप्रै विवाह भए । नायिका कविता खड्काले पनि यही असार महिनामै विवाह गर्ने लगन जुराइन् । अघिल्लो बुधबार धार्मिक विधिअनुसार कमलराज शर्मासँग लगनगाँठो जोडेकी कविताले गत शुक्रबार आफन्तहरूलाई विवाहको भोज ख्वाएकी थिइन् ।

'वसन्तऋतु', 'मंगलसूत्र', 'तिमी मेरी हौ', 'धुर्बे' आदि चलचित्र तथा 'श्रीमती जिन्दावाद' श्रृंखलाकी नायिका कविता खड्काले परम्परागत विवाह गरेकी हुन् । साप्ताहिकसँगको एक भेटमा उनले आमा-बुबाले खोजिदिएको केटासँगै विवाह गरेको बताइन् । कम्प्युटर इन्जिनियर कमलराजसँग कविताले गत वैशाख महिनामै टीकाटालो गरेकी थिइन् । अघिल्लो बुधबार भने गौशालास्थित राममन्दिरमा उनीहरूको धार्मिक विधिअनुसार विवाह भएको हो । झापामा जन्मिएकी नायिका खड्काका लागि उनका अभिभावकले राजधानीको बिजुलीबजारमा बसोबास गर्ने ज्वाइँ खोजेका थिए । 'आमा-बुबाले खोजिदिनुभएको व्यक्ति चित्त बुझेकाले नाइँ भन्न मन लागेन,' कविताको प्रतिक्रिया थियो– 'उहाँहरूले मन पराएपछि मैले पनि हेरें, मन पर्‍यो । त्यसपछि विवाह गर्न तयार छु भन्दिए ।' कविताले विवाहपछि पनि अभिनयकर्मलाई निरन्तरता दिने बताएकी छिन् । विवाहपछि कविता आफ्ना नवविवाहित श्रीमान्सँगै बिजुलीबजारसरेकी छिन् ।







## चलचित्र

### अजम्बरी नाता



नायिका रेखा थापाले निर्माण गरेको चलचित्र 'अजम्बरी नाता' को सार्वजनिक प्रदर्शन यसै साताबाट गरिने भएको छ। श्यामसुन्दर खेतानको प्रस्तुति रहेको यो चलचित्रको निर्देशन प्रदीप श्रेष्ठले गरेका हुन्। छविराज ओझा कार्यकारी निर्माता रहेको यो चलचित्रमा राजेश हमाल, श्रीकृष्ण श्रेष्ठ, निरुता सिंह, रेखा थापा, नारायण त्रिपाठी, रवि गिरी, सिरु बिष्ट आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। राजेन्द्र खड्गीको द्वन्द्व निर्देशन, मौनता श्रेष्ठको लेखन तथा कमल राईको नृत्य निर्देशन रहेको यो चलचित्र पारिवारिक कथावस्तु तथा मायापिरतीमा आधारित छ। प्रदीप श्रेष्ठले निर्देशन गरेका यसअघिका दुई चलचित्र 'जीवनरेखा' तथा 'दुईपल' व्यावसायिक रूपले सफल भएकाले तेस्रो चलचित्र 'अजम्बरी नाता' पनि व्यावसायिक रूपमा सफल हुने कुरामा निर्माता पक्ष ढुक्क छ। शीर्षक अनुसार नै चलचित्रको मुख्य कथावस्तु मानिस-मानिसबीचको नाता तथा सम्बन्धमा केन्द्रित छ। एउटा मान्छेले अर्को मान्छेलाई गर्ने माया नै अजम्बरी नाता भएको कुरा चलचित्रमा मुख्य सन्देशको रूपमा प्रस्तुत गरिएको छ। चलचित्रमा राजेश हमालले प्रारम्भमा खलनायकको भूमिका निर्वाह गरेका छन् तर विभिन्न घटनाक्रमले उनी सकारात्मक भूमिकामा ढल्किन्छन्। नायिका रेखा थापाले राजेशलाई सुधार्न सक्दो प्रयास गर्छिन्। अर्कोतिर श्रीकृष्ण तथा निरुता भने श्रीमान्-श्रीमतीको रूपमा प्रस्तुत भएका छन्। निरुताको कारुणिक भूमिकाले दर्शकको मन पगाल्ने कुरामा निर्देशक श्रेष्ठ ढुक्क छन्। चलचित्रका विभिन्न पाँच गीतमा उदितनारायण झा, दीपा झा, संगीता राना, पूर्णिमा आदि गायक-गायिकाको पार्श्व गायन सुन्न सकिन्छ। चेतन सापकोटा यो चलचित्रका संगीतकार हुन्।

### लेडिज टेलर

गत वर्ष प्रदर्शन भएको चलचित्र 'मैं माधुरी दीक्षित बनना चाहती हुँ' मा नायक बनेर चर्चामा आएका बलिउडका हास्य कलाकार राजपाल यादव पुनः एकपटक नायक बनेका छन्। आज शुक्रबार प्रदर्शन हुने नयाँ हिन्दी चलचित्र 'लेडिज टेलर' मा यादवले नायकको भूमिका निर्वाह गरेका छन्। ममिडाला श्रीनिवासले निर्माण गरेको यो चलचित्रका निर्देशक आर उदयकान्त हुन्। चलचित्रमा राजपाल यादवसँगै किम शर्मा, हिना, प्रीति भुटानी, सहनवाज खान, मुकेश ऋषि आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। निशाद चन्द्राको संगीत निर्देशन रहेको यो चलचित्रको छायांकन भारतको गोवामा गरिएको छ। पी. विजय कुमारद्वारा निर्माण गरिएको यो चलचित्रका मुख्य जोडी राजपाल तथा किमले क्रमशः चन्दर तथा राधिकाको भूमिका निर्वाह गरेका छन्। चलचित्रमा सुनिधि चौहान, कुनाल गुञ्जवाला, अभिजित, पूर्णिमा, सोनु काक्कर, राजपाल यादव आदि गायक-गायिकाको स्वर समेटिएको छ। निर्देशक उदयकान्त तथा प्रस्तुतकर्ता श्रीनिवास नै चलचित्रका कथाकार तथा लेखक हुन्।

### लिटिल म्यान



प्रायः एक्सन तथा रहस्यमय विषयमा आधारित चलचित्र निर्माण हुने हलिउडमा यसपटक एउटा कमेडी चलचित्र निर्माण गरिएको छ। आज शुक्रबारदेखि नै सार्वजनिक प्रदर्शन हुने चलचित्र 'लिटिलम्यान' लाई पनि कमेडी चलचित्रको श्रेणीमा राखिएको छ। शीर्षक नै सानो मान्छे भएकाले यो चलचित्रले बालबालिकालाई लक्षित वर्ग बनाउन खोजेको सहजै अनुमान गर्न सकिन्छ। चलचित्रमा एक जना चिन्तित पुरुषको दुःखलाई प्रस्तुत गरिएको छ जो एउटा सन्तानको बुबा बन्न इच्छुक छ, तर कसैगरी पनि छोरा जन्माउन नसकेपछि उसले अर्कै व्यक्तिको छोरालाई अपनाउँछ। त्यो सन्तान उनको सोचाइभन्दा बिल्कुलै विपरीत निस्कन्छ। कम उमेरमै ती बालकमा आपराधिक प्रवृत्ति हावी हुन्छ। जसका कारण बुढेसकालमा पिता बनेका व्यक्तिलाई थप तनाव हुन्छ। तर ती बालकले गर्ने बालसुलभ क्रियाकलापबाट दर्शकले प्रशस्त मनोरञ्जन लिन सक्छन्। सोनी पिक्चर्सले तयार पारेको यो चलचित्रमा मार्लोन वायान्स, सावन वायान्स, केरी वासिङ्टन, ट्रासी मोर्गन आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। चलचित्रको निर्देशन किनेन इओरी वायान्सले गरेका हुन्।

## पुस्तक

### चक्रव्यूह र युद्धपीडाहरू

'चक्रव्यूह र युद्धपीडाहरू' पुस्तकभित्र मूलतः युद्धले दिएका पीडा तथा त्यसबाट अत्यधिक प्रभावित भएका मान्छेहरूको साँचो कथा छ। कवि तथा निबन्धकार सङ्गीत आयामको यो कृतिमा वर्तमान द्वन्द्व र पीडाहरूलाई मूल विषयवस्तु मात्र बनाइएको छैन, शताब्दीयौंदेखि चक्रव्यूहमा परेका मान्छेका कुराहरू पनि गम्भीर रूपमा उठाइएको छ। यो पुस्तकको मूल्य १ सय रुपैयाँ छ।

## रंगमञ्च

– विश्वप्रसिद्ध साहित्यकार विलियम शेक्सपियरको चर्चित नाट 'रोमियो एन्ड जुलियट' मा आधारित थुप्रै चलचित्र निर्माण गरिए पनि यसलाई रंगमञ्चमा प्रस्तुत गर्न छाडिएको छैन। गत आइतबार तथा सोमबार राजधानीस्थित प्रज्ञा-प्रतिष्ठानमा यही नाटकलाई सांगीतिक धुनसहित मञ्चन गरियो। मल्पी इन्टरनेसनल स्कुलले प्रदर्शन गरेको उक्त नाटकको शिर्षक थियो– 'द ट्राजेडी अफ रोमियो एन्ड जुलियट'। नाटकमा अभिनय गर्ने सबै कलाकार कक्षा आठ, नौ तथा दसका छात्रछात्रा थिए। सामूहिक गायनबाट प्रारम्भ भएको नाटकलाई आकर्षक प्रकाश संयोजनले थप रोमाञ्चक बनाएको थियो। नाटकमा कवीर राजभण्डारीले रोमियाको भूमिका निर्वाह गरेर दर्शकको मन जितेका थिए भने विश्वतारा घलेले जुलियटको भूमिका निर्वाह गर्दै आफूलाई कुशल प्रेमिकाका रूपमा प्रस्तुत गरेकी थिइन्।

## ग्यालरी

– भक्तपुर, सिरुटारका युवा कलाकार मुकेश श्रेष्ठका २६ वटा कलाकृतिको एकल प्रदर्शनी 'मुड अफ टाइम' बबरमहलस्थित नेपाल आर्ट ग्यालरीमा भैरहेको छ। प्रदर्शनीमा कलाकार श्रेष्ठले तैलीय तथा एक्रेलिक चित्रहरूमा किशोरी, युवती तथा महिलाका विभिन्न अवस्थालाई चित्रण गरेका छन्। गत आइतबार प्रारम्भ भएको यो प्रदर्शनी भोलि शनिबारसम्म जारी रहनेछ। प्रदर्शनीमा राखिएका चित्रको मूल्य ६ हजार ५ सयदेखि ४९ हजार ५ सयसम्म छ। कलाकार श्रेष्ठले आफ्नो प्रदर्शनमा जम्मा २६ वटा चित्र समावेश गरिएकाले यो प्रदर्शनीलाई 'ए टु जेड' प्रदर्शनीका रूपमा पनि चिनाएका छन्।

## क्यासेट

### प्रीति

संगीतकार नारायण रायमाझीद्वारा संगीतबद्ध आधुनिक गीतहरूको नयाँ संग्रह 'प्रीति' श्रोतामाझ आएको छ। रिमा डिजिटल रेकर्डिङले तयार पारेको यो संग्रहमा आठ गीत समावेश गरिएको छ। संग्रहमा लोकप्रिय गायक-गायिकाले गाएका गीतहरू संग्रह गरिएका छन्।

### ट्यालेन्ट्स ४



करिब डेढ दशकअघि 'ट्यालेन्ट्स' शीर्षक राखेर पहिलो गीति संग्रह तयार पारेको हारती क्यासेट सेन्टरको प्रस्तुतिमा त्यही शीर्षकको चौथो संग्रह 'ट्यालेन्ट्स- ४' श्रोतामाझ आएको छ। म्युजिक डट कमले बजारमा ल्याएको यो संग्रहमा जबिक, आफिस शाह, आसुसेन लामा, अमोल सापकोटा, सुभाष प्रधान, राजेश तिवारी, राजु श्रेष्ठ, शिशिर श्रेष्ठ तथा मनु पन्थीले गाएका गीतहरू सुन्न सकिन्छ। संग्रहका अधिकांश गीत गायकहरूकै शब्द तथा संगीतमा तयार भएका छन्।

### स्टप



एड्रियन प्रधान, राजु लामा, रवि बज्राचार्य, नवीन के. भट्टराई, प्रीति कौर, नवराज घोरासैनी, सुगम पोखरेल, लोचन रिजाल, सोहन मानन्धर तथा मौसमी गुरुङ गरी दस जना गायक-गायिकाहरूले गाएका दसवटै गीतको संग्रह 'स्टप' बजारमा उपलब्ध छ। मि. प्रोडक्सन हाउसले बजारमा ल्याएको यो संग्रहका सबै गीतमा गायक सोहन मानन्धरको शब्द तथा संगीत सुन्न सकिन्छ।

## सानो पर्दा

– च्यानल नेपालले मनोरञ्जन सम्बन्धी दुई नयाँ कार्यक्रम प्रसारण गर्न थालेको छ। सुरेश पोखरेल निर्माता रहेको 'एमक्युब' तथा 'उडमाण्डु' कार्यक्रम च्यानल नेपालका नयाँ कार्यक्रम हुन्। नेपाली मोडलिङ, म्युजिक तथा मुभीसम्बन्धी ताजा गतिविधिहरू समेटिएकाले यो कार्यक्रमको शीर्षक नै 'एमक्युब' राखिएको निर्माता पोखरेल बताउँछन्। यो कार्यक्रममा बिहान ७, दिउँसो १:४५ तथा राति ११ बजे प्रसारण हुन्छ। यसैगरी नेपाल चलचित्रसम्बन्धी कार्यक्रम 'उडमाण्डौ' भने प्रत्येक बिहीबार साँझ सात बजे प्रसारण हुन्छ। पोखरेलकै निर्माण तथा उद्घोषण रहेको यो कार्यक्रममा साताभरिका चलचित्र गतिविधि, चलचित्र समीक्षा तथा स्टार कपल सेग्मेन्टमा चलचित्रकर्मीका जोडीसँगको वार्तालाप प्रस्तुत गरिन्छ।




– कान्तिपुर टेलिभिजनले नयाँ सांगीतिक कार्यक्रम प्रसारण गर्ने भएको छ। 'द ब्यान्ड भाष्कर' शीर्षक राखिएको यो सांगीतिक कार्यक्रममा सांगीतिक प्रतिस्पर्धालाई प्रमुख आकर्षण बनाइएको छ। सेगा इन्टरटेन्मेन्टले प्रस्तुत गर्ने यो कार्यक्रम सांगीतिक क्षेत्रका नयाँ प्रतिभालाई मौका दिइनेछ। उत्कृष्ट गायक, उत्कृष्ट ड्रमर, उत्कृष्ट गिटारिस्ट आदि विधाका लागि प्रतिस्पर्धा गराइने बताइन्छ। यसैगरी कार्यक्रममा सहभागी सांगीतिक समूहहरूमध्ये उत्कृष्ट समूहलाई नगद पुरस्कार प्रदान गरिनेछ। प्रस्तुतकर्ता संस्थाका सुनील पौडेलका अनुसार कार्यक्रममार्फत नयाँ सांगीतिक समूहको पहिचान गराइनेछ तथा यी समूहलाई विभिन्न स्थानमा आयोजना हुने सांगीतिक कार्यक्रममा सहभागी गराइनेछ।

– इमेज च्यानलबाट प्रत्येक दिन दिउँसो प्रसारण हुने सांगीतिक कार्यक्रम 'एसएमएस एन्ड मोर' मा नेपाली गीतका म्युजिक भिडियोहरू त प्रसारण गरिन्छन् नै, साथै यो कार्यक्रममा दर्शकले एफएमएसमार्फत पठाएका सन्देश पनि तत्कालै प्रसारण गरिने भएकाले दर्शकमाझ यसले लोकप्रियतासमेत हासिल गरिरहेको छ। दिउँसो तीन बजेदेखि एक घण्टासम्म प्रसारण हुने यो कार्यक्रममा आफूलाई मन परेका म्युजिक भिडियो अनुरोध गर्ने अवसरसमेत प्रदान गरिएको छ।

– नेपाल वान च्यानलले नेपाली नारीहरूलाई लक्षित गर्दै तयार पारेको कार्यक्रम 'मेरी संगिनी' साताको दुई दिन प्रसारण हुन्छ। प्रत्येक बुधबार दिउँसो १२ बजे तथा शनिबार बिहान ११:३० बजे प्रसारण हुने यो कार्यक्रममा महिलाहरूसँग सम्बन्धित गतिविधिहरू प्रसारण गरिन्छ। कार्यक्रममा विभिन्न चिकित्सक तथा अन्य विशेषज्ञहरूसँगको वार्तालाप समेत प्रसारण हुन्छ।

संगीत

Private Test - SLC
TUITION
LANGUAGE
Morning & Day Class
Eng. & Nep. Medium
BMTC
Small Heaven
9841268409
9841207288
9841338476

होटल तालिम

समस्या अनेक ???

प्राईभेट टेष्ट SLC - २०६३
१००% ग्यारेन्टीका साथ अन्तिम भर्ना
SLC, Test वा कक्षा ९ फेल भै निराश भएका र कक्षा ८ वा ९ पास गरी स्कूल जान नसकेका साथै स्कूल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहनेहरुका लागि
सुवर्ण अवसर
माध्यम : नेपाली, अंग्रेजी दुवै
समय : विहान, दिउसो र बेलुका
साथै होस्टेलको पनि राम्रो व्यवस्था छ।
❖ कक्षा ९ र १० को दुई वर्षको Course एकै वर्षमा Complete गराईने।
❖ अत्यन्त योग्य र अनुभवि शिक्षक, शिक्षिकाद्वारा अध्यापन गराईने।
❖ विगतका वर्षहरुमा उत्कृष्ट Result ल्याउन सफल।
❖ विद्यार्थीको बुझ्ने क्षमताको आधारमा पढाईने।
SAMJHANA ACADEMY
अद्वैत मार्ग, महेन्द्रपुलिस क्लव ठिक पछाडी
फोन: ४२४६३९७

# गुणस्तरीय शिक्षाप्रति समर्पित प्लस टु कलेजहरू

## शैक्षिक स्तरीयतामा विशेष जोड

**टंक आचार्य, प्रबन्ध निर्देशक एवं प्रिन्सिपल कोलम्बस उ.मा.वि., नयाँ बानेश्वर**

वि.सं. २०५६ सालमा स्थापना भएको कोलम्बस उ.मा.वि.मा प्लस टुमा विज्ञान, व्यवस्थापन तथा मानविकी तीनै संकायमा भर्ना लिइन्छ। 'औसत शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले राजधानीका ख्यातिप्राप्त कलेजहरूमा प्राध्यापन गरिरहेका शिक्षकहरू मिलेर कलेज चलाएका छौं,' कलेजका प्रिन्सिपल टंक आचार्य भन्छन्- स्तरीय शिक्षाका लागि प्रयोगशाला, पुस्तकालयजस्ता भौतिक सुविधामा सम्झौता गरेका छैनौं। यो वर्ष कलेजले प्लस टुमा ३ सय २० विद्यार्थी भर्ना लिने भएको छ।

**कोलम्बसको विशेषता ?**

विद्यार्थीमा भएका प्रतिभालाई उजागर गर्ने किसिमको शैक्षिक वातावरण छ। विद्यार्थीलाई नियमित अध्ययनबाहेक क्यारियर परामर्शका कक्षाहरू पनि लिन्छौं। प्रत्येक विद्यार्थीको चाहनालाई बुझ्ने हिसाबले अभिभावकलाई पनि राखेर अन्तरक्रिया गरिन्छ। शिक्षकहरूको समूहले व्यवस्थापन सम्हालेकाले शैक्षिक स्तरीयताका लागि विशेष जोड दिएका छौं।

**कलेज स्थापना गर्नुको उद्देश्य ?**

औसत शुल्कमा पनि स्तरीय शिक्षा प्रदान गर्न सकिन्छ भन्ने कुरा पुष्टि गर्न कलेज खोलिएको हो। अहिलेको समयमा बजारमा बिक्न सक्ने शैक्षिक जनशक्ति उत्पादन गर्नु कोलम्बसको मूल उद्देश्य हो। शैक्षिक क्षेत्रमा रहेका विकृति हटाउन शिक्षाविद्हरू आफैं सक्रिय हुनुपर्छ भन्ने हाम्रो मान्यता हो।

**यसका लागि तपाईंहरू के गर्नुहुन्छ ?**

एउटा एसएलसी उत्तीर्ण विद्यार्थीले एसएलसीमा ल्याएको अंकभन्दा प्लस टुमा ल्याएको अंकले उसको भविष्य निर्धारण गरेको हुन्छ। त्यसैले विद्यार्थीमा भएको प्रतिभा-क्षमता घट्न नदिई स्तरीय शिक्षा प्रदान गर्दै उसको भविष्यलाई सुनिश्चित गर्न सक्नुपर्छ।

**शिक्षक छनौट कसरी गर्नुहुन्छ ?**

कलेजका संस्थापकहरू नै दक्ष एवं अनुभवी शिक्षक-शिक्षिकाहरू हुनुहुन्छ। यसबाहेक शिक्षकहरू छनौट गर्दा पारदर्शी रूपमा बहुप्रतिभाशाली व्यक्तिहरूको छनौट गर्छौं।

## गुणस्तरीय शिक्षाका लागि कटिबद्ध

**बुद्धि पुडासैनी, प्रबन्ध निर्देशक रेडहन कलेज, सामाखुसी**

सामाखुसीस्थित रेडहन कलेजमा प्राथमिक तहदेखि स्नातक तहसम्म अध्यापन हुन्छ। सन् २००० मा स्थापित यो कलेजमा प्लस टुअन्तर्गत विज्ञान, व्यवस्थापन तथा मानविकी संकायमा विद्यार्थी भर्ना लिइन्छ। 'गुणस्तरीय जीवनका लागि गुणस्तरीय शिक्षा' भन्ने नारा कलेजले तय गरेको छ। कलेजले त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा स्नातक तहमा बीबीएसका कक्षा पनि सञ्चालन गर्दै आएका छन्।

**रेडहनको मूल विशेषता के हो ?**

गुणस्तरीय शिक्षाका लागि हामी कटिबद्ध छौं। कलेजले अध्ययनका लागि आवश्यक पर्ने उच्च शैक्षिक वातावरणमा विशेष ध्यान पुर्‍याएको छ। विद्यार्थीलाई अनुशासनमा राखेर क्यारियर काउन्सिलिङको व्यवस्था पनि गरेका छौं। शिक्षकहरू पनि अनुभवी एवं सम्बन्धित विषयमा दक्ष हुनुहुन्छ। यो कलेजमा उपत्यकाका भन्दा बाहिरका विद्यार्थी बढी छन्।

**कलेजको उद्देश्य के-के छन् ?**

हाम्रो पहिलो योजना सबै संकायमा स्नातक तहसम्मको शिक्षा प्रदान गर्नु हो। जसअनुसार बीएस्सी, बीएडका कक्षा आगामी वर्ष सञ्चालनमा ल्याउने योजना छ। उपत्यकाबाहिर पनि रेडहनका शैक्षिक शाखा स्थापना गर्नेछौं।

**यहाँको शैक्षिक स्तर कस्तो छ ?**

स्तरीय प्रयोगशाला, पुस्तकालय, दक्ष एवं अनुभवी प्राध्यापक, उपप्राध्यापकहरूको संयोजनका कारण परिणाम दर पनि उच्च छ, तर हामी त्यतिमै सन्तुष्ट छैनौं। शैक्षिक स्तरीयतामा विशेष जोड दिएकाले नै यहाँ अध्ययन गर्ने प्रायः विद्यार्थीले उच्च शिक्षाका क्रममा विदेश जाने अवसर पाएका छन्।

**कलेजहरू महँगा छन् नि ?**

मध्यम वर्गीय परिवारलाई लक्षित गरेर शुल्क निर्धारण गरिएको छ। हामीले सन् २००० मा कायम गरेको शुल्क अहिलेसम्म पनि परिवर्तन गरेका छैनौं। औसत शुल्कमा विद्यार्थीलाई पर्याप्त सुविधा दिएर स्तरीय शिक्षा प्रदान गरेका छौं।

## व्यावहारिक अनुसन्धानका लागि

**प्रल्हाद बानियाँ, प्रिन्सिपल एफ डब्लु टेलर, कालिकास्थान**

सन् १९९७ मा स्थापना भएको एफ डब्लु टेलरमा प्लस टुअन्तर्गत विज्ञान, व्यवस्थापन तथा मानविकी संकायमा अध्यापन गराइन्छ। कालिकास्थानमा रहेको यो कलेजले प्लस टुका कक्षा सञ्चालन गरे पनि हाल त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बीबीएस पनि अध्यापन गराउँछ। यो कलेजले विद्यार्थीलाई व्यावहारिक एवं रोजगारमूलक शिक्षा प्रदान गर्ने बताएको छ। कलेजका प्रिन्सिपल प्रल्हाद बानियाँका अनुसार 'सबैका लागि शिक्षा' भन्ने मूल मन्त्रलाई आत्मसात् गरेर कलेजले

बाँकी पृष्ठ १९ मा


Private Test/S.L.C.
Private Test/S.L.C. मा अपार सफलता पछि २०६३ को लागि Private Test/SLC मा भर्ना लिइदैछ।
Model Educational Institute

SLC/+2 फेल Guaranteed पास
NIOS (Delhi Board)
Contact
2080316
2114262

ADMISSION OPEN
Viswa Niketan Higher Secondary School
Announces Admission Open for
Admission Fee 2000/-
Scholarships Available
Grade XI in
Science, Management, Humanities and Education
for the Academic Session 2063/64
Distribution of forms: from 23rd of Ashadh 2063
First Entrance Test: 5th of Shrawan 2063
Class begins from: 15th Shrawan 2063
All concerned parents, guardians and students are invited to visit us from 7 am to 4:30 pm
Viswa Niketan Higher Secondary School
Tripureswor, Kathmandu
Ph: 4248838, 4266306, 4265235

के तपाईं SLC पास हुनु भयो ?
बधाई छ, तपाईंको लागि HA / Staff Nurse / Overseer preparation का कक्षाहरू प्रभावकारी संचालन भईरहेका छन्।
के तपाईं SLC फेल हुनु भयो ?
चिन्ता नलिनुहोस्, तपाईंको लागि मौका परीक्षाको विभिन्न विषयहरूको तयारी कक्षाहरू प्रभावकारी संचालन भईरहेका छन्।
COSMOS Education & Career Consultancy (P.) Ltd.
Sankhamul Marg, New Baneshwor, Tel: 4784732

Classic College
International






Admission Open
for +2
Science
Commerce
Humanities
Classic College International
Pingla Marg, Tilganga, Kathmandu.
Ph: 4466333.
e-mail: classicic@wlink.com.np

Siddhartha Academy (+2) College
Science / Management / Humanities / Education
With
(Computer Sc. / Mass Communication / Hotel Mgmt. / Travel & Tourism)
Admission Open XI
Admission Open XI
Scholarship Program
SCEINCE
85% and above - Full scholarship
80% and above - Admission free and 50% scholarship in monthly fee
75% and above - 50% free in admission fee
70% and above - 25% free in admission fee
MANAGEMENT, HUMANITIES AND EDUCATION
80% and above - Full Scholarship
75% and above - Admission free
70% and above - 50% free in admission
* Admission free to school toppers
* Tuition fee free to SiAC topper in XI HSEB board Exam.
PROPOSED :
B.Sc. (Micro Biology / Environment Science) & B.A. (Journalism/Social Work)







Siddhartha Academy Higher Secondary (+2 College)
SiAC Bafal, Kalimati Phone : 4284666, 4278632

पृष्ठ १८ बाट जारी

आफ्नो दायित्व निर्वाह गरिरहेको छ ।

**कलेजको विशेषता के हो ?**

किताबी एवं सैद्धान्तिक ज्ञानसँगै विद्यार्थीलाई व्यावहारिक र शोध ज्ञान दिनु नै हाम्रो विशेषता हो । उनीहरूको व्यक्तित्व विकासका लागि हामी कुनै कसर बाँकी राख्दैनौं । जसका लागि समय-समयमा अन्तर्क्रियाहरू पनि भैरहन्छन् । न्यूनतम शुल्कमा पनि गुणस्तरीय शिक्षा दिन सकिन्छ भन्ने उदाहरण हामीले पुष्टि गरेका छौं ।

**कुन वर्गलाई लक्षित गरेको छ ?**

गुणस्तरीय एवं व्यावहारिक शिक्षामा विश्वास राख्ने र व्यक्तित्व विकासका लागि अपनाइएका विधिहरूलाई रुचाउने सबैलाई हाम्रो कलेजले समान अवसर प्रदान गर्छ, तर भर्नासम्बन्धी मापदण्ड सबै पूरा गरेको हुनुपर्छ । कुनै एकलाई नभएर सबै वर्गलाई लक्षित गरिएको छ ।

**विद्यार्थी भर्ना प्रक्रिया कस्तो छ ?**

हामी सीमित सिटमा भर्ना लिन्छौं तर विद्यार्थी र अभिभावकको माग ज्यादा भएमा व्यवस्थापन समितिले अर्को सेक्सनको व्यवस्था गर्न भने सक्छ ।

**अन्य कलेज र यो कलेजमा भिन्नता के छ ?**

सरकारी कलेजमा राजनैतिक हस्तक्षेप, अनुशासनहीनताका कारण पढाइ सुचारु हुन सकिरहेको पाइँदैन, यसका अतिरिक्त समयमा पाठ्यक्रम नसकिनु, व्यक्तिगत रेखदेख नहुनु, शिक्षकहरूले दायित्व बोध नगर्नु जस्ता समस्या सरकारी कलेजमा हुन्छन्, तर यहाँ त्यस्तो छैन ।

## मध्यम स्तरको शुल्कमा उच्च शिक्षाका लागि

**सीपी राजभण्डारी, प्रिन्सिपल**
**अन्नपूर्ण कलेज, ज्याठा**

काठमाडौं ज्याठा कान्तिपथस्थित अन्नपूर्ण कलेज सन् १९९५ मा स्थापना भएको हो । शैक्षिक पठन-पाठनका क्षेत्रमा गरिमामय इतिहास कायम राख्दै अघि बढेको यो कलेजमा प्लस टु तहमा विज्ञान तथा व्यवस्थापन दुईवटा संकायमा अध्यापन गराइन्छ । निम्न मध्यम वर्गको पहुँचमा पनि शिक्षाको अवसर प्राप्त हुनुपर्ने मान्यतालाई लिएर कलेज अघि बढेको प्रिन्सिपल सीपी राजभण्डारी बताउँछन् । कलेजले त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बीबीए तथा बीबीएसका कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ ।

**कलेजको मुख्य विशेषता के छन् ?**

पारिवारिक वातावरणमा स्तरीय शिक्षामा विशेष जोड दिएका छौं । विद्यार्थीको शैक्षिक परिणाम उत्कृष्ट रहनुले पनि यसलाई प्रमाणित गर्छ । एउटा विद्यार्थीलाई दक्ष बनाउनु मात्र होइन कि उसलाई अनुशासित बनाउनेतर्फ पनि कलेजले त्यत्तिकै ध्यान दिएको छ ।

**अहिलेसम्मको परिणाम कस्तो छ ?**

अत्यन्तै राम्रो छ । कक्षा ११ र १२ को नियमित परीक्षामा ८६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । यसबाहेक पुनः परीक्षामा समेत गरेर शतप्रतिशत विद्यार्थी उत्तीर्ण हुन्छन् ।

**कलेजले शैक्षिक वातावरण कायम राख्न कसरी काम गरेको छ ?**

स्तरीय शिक्षाका लागि आवश्यक पर्ने भौतिक सामग्री, अनुभवी तथा दक्ष शिक्षक-शिक्षिकामा कलेजले ध्यान दिएको छ । विद्यार्थीलाई पनि रुचिअनुसारको विषय अध्ययन गर्न परामर्श तथा अतिरिक्त क्रियाकलापमा प्रोत्साहन गर्न अन्य मनोरञ्जन सामग्री पनि उपलब्ध गराएका छौं ।

## मध्यमवर्गीय परिवारका लागि स्तरीय शिक्षा

**डा. गोपालकृष्ण श्रेष्ठ, प्रिन्सिपल**
**ब्रुकफिल्ड इ. कलेज, सिनामङ्गल**

वि.सं. २०५७ सालमा स्थापना भएको ब्रुकफिल्ड इन्टरनेसनल कलेज सिनामङ्गलमा विज्ञान, व्यवस्थापन र मानविकी तीनवटै संकायमा प्लसटुको अध्यापन हुन्छ । यो कलेजमा प्लस टु विज्ञानमा भौतिक शास्त्र, रसायन शास्त्र, जीव विज्ञान, ओ.एम्.एस्.पी., कम्प्युटर साइन्स, व्यवस्थापनमा होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्म, कम्प्युटर साइन्स, अर्थशास्त्र, बुम, लेखाशास्त्र तथा मानविकीमा समाजशास्त्र, ऐ.अङ्ग्रेजी, आमसञ्चार तथा पत्रकारिता, कम्प्युटर साइन्सजस्ता विषय अध्यापन गराइन्छ । कलेजले अतिरिक्त क्रियाकलापमा पनि उत्तिकै ध्यान दिँदै आएको छ । विद्यार्थीलाई शैक्षिक भ्रमण, अवलोकन भ्रमण, परियोजनात्मक कार्यमा सहभागी गराउँदै आएको यो कलेजमा छात्रावासको व्यवस्था पनि छ ।

**यो कलेजको विशेषता के हो ?**

हामी विगत ३ वर्षदेखि ८० प्रतिशतभन्दा बढी विद्यार्थी उत्तीर्ण गराउन सफल छौं । एक दर्जन विद्यार्थी विभिन्न मेडिकल कलेजमा छात्रवृत्तिमा अध्ययनरत छन् भने त्यत्ति नै इन्जिनियरिङ क्याम्पसमा अध्ययनरत छन् । छात्रवृत्ति सुविधामा विश्वका विभिन्न विश्वविद्यालयमा दुई दर्जनभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । मध्यमवर्गीय परिवारका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने भरपर्दो संस्थाका रूपमा परिचय बनाउन सक्नु नै हाम्रो विशेषता हो ।

**कलेजको उद्देश्य के हो ?**

लामो शैक्षिक अनुभवलाई व्यवहारमा उतारी उच्च शिक्षाका लागि बिदेसिइरहेका विद्यार्थीलाई नेपालमै स्तरीय शिक्षा दिनु हाम्रो उद्देश्य हो । सामुदायिक संस्थाका रूपमा यो कलेजको स्थापना भएको हो ।

**अन्य कलेजभन्दा कसरी भिन्न छ ?**

उत्कृष्ट नतिजा, अनुशासित वातावरण, सृजनात्मक गतिविधि, अध्ययनप्रति विद्यार्थीलाई चाख वढाउनु, वर्षमा एकपटक एक अनुसन्धानात्मक कार्य गराउनुजस्ता धेरै भिन्नता छन् ।

**भर्ना प्रक्रियाको व्यवस्था के छ ?**

प्रवेशिका उत्तीर्ण गरेका विद्यार्थीलाई विज्ञापनमार्फत खुला प्रतिस्पर्धा गराइन्छ । विद्यार्थीलाई लिखित, मौखिक तथा अभिभावकसँगको पनि अन्तर्वार्तापछि छनौटमा परेका विद्यार्थीलाई भर्ना लिइन्छ ।

## मध्यमवर्गीय विद्यार्थीको लक्ष्य

**ऋषि तिवारी, प्रिन्सिपल**
**पिनाकल कलेज, लगनखेल**

ललितपुर लगनखेलस्थित पिनाकल कलेज २०५५ मा स्थापना भएको हो । पिनाकलमा विज्ञान, व्यवस्थापन तथा मानविकी तीनवटै संकायमा प्लस टु अध्यापन गराइन्छ । कलेजले सिटिईभिटीको सम्बन्धनमा ३ वर्षे सर्टिफिकेट डिप्लोमा पनि गराउँदै आएको छ । ४० सिटका लागि लिइने फार्मेसी हेल्थ असिस्टेन्टका लागि प्रवेशिका उत्तीर्ण गरेको हुनुपर्नेछ । मध्यम एवं निम्नवर्गीय विद्यार्थीहरूलाई लक्षित गरी खोलिएको यो कलेजको मुख्य उद्देश्य कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्नु हो । कलेजका अनुसार वि.सं. २०६१ सालमा कक्षा ११ र वि.सं. २०६२ सालमा कक्षा १२ को परीक्षामा नियमित रूपमा ८८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । यसबाहेक बोर्डमा आएका १० मध्ये ६ जना विद्यार्थी यही कलेजका थिए ।

**कलेजको विशेषता के हो ?**

विद्यार्थीले प्रवेशिकापछि राम्रो शिक्षा पाउन नसकेको देखेर प्राध्यापन पेसामै संलग्न शिक्षकहरूको समूहले खोलेको कलेज हो यो । निम्न र मध्यमवर्गीय परिवारका विद्यार्थीहरूलाई लक्षित गरी कलेजको स्थापना गरिएको हो । गुणस्तरीय शिक्षा नै हाम्रो मूल विशेषता हो ।

**अध्ययन शुल्क कत्ति महँगो छ ?**


शुल्क मध्यमवर्गीय विद्यार्थीलाई लक्षित गरी बनाइएको छ । अन्य प्लस टु कलेजभन्दा तुलनात्मक सस्तो छ ।

**कलेजको उद्देश्य ?**

विगत १० वर्षभन्दा बढी समय प्राध्यापन गर्ने शिक्षकहरूको सामूहिक प्रयासमा आर्थिक स्तर कमजोर भएका विद्यार्थीका लागि यो कलेज स्थापना गरिएको हो । शिक्षा आर्जनमा गरिबी बाधक नबनोस् भन्ने उद्देश्य हाम्रो हो ।

**यो कलेज के अर्थमा भिन्न छ ?**

यहाँ अनुशासन छ, अध्ययन गर्ने वातावरण छ, हामी गुणस्तरीय शिक्षामा ध्यान दिन्छौं ।




## सीमित विद्यार्थी, स्तरीय शिक्षा

**सन्त सुब्बा, प्रिन्सिपल**
**क्याम्ब्रिज कलेज, कुलेश्वर**

सन् १९९९मा स्थापित क्याम्ब्रिज कलेज पूर्ण रूपमा प्लस टु कलेज मानिन्छ। यहाँ विज्ञान, व्यवस्थापन, मानविकी गरी ३ सय सिटमा अध्यापन गराइन्छ।

**तपाईंहरूको मुख्य विशेषता ?**

हाम्रो सिकाउने अनि सिक्ने प्रक्रिया विशेष किसिमको छ। हाम्रो मूल ध्येय संख्यामा भन्दा गुणस्तर विकास गरी विद्यार्थीहरूमा अध्ययन गर्ने बानीको विकास गराउनु हो।

**अन्य कलेजभन्दा किन भिन्न छ ?**

प्लस टु भनेको स्कुल र उच्च शिक्षाबीचको समय हो। त्यसैले हामी पूर्णतया यसैमा लागिपरेका छौं। हामी सीमित विद्यार्थी भर्ना लिन्छौं, तर शतप्रतिशत परिणाम निकाल्न कटिबद्ध हुन्छौं।

**होटेल म्यानेजमेन्ट र ट्राभल एन्ड टुरिज्ममा जोड दिनुको कारण ?**

हामी गुणस्तरीय शिक्षालाई व्यावहारिक रूपमा उतार्न चाहन्छौं। यी दुवै विषय प्रयोगात्मक छन्। साथै क्याम्ब्रिजको ट्राभल एन्ड टुरिज्म क्यारियर कोर्स जीसीईको 'ए' लेभल बराबर हुन्छ, जुन अन्तर्राष्ट्रिय क्याम्ब्रिज युनभिर्सिटीको सम्बन्धन प्राप्त प्रमाणपत्र हो।

**प्लस टु मात्र हुनुको कारण ?**

पहिले हामी जग नै दरिलो बनाउन चाहन्छौं। स्नातक छुट्टाछुट्टैभन्दा पनि सबै संकायको स्नातक एकैपटक निकट भविष्यमै सञ्चालन गर्न चाहन्छौं।

**यहाँको शुल्क कत्तिको महँगो छ ?**

हामी विद्यार्थीहरूलाई चाहिने सामग्रीका लागि मात्र शुल्क लिन्छौं, जुन अभिभावकहरूको पहुँचसँग मिल्दोजुल्दो नै हुन्छ। यसबाहेक नाफामूलक उद्धेश्यले हामी अन्य शुल्क लिँदैनौं।

## स्तरीय शिक्षाका लागि आवश्यक वातावरण

**अमूल अर्याल, प्रिन्सिपल**
**बाग्मती मोर्डन कलेज, भगवतीबहाल**

वि.सं. २०५३ सालमा स्थापना भएको बाग्मती मोर्डन कलेज भगवतीबहालले विज्ञान, व्यवस्थापन तथा मानविकीमा प्लस टु कक्षा सञ्चालन गर्दै आएको छ। मानविकीमा आमसञ्चार तथा पत्रकारिता, समाजशास्त्रजस्ता नयाँ विषयलाई कलेजले समावेश गराएको छ। प्राध्यापन पेसामै लामो समय संलग्न भएका शिक्षकहरूको समूहले सञ्चालन गरेको यो कलेजमा उत्कृष्ट प्राध्यापकहरू रहेको प्रिन्सिपल अमूल अर्याल बताउँछन्।

**कलेजको विशेषता के हो ?**

स्तरीय शिक्षाका लागि चाहिने आवश्यक वातावरण तयार गरेका छौं। आधुनिक भौतिक संरचनामा आधारित सुविधा उपलब्ध छन्। उच्च शिक्षाका क्रममा विद्यार्थीलाई कलेजले भरमग्दुर सहयोग गरिरहेको छ।

**तपाईंहरूको उद्देश्य ?**

समाजका लागि केही गरू भन्ने भावना रहेका प्राध्यापकहरूको समूहले खोलेको कलेज हो यो। यसकारण गुणस्तरीय शिक्षा प्रदान गरेका छौं।

**कुन वर्गलाई लक्षित गर्नुभएको छ ?**

खासगरी मध्यम वर्गलाई लक्षित गरिएको भए पनि निम्न वर्गका विद्यार्थीलाई सहुलियत प्रदान गरेका छौं। स्तरीय शिक्षाको कारण उच्च वर्गका विद्यार्थी पनि आउने गरेका छन्।

**विद्यार्थी भर्ना प्रक्रिया कस्तो छ ?**

विद्यार्थीलाई सुरुमा शैक्षिक परामर्श दिइन्छ। फर्म वितरण गरिन्छ र प्रवेशिका परीक्षामा सफल विद्यार्थीलाई अन्तर्वार्ता लिएर भर्ना लिईन्छ।

## स्तरीय शिक्षाको अवसर सबैलाई

**के.बी. महर्जन, प्रिन्सिपल**
**काठमाडौं बर्नहर्ट कलेज, कालिमाटी**

२०५७ सालमा स्थापित बर्नहर्ट कलेजले प्लस टुअन्तर्गत विज्ञान, व्यवस्थापन तथा मानविकी विषय अध्यापन गराउँछ। स्नातक तहमा बीबीएस तथा रुरल डेभलपमेन्टमा बीएका कक्षा सञ्चालित यो कलेजले यसै वर्षदेखि बीएमा पत्रकारिताजस्ता विषयहरू थप्दैछ। जीवनोपयोगी शिक्षा प्रदान गर्ने यो कलेजका विद्यार्थीहरू विश्वका विभिन्न प्रतिष्ठित कलेजमा छरिएका छन्।

**परिणाम कस्तो छ ?**

हामी यसलाई नेपालका प्रतिष्ठित प्लस टुहरूमध्ये उभ्याउन सफल छौं। व्यवस्थापन संकायमा ८९ प्रतिशत अंक ल्याई (नेपालमै पहिलो) स्थान हासिल गरी दुई पटक सर्वश्रेष्ठ स्थानमा उभिन सफल भैसकेका छौं।

**विद्यार्थी आकर्षित गर्ने त्यो विशेष के छ बर्नहर्टमा ?**

हामी विद्यार्थीको पढाइमा, अतिरिक्त क्रियाकलापमा र उनीहरूको चौतर्फी विकासमा विशेष ध्यान दिन्छौं तथा उनीहरूलाई व्यवहारमुखी बनाउँछौं।

**यो कलेजको उद्देश्य र भावी योजना के छन् ?**

पारिवारिक, सामाजिक र राष्ट्रियस्तरमा योग्य नागरिक तयार पार्नु हाम्रो उद्देश्य हो। साथै भविष्यमा स्कुल, प्लस टु र स्नातकलाई सन्तोषजनक किसिमले चलाउने योजना छ।

**निजी क्षेत्रले नै सम्पूर्ण उच्चशिक्षा दिन सम्भव छ ?**

विकसित देशहरूको शैक्षिक पद्धतिलाई दृष्टिगत गर्दा अनि मैले आफूले उच्चशिक्षाका क्रममा विदेशमा सँगालेको अनुभव हेर्दा नेपालमा निजी क्षेत्रलाई उच्चशिक्षा जुन अवसर प्रदान गरेको छ, त्यो समयानुकूल एवं उपयुक्त छ।

## उत्कृष्टता नै उद्देश्य

**चैतन्य शर्मा, प्रिन्सिपल**
**मदन भण्डारी मेमोरियल कलेज**

प्लस टुअन्तर्गत विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षा अध्यापन गराइने र स्नातकतर्फ बीए, बीएड, बीबीए अध्यापन गराइने यो कलेज सेवामूलक शिक्षाको चेतना प्रदान गर्न स्थापना भएको प्रिन्सिपल शर्मा बताउँछन्। यसै वर्षदेखि यो कलेजले स्नातकोत्तर तहमा समाजशास्त्र तथा एन्थ्रोपोलोजीका कक्षा सञ्चालन गर्दैछ।

**कलेजको विशेषता के हो ?**

हामीकहाँ ७० प्रतिशत विद्यार्थी नेपालका दुगर्म जिल्लाबाट छन्, तर पनि हामी ७० देखि ८० प्रतिशत नतिजा प्राप्त गर्न सफल छौं।

**यो कलेजको मूल उद्देश्य ?**

हामी मोडरेट शुल्कमा शिक्षालाई आम-जनसमुदायको पहुँचभित्र राख्न चाहन्छौं, विशेष गरी दुर्गम जिल्लाका विद्यार्थीलाई शिक्षाको पहुँचमा राख्न चाहन्छौं।

**कस्तो शैक्षिक संस्थालाई राम्रो मान्ने ?**

पहिले त कलेजको शैक्षिक स्तर परिणामका आधारमा हेर्नुपर्छ। साथै शिक्षकहरूको योग्यता, कक्षाको आकार, अनुशासन, समाजलाई कत्तिको योगदान दिएको छ हेर्नु आवश्यक छ।

**प्लस टुको संख्या बढेपछि शुल्क घट्नुपर्ने होइन ?**

जिल्ला शिक्षा कार्यालयले प्लस टुलाई नै बढावा दिएको छ। सामुदायिक स्कुलमै प्लस टु भए व्यापारीकरण घटी शुल्क घट्न सक्थ्यो।

## योग्यलाई शतप्रतिशत छात्रवृत्ति

**प्रा.डा. शिवदत्त ज्ञवाली, प्रिन्सिपल**
**युनिभर्सल कलेज, मैतीदेवी**

आधुनिक वातावरणमा प्राय: सबै सुविधा उपलब्ध गराउने प्रयास गरिएको युनिभर्सल कलेज मैतीदेवीमा छ। सन् १९९६ मा विद्यालयबाट प्रारम्भ भएको युनिभर्सल एकेडेमी सन् १९९७ मा प्लस टु कार्यक्रम थपिएपछि कलेजमा परिणत भएको हो। यो कलेजमा प्लस टुमा विज्ञान, व्यवस्थापन, मानविकी तीनै संकायमा अध्यापन हुन्छ। यो वर्ष ५ सय विद्यार्थी भर्ना लिने योजनामा रहेको यो कलेजले विशिष्ट श्रेणी ल्याउनेलाई पूर्ण छात्रवृत्ति प्रदान गर्छ।

**तपाईंको कलेजको विशेषता के हो ?**

उत्कृष्ट भौतिक संरचना एवं शैक्षिक वातावरणमा अनुशासित मर्यादा कायम राख्दै स्तरीय शिक्षा दिनु हाम्रो कलेजको विशेषता हो। हाम्रा उत्पादनहरू स्वदेश वा विदेश जहाँ गए पनि सफल हुन् भनेर कलेजले कुनै कमी हुन दिएको छैन।

**केलाई प्राथमिकता दिनुहुन्छ ?**

'हामी माछा दिँदैनौं विद्यार्थीलाई माछा मार्ने सीप सिकाउँछौं' यसकारण उनीहरूलाई जीवनभर नभुल्ने गरी ज्ञान दिनु कलेजको प्राथमिकता हो।

**कलेज कस्तो वर्गलाई लक्षित गरी खोलिएको हो ?**

यो कलेज मध्यमवर्गीय परिवारलाई लक्षित गरी खोलिएको हो। शिक्षाका निम्ति सबैलाई समान अवसर प्रदान गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो।

**कलेज खोल्नुको उद्देश्य ?**

नेपालमा निजी क्षेत्रबाट राष्ट्रलाई चाहिने स्तरीय जनशक्ति उत्पादन गरी अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा उतार्नु।

**शुल्कको व्यवस्था कस्तो छ ?**

शुल्क महँगो छैन। दुर्गम, पिछडिएका जनजाति, अपाङ्ग, विस्थापित, महिलालाई अवस्था हेरी छात्रवृत्तिको व्यवस्था छ। यसबाहेक प्रवेशिकामा प्राप्त अङ्कलाई हेरेर सुविधा प्रदान गरिन्छ।

## भरपर्दो शैक्षिक प्रतिष्ठान

**इन्द्रबहादुर मल्ल, प्रिन्सिपल**
**नेसनल इन्टिग्रेटेड कलेज, डिल्लीबजार,**

वि.सं. २०५९ मा स्थापना भएको नेसनल इन्टिग्रेटेड कलेज चारखालले प्लस टुका साथै त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा स्नातक तहमा बीबीएस तथा बीएका कक्षा पनि सञ्चालन गर्दै आएको छ। यो कलेजमा प्लस टुअन्तर्गत विज्ञान, व्यवस्थापन तथा मानविकी संकायमा अध्यापन हुन्छ। प्रिन्सिपल इन्द्रबहादुर मल्लका अनुसार थोरै समयमै भरपर्दो शैक्षिक प्रतिष्ठानका रूपमा स्थापित भैसकेको यो कलेजमा हाल १ हजार ५ सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। प्लस टु तहमा व्यवस्थापन अन्तर्गत औसत ९८ प्रतिशत तथा विज्ञानमा ९२ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदै आएका छन्। कलेजले विज्ञान अध्ययन गर्नेलाई शनिबार विशेष कक्षा पनि उपलब्ध गराउँदै आएको छ। यो वर्ष कलेजले प्लस टु तहमा ८ सय विद्यार्थी लिने भएको छ। दक्ष तथा अनुभवी शिक्षकहरूद्वारा प्राध्यापन हुने यो कलेजले अनुशासनमा विशेष जोड दिँदै आएको छ।

**यो कलेज कत्तिको महँगो छ ?**

हाम्रो कलेजले कम शुल्कमा पनि स्तरीय शिक्षा दिन सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ। यहाँ आएपछि विद्यार्थीले स्वस्थकर वातावरणमा गुणस्तरीय शिक्षा हासिल गर्न सक्छन्।

**यो कलेजको मुख्य विशेषता के हो ?**

स्तरीय शिक्षाका लागि अनुकूल वातावरण सृजना गर्दै व्यावहारिक शिक्षामा जोड दिनु नै हाम्रो विशेषता हो।

**कुन उद्देश्यले कलेज स्थापना गर्नुभएको हो ?**

व्यवसायीकरण भैरहेको शिक्षालाई तोड्दै राम्रो शिक्षा कम मूल्यमा दिन सकिन्छ भनेर देखाउन यो कलेज स्थापना गरिएको हो। सुविधाअनुरूप शुल्क कायम गरिएको छ। यो कलेज नाफामूलक उद्देश्यले खोलिएको होइन।

**यो कलेज अन्य कलेजभन्दा के अर्थमा फरक छ ?**

यहाँ अनुशासित वातावरणमा नियमित अध्यापन हुन्छ, प्राय: सबै विद्यार्थी राम्रो अङ्क ल्याएर उत्तीर्ण हुन्छन्। अन्य निजी कलेजको तुलनामा हेर्दा पैसा धेरै खर्च गरे मात्र स्तरीय शिक्षा पाइन्छ भन्ने भनाइलाई हामीले तोडेका छौं।

## विद्यार्थीलाई प्राविधिक सहयोग पनि उपलब्ध

**राजन कोइराला, प्रशासन प्रमुख**
**एम्बिसन एकेडेमी, मीनभवन**

विज्ञान, व्यवस्थापन तथा मानविकी तीनवटै संकायमा अध्यापन हुने एम्बिसन एकेडेमी वि.सं. २०६०-६१ देखि सञ्चालनमा आएको हो। विज्ञानमा कम्प्युटर साइन्स, व्यवस्थापनमा होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्म, मानविकी, आमसञ्चारजस्ता नयाँ विषयलाई यो कलेजले समावेश गरेको छ। कलेजले इन्जिनियरिङ, मेडिकल, चार्टड एकाउन्टेन्टजस्ता विषयमा विदेश गएर उच्च शिक्षा लिन चाहने विद्यार्थीलाई नि:शुल्क तयारी कक्षा पनि उपलब्ध गराएको छ। कलेजले यो वर्ष ५ सय विद्यार्थी भर्ना लिने लक्ष्य राखेको छ। यसैगरी कलेजले यसै वर्षदेखि १० अञ्चलका ३ सय ६५ विद्यार्थीलाई उनीहरूलाई पायक पर्ने स्थानिय उ.मा.वि. तथा कलेजमा अध्ययन गर्न वार्षिक २ हजार ४ सयका दरले छात्रवृत्ति उपलब्ध गराउने भएको छ।


**तपाईंको कलेजमा अन्य कलेजभन्दा के अर्थमा भिन्न छ ?**

हामीकहाँ २४ सै घण्टा इन्टरनेट सुविधा, अत्याधुनिक प्रयोगशाला, स्वस्थ वातावरण तथा आधारभूत अन्य सबै सामग्रीको व्यवस्था गरिएको छ। यातायातका हिसाबले पनि हाम्रो कलेज केन्द्रबिन्दुमा छ।

**कुन उद्देश्यले कलेजको स्थापना भएको हो ?**

अहिले आधुनिक शिक्षा खासगरी विकसित नयाँ प्राविधिक शिक्षा प्रदान गर्ने उद्देश्यले कलेजको स्थापना भएको हो। हामीले उत्पादन गरेका विद्यार्थी विश्वभर जहाँसुकै खपत हुन सकून्। अर्को कुरा, हाम्रो कलेजले कम शुल्कमा पनि स्तरीय शिक्षा प्रदान गर्न

**बाँकी पृष्ठ २१ मा**






पृष्ठ २० बाट जारी

सकिन्छ भन्ने पुष्टि गरेको छ ।

**कुन वर्गलाई लक्षित गरेर कलेज खोल्नुभएको हो ?**

सबैका लागि समान शिक्षा भन्ने भनाइअनुरूप निम्न वर्ग (दलित, जनजाति) लाई पनि सहुलियत प्रदान गरेर स्तरीय शिक्षाको अवसर प्रदान गरेका छौं ।

**शिक्षक छनौट तथा विद्यार्थी भर्ना प्रक्रिया कस्तो छ ?**

विज्ञापनमार्फत हामीले खोजेजस्तो उत्कृष्ट शिक्षकलाई लिइन्छ । लामो समय प्राध्यापन पेसामा संलग्न शिक्षकहरू यहाँ हुनुहुन्छ । यसै गरी विद्यार्थीलाई कलेजका बारेमा जानकारी दिन्छौं, प्रवेश परीक्षा लिन्छौं अनि मात्र भर्ना लिने गरेका छौं ।

## बहुविषय अध्ययनको अवसर

**विजय थापा, प्रिन्सिपल**
**एभरेस्ट कलेज अफ मल्टिपल स्टडिज, गल्कोपाखा, ठमेल**

सन् १९९७ मा स्थापना भएको एभरेस्ट कलेज अफ मल्टिपल स्टडिज गल्कोपाखामा प्लस टुअन्तर्गत विज्ञान, व्यवस्थापन तथा मानविकी संकायमा भर्ना लिइन्छ । 'भौतिक संरचना यति विद्यार्थीका लागि मात्र पर्याप्त छ,' प्रिन्सिपल विजय थापा भन्छन्- 'सीमित विद्यार्थी भर्ना लिएर उत्कृष्ट परिणाम दिँदै आएका छौं । कलेजमा जे-जस्तो वातावरण छ, अभिभावकहरूलाई हामी देखाउँछौं र उहाँहरूको सरसल्लाह ग्रहण गर्छौं, थापाले भने ।

**तपाईंहरूको कलेजको विशेषता ?**

हामी विद्यार्थीलाई जे-जस्ता सुविधा उपलब्ध गराउने भन्छौं, त्यसमा प्रतिबद्ध रहन्छौं । शैक्षिक ज्ञानलाई व्यावहारिकतामा उतारेर दक्ष एवं असल नागरिक उत्पादन गर्ने कुरामा ध्यान दिएका छौं ।

**शैक्षिक स्तरीयतालाई कसरी व्यवस्थापन गर्नुभएको छ ?**

सम्बन्धित विषयका दक्ष तथा अनुभवी शिक्षकको छनौट, अनुशासित वातावरण, नियमित अध्ययन-अध्यापन, आन्तरिक परीक्षाजस्ता कुरामा अनुगमन गर्छौं ।

**शिक्षक छनौट कसरी गर्नुहुन्छ ?**

राम्रो पढेको शिक्षक भनेर मात्र हुँदैन, उसले पढाएको विद्यार्थीले बुझ्छन्-बुझ्दैनन् भन्ने कुरा पनि महत्त्वपूर्ण हुन्छ । यसकारण शिक्षकको प्रतिभा बुझ्ने, 'लेसन प्लान' तयार गर्न लगाउने तथा पढाउने शैली ठीक छ-छैन भनेर अनुगमन गर्छौं ।

**कुन वर्गलाई लक्षित गर्नुभएको छ ?**

कम आयस्रोत भएकाहरूलाई लक्षित गरेका छौं । हामीले न्यून शुल्कमा पनि उच्च भौतिक संरचनासहित विद्यार्थीलाई चाहिने सुविधा प्रदान गरेका छौं ।

## कम शुल्कमा स्तरीय शिक्षा

**ए.के. चौधरी, अनररी प्रिन्सिपल**
**क्रिम्सन इन्टरनेसनल कलेज, शंखमूल**

वि.सं. २०५६ मा स्थापना भएको क्रिम्सन इन्टरनेसनल कलेज शंखमूलमा छ । प्लस टुअन्तर्गत यो कलेजले विज्ञान, व्यवस्थापन र मानविकी संकायमा अध्यापन गराउँदै आएको छ । कलेजले गत वर्ष मात्र मानविकी संकाय थप गरेको हो । गत वर्ष यहाँका एक विद्यार्थीले 'अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स' (एम्स) अन्तर्गत एमबीबीएस छात्रवृत्ति कार्यक्रममा शीर्ष स्थानमा नाम निकालेका थिए ।

**यो कलेजको विशेषता के-के हुन् ?**

यो कलेज दक्ष तथा अनुभवी प्राध्यापकहरूद्वारा सञ्चालित छ । यातायातका दृष्टिकोणले पनि पायक पर्ने स्थानमा न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएका छौं । छात्रावास र यातायातको पनि व्यवस्था छ ।

**शुल्क न्यून भन्नुभयो, कति न्यून हो ?**

मध्यमवर्गीय परिवारले धान्न सक्ने शुल्क निर्धारण गरेका छौं । काठमाडौंका अन्य कलेजको तुलनामा यहाँको शुल्क सस्तो छ । न्यूनतम शुल्कमा स्तरीय शिक्षा प्रदान गर्नु हाम्रो लक्ष्य हो ।

**तपाईंहरूको कलेज अन्य कलेजभन्दा के अर्थमा भिन्न छ ?**

विद्यार्थी तथा अभिभावकलाई शैक्षिक मामलामा सन्तुष्टि प्रदान गरेका छौं । विद्यार्थीलाई व्यक्तिगत रूपमा अनुगमन र निगरानी गर्छौं । अनुशासनमा कडा छौं, उच्च भौतिक वातावरणमा नाम चलेका शिक्षक-शिक्षिकाबाट अध्यापन गराउँछौं ।

**कलेजका भावी योजना के छन् ?**

भरपर्दो शैक्षिक प्रतिष्ठानका रूपमा विकास गरेर प्लस टु तहदेखि उच्च शिक्षाका सबै कार्यक्रममा जाने योजनामा छौं । यसका लागि बर्सेनि कार्यक्रमहरू थप्दै लानेछौं ।

## भौतिक संरचनामा विशेष जोड

**नरेन्द्र राजभण्डारी, प्रिन्सिपल**
**एसभी एकेडेमी, बुद्धनगर**

वि.सं. २०५९ मा स्थापना भएको एसभी एकेडेमी बुद्धनगरमा विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षा संकायमा अध्यापन हुन्छ । एकेडेमीले ट्राभल एन्ड टुरिज्म, होटल म्यानेजमेन्ट, आमसञ्चार तथा पत्रकारिता, सोसियोलोजी, कम्प्युटर साइन्स, इन्भाइरोमेन्टजस्ता विषयलाई प्लस टुमा समेटेको छ । विभिन्न पेसामा आबद्ध १ सय ५० जना व्यक्तित्व मिलेर सामुदायिकताकै अवधारणामा कलेज स्थापना गरिएको प्रिन्सिपल नरेन्द्र राजभण्डारी बताउँछन् ।

**तपाईंहरूको कलेजको विशेषता ?**

कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरेका छौं । उच्च शैक्षिक वातावरण, अनुभवी तथा नाम चलेका शिक्षक अनि बजारअनुसारका व्यावसायिक विषयहरू । बिहान, दिउँसो र बेलुका तीनै समयमा अध्यापन ।

**शैक्षिक स्तरीयता कायम राख्न कुन कुरामा ध्यान दिनुभएको छ ?**

शैक्षिक स्तरीयताका लागि मूल्याङ्कन बलियो उपाय हो । युनिट टेस्टदेखि त्रैमासिक परीक्षासम्म सञ्चालन गर्छौं । कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षाको व्यवस्था तथा व्यावहारिक अनुसन्धानमूलक अध्ययनमा जोड दिएका छौं ।

**कुन वर्गलाई लक्षित गरेर कलेज स्थापना भएको हो ?**

हामीकहाँ नेपाली र अंग्रेजी दुवै माध्यमबाट अध्यापन हुने भएकाले साधारण विद्यालयदेखि निजी बोर्डिङ स्कुल सबैलाई लक्षित गरेका छौं । मध्यम तथा निम्न मध्यमलाई लक्षित गरिएको भए पनि शिक्षामा सबैको पहुँच आवश्यक छ भन्ने हाम्रो मान्यता हो ।

**अनुशासन कस्तो छ ?**

अनुशासनमा हामी कडा छौं । विकृत क्रियाकलापमा संलग्न विद्यार्थीलाई कलेजबाट निकालेका पनि छौं । ड्रेसमा पनि त्यत्तिकै कडाइ छ । नियमित अध्ययन-अध्यापनमा विशेष जोड दिन्छौं ।

## अनुशासित वातावरणमा व्यावहारिक शिक्षा

**रवीन्द्रजंग थापा, प्रिन्सिपल**
**रिलायन्स इन्टरनेसनल एकेडेमी, चाबहिल**

वि.सं. २०५० सालमा विद्यालयका रूपमा स्थापना भएको रिलायन्स इन्टरनेसनल एकेडेमी चाबहिलले वि.सं. २०६० सालमा आफ्नै उत्पादनबाट प्लस टुको यात्रा तय गरेको थियो । एकेडेमीले मानविकीमा सोसियोलोजी, मास कम्युनिकेसन व्यवस्थापनमा होटल म्यानेजमेन्ट, कम्प्युटर, बुम तथा विज्ञानमा कम्प्युटर साइन्सजस्ता व्यावहारिक विषय समेटेको उल्लेख गरेको छ । 'शैक्षिक परिणाम पनि उत्कृष्ट छ,' प्रिन्सिपल रवीन्द्रजंग थापाले भने- गत वर्ष ९५ प्रतिशत उत्तीर्ण गराएका छौं ।

**तपाईंको कलेजको मूल विशेषता ?**

पढाइ नै हो । सूचना प्रविधिमा आधारित रहेर शिक्षा प्रदान गरेका छौं । गुणस्तरीयताका लागि शिक्षक छनौट पनि त्यही हिसाबमा गरेका छौं । एकेडेमीमा अनुशासित वातावरण छ । स्तरीय अध्ययनका लागि आवश्यक पर्ने उच्च भौतिक संरचना तयार पारेका छौं ।

**कलेजको उद्देश्य ?**

निजी क्षेत्रबाट शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले कलेज स्थापना गरेका हौं । साथै उच्च शिक्षाका लागि बाहिरिनेहरूलाई लक्षित गरेर अन्तर्राष्ट्रिय स्तरको शिक्षा यही उपलब्ध गराउने लक्ष्य राखेका छौं । मुलुकका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्दै आएका छौं ।

**शैक्षिक योजना के-के छन् ?**

विद्यालयबाट प्रारम्भ भएर यहाँसम्म आइपुग्यौं, अझै अघि बढ्नु छ । उच्च शिक्षाका लागि नयाँ विषयका कार्यक्रम ल्याउने योजनामा छौं । भरपर्दो शैक्षिक प्रतिष्ठानका रूपमा एकेडेमीलाई स्थापित गर्नु छ ।

**शुल्क कति महँगो छ ?**

अन्य कलेज हेरी औसत शुल्क निर्धारण गरेका छौं । विशेष गरेर मध्यम वर्गीय परिवारलाई लक्षित गरेर कलेज स्थापना भएको हो, तर कम आयस्रोत भएकाहरूलाई अवसर नभएको चाहिं होइन ।

## शैक्षिक क्षेत्रमा केही गर्ने अठोट

**सुरेन्द्र श्रेष्ठ, प्रमुख निर्देशक**
**नोबल एकेडेमी, नयाँ बानेश्वर**

वि.सं. २०५५ सालमा उच्च माध्यमिक शिक्षा प्रारम्भ गरेको नोबेल एकेडेमीले प्लस टुअन्तर्गत विज्ञान, व्यवस्थापन तथा मानविकी संकाय अध्यापन गराउँदै आएको छ । नोबेलले सीटीईभीटीको सम्बन्धनमा डिप्लोमा इन फार्मेसी कोर्स पनि अध्यापन गराउँदै आएको छ । नयाँ बानेश्वरस्थित नोबेलको मुख्य भवनमा स्कुल तथा प्लस टु तह अध्यापन गराइन्छ ।

**नेपाली शैक्षिक क्षेत्रमा नोबेल एकेडेमी कहाँ छ ?**

शैक्षिक क्षेत्रमा केही गरूँ भन्ने भावनाका साथ युवाहरूले नोबेल सञ्चालनमा ल्याएका हौं । शैक्षिक क्षेत्रमा भरपर्दो प्रतिष्ठानका रूपमा नोबेल स्थापित भैसकेको छ । यहाँ अध्यापन गराउने विषय, शैली तथा अध्यापन गराउने शिक्षक सबै उत्कृष्ट छन् । गुणस्तरीय शिक्षा प्रदान गर्नु हाम्रो कर्तव्य हो ।

**कस्तो शिक्षालाई गुणस्तरीय मान्ने ?**

नेपालमा गुणस्तरीय शिक्षा देखाउने माध्यम भनेको शैक्षिक नतिजा हो । रोजगारमुखी शैक्षिक उत्पादन गुणस्तरीय शिक्षा हो । जुन कलेजको शैक्षिक नतिजा राम्रो हुन्छ, त्यहाँ विद्यार्थीको भीड बढ्नु स्वाभाविक हो । योग्य शिक्षकहरूद्वारा व्यावहारिक एवं प्रयोगात्मक ढंगबाट जीवनपयोगी शिक्षा दिनुलाई नै गुणस्तरीय शिक्षा मान्न सकिन्छ ।

**नोबेलका विशेषता ?**

दक्ष शिक्षक-शिक्षिकाहरूद्वारा अध्यापन, अन्तर्निहित विद्यार्थीमुखी शिक्षणविधि, मनोवैज्ञानिक परामर्शको विशेष सुविधा, व्यवस्थित पुस्तकालय, शान्त वातावरणसहितको स्तरीय कक्षाकोठा, साधनसम्पन्न विशिष्ट प्रयोगशाला आदि ।

**उच्च शिक्षाका लागि विद्यार्थी बिदेसिन्छन्, यसले कत्तिको अप्ठ्यारो पार्छ ?**

अप्ठ्यारो परेको छ, तर निजी कलेजहरूले विद्यार्थी बाहिर जानबाट रोकेका छन् । सरकारले निजी क्षेत्रसँग सहकार्य गरेर शिक्षाको स्तर अझै उकास्नुपर्छ । निजी शैक्षिक संस्थाहरूप्रति सरकार सकारात्मक हुनुपर्छ । निजी शैक्षिक संस्थाहरूले चर्को शुल्क लिए भन्नुभन्दा पनि बिदेशिने धनराशि जोगाएका छन् भन्नेतर्फ सोच्नुपर्‍यो ।

**निजी क्षेत्रले एक्लै सम्पूर्ण शिक्षाको जिम्मेवारी लिन सक्छ ?**

उचित वातावरण पाउने हो भने सम्पूर्ण उच्च शिक्षा निजी क्षेत्रले दिन नसक्ने कुरै छैन । सरकारले अनुगमन, निरीक्षण र गुणस्तर निर्धारण गरेर होइन, प्रतिस्पर्धाका कारण निजी क्षेत्रको शिक्षा गुणस्तरीय एवं भरपर्दो भएको हो ।

**विद्यार्थीले कस्तो कलेज छनौट गर्ने ?**

कलेजका शैक्षिक उपलब्धि हेर्ने, त्यहाँको शैक्षिक वातावरण तथा भौतिक सुविधा निरीक्षण गर्ने, अनुभवी एवं दक्ष प्राध्यापक छन्-छैनन् बुझ्ने र आफु सुहाउँदो कलेज हो-होइन बुझेर निर्णय गर्ने ।

## व्यावसायिक शिक्षामा दक्ष जनशक्ति

**सुशील दाहाल, भाइस प्रिन्सिपल**
**ओरियन्ट कलेज, महाराजगन्ज**

तीन वर्षअघि महाराजगन्जमा स्थापित ओरियन्ट कलेजले प्लस टु तथा ए लेभल अध्यापन गराउँदै आएको छ । प्लस टुअन्तर्गत मानविकी, व्यवस्थापन, शिक्षा तथा विज्ञान विषयको अध्यापन हुने ओरियन्ट कलेजमा होटल म्यानेजमेन्ट, पत्रकारिता, ट्राभल एन्ड टुरिज्म, कम्प्युटर साइन्सजस्ता विषय अध्यापन

पृष्ठ २२ बाट जारी




















पृष्ठ २१ बाट जारी

गराइन्छ । ए लेभलअन्तर्गत कलेजले साइन्स–ननसाइन्स गरी दुई समूहमा बढीमा ५० विद्यार्थी भर्ना लिने गरेको छ । उच्च शैक्षिक वातावरण, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, फ्रि इन्टरनेट, खेलकुद मैदानजस्ता सुविधा विद्यार्थीले यो कलेजमा पाउनेछन् । यसैगरी ए लेभल अध्ययन गर्ने विद्यार्थीहरूलाई ब्रिटिस काउन्सिलको अनुमतिमा साइबर लाइब्रेरीको प्रबन्ध गरिएको छ ।

**प्लस टुमा अध्यापन गराउने विषय कस्ता छन् ?**

हामीले तलैदेखि जग बसोस् भनेर ट्राभल एन्ड टुरिज्म, आमसञ्चार तथा पत्रकारिता, होटल म्यानेजमेन्ट, कम्प्युटर साइन्सजस्ता विषयलाई प्लस टुमा समावेश गराएका छौं । अहिलेको समय व्यावसायिकताको भएकाले कलेजले व्यावसायिक विषयमा दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको छ ।

**ए लेभल पनि अध्यापन हुँदो रहेछ नि ?**

हो हुन्छ, अन्तर्राष्ट्रिय स्तरको शिक्षा भएकाले विश्वको जुनसुकै स्थानमा गएर पनि विद्यार्थीले उच्च शिक्षा हासिल गर्न सकून् भनेर ओरियन्टलले ए लेभल अध्यापन प्रारम्भ गरेको हो । नेपालमा अध्यापन हुने अन्तर्राष्ट्रिय स्तरको शिक्षामा हाम्रा तर्फबाट इटा थप्ने काम गरेका हौं । ए लेभलको अध्ययनपछि वैदेशिक अध्ययनमा जान सजिलो हुने भएकाले विद्यार्थीहरूको नजरमा पनि ए लेभल पहिलो रोजाइ बनेको छ ।

**अध्ययन शुल्क त महँगो रहेछ नि ?**

तुलनात्मक रूपमा हाम्रो कलेज महँगो छैन । प्लस टु र ए लेभलमा हामीभन्दा महँगा कलेज पनि छन् । विदेशी विश्वविद्यालयको शैक्षिक कार्यक्रम भएकाले ए लेभल केही महँगो त हो, तर हामीले औसत शुल्कमा स्तरीय शिक्षा प्रदान गरेका छौं ।

**शिक्षाक्षेत्र महँगो भएको हो ?**

हाम्रोमा खासै महँगो छैन, जुन मैले माथि पनि भनिसकें । ए लेभलको हकमा अध्यापन खर्च नै महँगो छ । शिक्षकहरू महँगा, उच्च भौतिक संरचनाजस्ता कुराले ए लेभल खर्चिलो भएको हो । कलेजले न्यून आयस्रोत भएका तर जेहेन्दार विद्यार्थीको हकमा छात्रवृत्तिको व्यवस्था गरेको छ ।

## सीमित विद्यार्थीलाई गुणस्तरीय शिक्षा

**स्वागत श्रेष्ठ, अध्यक्ष**
**काठमाडौं भ्याली कलेज, छाउनी**

विज्ञान तथा व्यवस्थापन संकाय अध्यापन हुने काठमाडौं भ्याली कलेज सन् १९९७ मा स्थापना भएको हो । 'सीमित विद्यार्थी लिएर गुणस्तरीय शिक्षा दिने उद्देश्य राखेका छौं,' अध्यक्ष स्वागत श्रेष्ठ बताउँछन् । विज्ञान तथा व्यवस्थापन दुवै संकायमा पर्याप्त अवसर हुने भएकाले यी विषय रोजिएको श्रेष्ठले बताए । शैक्षिक परिणाम उत्कृष्ट निकाल्दै आएको यो कलेजले व्यवस्थापनमा अङ्ग्रेजी र नेपाली दुवै माध्यममा विद्यार्थी लिने गरेको छ । कलेजले १० वर्ष पुगेको अवसरमा यस वर्ष दुवै संकायमा २५–२५ विद्यार्थीलाई पूर्ण छात्रवृत्ति र ५०–५० जनालाई ५० प्रतिशत छात्रवृत्ति दिने भएको छ ।

**कलेजको विशेषता के हो ?**

हामी अन्य कलेजभन्दा फरक छौं । विद्यार्थीहरूलाई अनुशासनको दायराभित्र राखी, परीक्षामुखी मात्र नभै व्यावहारिक एवं गुणस्तरीय शिक्षा प्रदान गर्न प्रयत्नरत छौं, जसका लागि हामीले नियमित रूपमा विद्यार्थीहरूलाई लिखित मात्र नभै मौखिक परीक्षा लिने व्यवस्था गरेका छौं । सेमिनार, प्रोजेक्टरमा पेपर प्रेजेन्टेसन, आन्तरिक तथा प्रवेश परीक्षा कम्प्युटरमा लिने सेवा उपलब्ध छ । राम्रा शिक्षक राखेर गुणस्तरीय शिक्षा दिनु हाम्रो उद्देश्य हो ।

**शुल्क कत्तिको महँगो छ ?**

अन्य प्लस टु कलेजको तुलनामा सस्तो छ । कम आयस्रोत भएका विद्यार्थीले पैसाका कारण राम्रो शिक्षाबाट वञ्चित हुनु नपरोस् भन्ने हाम्रो सोचाइ छ ।

**आगामी योजना के–के छन् ?**

गुणस्तरीयतालाई अझ बढी ध्यान दिने, नयाँ विषयहरू समावेश गर्दै लानेछौं ।

**अतिरिक्त क्रियाकलापमा कत्तिको ध्यान दिनुभएको छ ?**

पढाइका अतिरिक्त खेलकुद, बौद्धिक प्रतियोगितामा पनि उत्तिकै ध्यान दिइएको छ ।

## उत्कृष्ट प्रयोगशाला तथा स्तरीय पुस्तकालय

**दीपक भण्डारी, प्रिन्सिपल**
**शुभश्री कलेज, तीनकुने**

वि.सं. २०५६ सालमा स्थापित शुभश्री कलेजले उच्च माध्यमिक शिक्षा परिषद्को स्वीकृतिमा प्लस टुअन्तर्गत विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षा संकायमा अध्यापन गराउँदै आएको छ । उच्च शैक्षिक वातावरणका लागि उत्कृष्ट प्रयोगशाला तथा स्तरीय पुस्तकालयको प्रबन्ध कलेजले गरेको छ । सक्षम व्यवस्थापन र पूर्ण भौतिक पूर्वाधार कलेजका परिचय हुन् । यातायातका दृष्टिकोणले पनि यो कलेज सुगम स्थल तीनकुनेमा छ ।

**शुभश्री अन्य कलेजभन्दा के अर्थमा फरक छ ?**

कम शुल्कमा पनि गुणस्तरीय शिक्षा दिन सकिन्छ भन्ने हामीले प्रमाणित गरेका छौं । अनुशासित वातावरणमा नियमित कक्षा सञ्चालन, उत्कृष्ट शिक्षकहरूजस्ता कुराले शुभश्रीलाई पृथकता प्रदान गरेको छ ।

**अहिलेका विद्यार्थीले यो कुरा पत्याउँछन् ?**

महँगो शुल्क तिरेर धेरै सुविधा पाइन्छ भन्ने आमसोचाइ छ, तर शुभश्री कलेजले कम शुल्कमा पनि धेरै शुल्क लिने कलेजले जस्तै विद्यार्थीलाई सुविधा प्रदान गरेको छ । महँगो कलेजमा अध्यापन गराउने शिक्षकहरूले यहाँ अध्यापन गराउनुहुन्छ । कम शुल्कमै तिनै शिक्षकबाट अध्ययन गर्न पाइन्छ भने महँगो शुल्क किन तिर्ने ?

**विद्यार्थीले सही कलेज कसरी छनौट गर्ने ?**

सही सूचना नपाएर धेरै विद्यार्थी उच्च शिक्षाको क्रममा अलमलमा पर्ने गरेका छन् । यो सबै शैक्षिक परामर्शको कमीले गर्दा हो । यसमा अभिभावकहरूको दायित्वको कुरा पनि आउँछ । उनीहरूले कलेज भर्ना गर्नुपूर्व कलेजका बारेमा सम्पूर्ण जानकारी लिनुपर्छ ।

**भावी योजना के–के छन् ?**

हामी बीबीए र बीए अध्यापन गराउने तयारीमा छौं । कलेजले हरेक वर्ष नयाँ शैक्षिक कार्यक्रम थप गर्दै लाने योजना बनाएको छ ।

## सर्वसुलभ शिक्षा आजको आवश्यकता

**विकास शर्मा, प्रिन्सिपल**
**क्यापिटोल हिल प्लस टु कलेज, टेकु**

सन् २००० मा 'नेसनल भिजन' नामले स्थापना भएको यो कलेजमा २०६२ सालदेखि टेकुमा क्यापिटोल हिलका नामले प्लस टुअन्तर्गत विज्ञान, व्यवस्थापन र मानविकी संकाय अध्यापन हुँदै आएको छ । होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्मजस्ता विषय रोजगारमूलक भएको प्रिन्सिपल शर्मा बताउनुहुन्छ, शैक्षिक व्यक्तित्वहरूको समूहले स्थापना गरेको यो कलेजको मुख्य नारा 'सम्पूर्ण सफलताका लागि गुणस्तरीय शिक्षा' हो । ९० प्रतिशत नतिजा ल्याउन सफल यो कलेजले यसै वर्षदेखि बीबीएस तथा अगामी वर्षमा स्नातकमा माइक्रोबायोलोजी र ट्राभल एन्ड टुरिज्मको कक्षा सञ्चालन गर्दैछ ।

**अन्य कलेजको तुलनामा यो कलेज कति भिन्न छ ?**

गुणस्तरीय एवं व्यावहारिक शिक्षा, शान्त शैक्षिक वातावरणमा व्यवहारमा प्रस्ट देखिने गरी अनुभूति गराउनु हाम्रो उद्देश्यहो ।

**प्लस टु शिक्षा कत्तिको आवश्यक छ ?**

प्लस टु आवश्यक शिक्षाको नमुनाभित्र पर्छ, जहाँ स्कुलभन्दा अलि खुला तरिकाले शिक्षकमा मात्र आश्रित नरहेर स्वाध्ययनको अवसर पाउँछन्, जसले पूर्वाधार तयार पारिदिन्छन् ।

**तपाईंहरूको मुख्य उद्देश्य ?**

शिक्षामा छाएको विकृति हटाई विद्यार्थीलाई सफल बनाउनु तथा यो संस्थालाई दीर्घकालीन रूपमा स्थापना गर्नु हाम्रो उद्देश्य हो ।

**कलेजले केलाई प्राथमिकता दिन्छ ?**

हामी पूर्ण सबल व्यवस्थापन, पर्याप्त अभ्यास, सामूहिक कार्य तथा सर्वसुलभ शुल्कलाई प्राथमिकता दिन्छौं ।

**प्लस टु संख्या बढ्ने क्रमसँगै शुल्क पनि बढ्ने क्रममा छ नि ?**

यहाँ शुल्क बढाउने दुई किसिमका कलेज छन् । एउटा महँगो शुल्क धेरै विद्यार्थी र सस्तो शुल्क थोरै विद्यार्थी । साथै सबैको मानसिकता नै शुल्क बढाउने छ, जसमा गुणस्तरीयताको कुनै ख्याल छैन ।

## चुनौतीपूर्ण ढंगले उभिएको उच्च मा.वि.

**संयोजक धुन्डी भट्टराई**
**पाटन उच्च माध्यमिक विद्यालय, पाटनढोका**

सन् १९८१ मा पूर्ण सरकारी रूपमा खोलिएको पाटन माध्यमिक विद्यालयले २०६३ सालदेखि स्कूल सामुदायिक भए पनि प्लस टु प्लसलाई सरकारी स्कुलमा सञ्चालित निजी उच्च मा.वि. हो, जुन नौ जना व्यवस्थापन समितिको निर्देशन, सहयोग एवं सल्लाहमा अघि बढ्छ । यो उच्च मा.वि.ले आउँदो वर्षदेखि त्रिभुवन विश्वविद्यालयअन्तर्गत बीएड सञ्चालनमा ल्याउँदै छ भने यस वर्षको भर्नासंख्या ५ सय राखेको छ । यहाँ व्यवस्थापन, मानविकी तथा शिक्षा संकायमा अध्यापन हुन्छ । सरकारी स्तरमा खोलिएको भए पनि यहाँ अंग्रेजी र नेपाली गरी दुवै माध्यम अध्यापन हुन्छ ।

**अन्य सामुदायिक कलेजको तुलनामा यो कतिको भिन्न छ ?**

हामी सरकारी लगानी तथा समुदायको रेखदेखमा शिक्षा नियमावलीको निर्देशनअन्तर्गत सञ्चालित छौं । मा.वि. भएर पनि नयाँ प्राविधिक विषयहरू राखेर गुणस्तरीय शिक्षामा निर्विकल्प देखाउन चाहन्छौं ।

**यहाँको शुल्क कस्तो छ ?**

हाम्रो शुल्क निम्नमध्यम वर्गलाई लक्षित छ तर उच्चदेखि निम्नवर्गलाई पनि हामी अरू साधनका माध्यमबाट पनि गुणस्तरीय शिक्षा प्रदान गर्न सक्छौं र समेट्न पनि सक्छौं ।

**उच्च शिक्षा निजी क्षेत्रलाई हस्तान्तरण गर्दै लाने सरकारी नीति कस्तो छ ?**

व्यावसायिक र व्यापारीकर भएको छ । हामी यसलाई चुनौती दिन चाहन्छौं ।

**भविष्यको योजना ?**

हामी पहिले सरकारी उच्च मा.वि.ले पनि गुणस्तर प्रदान गर्न सक्ने विश्वास दिलाउन चाहन्छौं र अन्य संकायलाई समेट्छौं । हाम्रो देशले खोजेअनुसार र कसैले पनि शिक्षाबाट वञ्चित हुन नपर्ने संस्था बनाउनु हाम्रो लक्ष्य हो ।

## दक्ष जनशक्तिमा रुपान्तरण हुने बाटो

**नरेशप्रसाद श्रेष्ठ, प्रिन्सिपल**
**प्राइम कलेज, नयाँबजार**

प्राइम कलेज, नयाँ बजारमा प्लस टुमा विज्ञान तथा व्यवस्थापन संकायमा अध्यापन हुन्छ । सन् २००१ मा स्थापित यो कलेजमा बीबीए र बीआइएमको पाठ्यक्रममा पनि अध्ययन गराइन्छ । शैक्षिक परिणामका दृष्टिकोणले उत्कृष्ट १० भित्र पर्न सफल यो कलेजले गुणस्तरीय शिक्षामा जोड दिँदै आएको छ । कलेजका प्रिन्सिपल नरेशप्रसाद श्रेष्ठका अनुसार औसत शुल्कमा स्तरीय शिक्षा प्रदान गर्नु नै कलेजको मूल उद्देश्य हो । कलेजले सञ्चालन गरेका अन्य तहमा बीआईएमको पहिलो समूहले अध्ययन पूरा गरिसकेको छ भने बीबीए तेस्रो वर्षमा चलिरहेको छ । कलेजले क्यारियर कोर्सका रूपमा सिस्को सिस्टमको कोर्स पनि राखेको छ । कलेजले सीमित विद्यार्थी लिएर गुणस्तरीय शिक्षा दिने योजना बनाएको छ । सिस्को कोर्स बीआइएम र बीबीए गर्नेले निःशुल्क पाउनेछन् ।

**व्यवस्थापन मात्र पढाइ भैरहेको कलेजमा विज्ञान संकाय पनि थप्नुभएछ नि ?**

व्यवस्थापन विषयका शिक्षकहरूको टिम भएकाले व्यवस्थापन संकायबाटै

बाँकी पृष्ठ २३ मा

होटल तालिम
पाइथागोरस एकेडेमी

ब्युटिसियन तालिम
Magic Touch

Study & Immigration
AUSTRALIA
Muskan Training and Educational Consultancy
Prabha Kanhaiya Complex

के तपाई SLC मा असफल हुनु भयो?
तपाईंको असफलतालाई अब सफल बनाउन
(SLC मौका परीक्षा)
विशेष तयारी कक्षा तथा Exempted विद्यार्थीहरूको लागि र Private Test SLC को लागि
१ वर्षे तयारी कक्षाहरूमा भर्ना खुल्यो
SEA PUBLIC OPEN SCHOOL
Thamel Kim Ph - 4420537 / 4434960
Email - seapublic@enet.com.np

"Freedom for Learning Easy to Pass"
के तपाईं सजिलै S.L.C. वा १ वर्षमा +2 पास गर्न चाहनु हुन्छ ?
यदि चाहनु हुन्छ भने NIOS Delhi Board मा Admission खुल्यो !
NIOS का विशेषताहरू
+ Class 10 मा Math र Science पढ्नु नपर्ने ।
+ Class 10 को प्रत्येक Subjects मा 20 Marks को Objective Questions आउने ।
+ S.L.C. पास गरेको १ वर्ष Gap भएमा सिधै +2 पढ्न पाइने ।
+ Nepal Government र HSEB द्वारा मान्यता प्राप्त ।
+ मात्र 5 Subjects पढे पुग्ने ।
WISDOM EDUCATION FOUNDATION
Ph: 4238086, Bagbazar

कान्तिपुर कलेज अफ मेडिकल साइन्सको
DIPLOMA IN PHARMACY मा
भर्ना सम्बन्धी सूचना

पृष्ठ २२ बाट जारी

सुरु गरिएको हो। विज्ञानका लागि सम्पूर्ण पूर्वाधार बलियो रूपमा खडा गरेर कक्षा सञ्चालनमा ल्याएका छौं। उच्च शैक्षिक सफलताको निरन्तरताका लागि यो आवश्यक थियो।

**तपाईहरूको कलेज कत्तिको महँगो छ ?**

अन्य कलेजको तुलनामा सस्तो छ। एउटा तहमा अध्ययन गरिरहेको विद्यार्थीका लागि क्यारियर कोर्स निःशुल्क व्यवस्था गरिएको छ।

**कलेजको लक्षित वर्ग कुन हो ?**

शैक्षिक गुणस्तरका कारण सबै वर्गका विद्यार्थी आउँछन्। कम आयस्रोत भएकाहरूका निम्ति पनि कलेजले वैकल्पिक व्यवस्था गरिदिएको छ, जसका लागि विभिन्न शीर्षकमा छात्रवृत्तिको व्यवस्था पनि छ।

**शिक्षक छनौट कसरी गर्नुभएकोछ?**

गुणस्तरीय शिक्षाका लागि योग्य शिक्षक छनौट गर्नु आवश्यक हुन्छ। योग्य शिक्षककै कारण परिणाम पनि राम्रो आइरहेको छ।

**विद्यार्थी भर्ना प्रक्रियाका सम्बन्धमा बताइदिनुहुन्छ कि ?**

सीमित विद्यार्थी लिने भएकाले प्लस टुमा कलेज आफैले विद्यार्थीलाई जानकारी र परीक्षा लिने गरेको छ। विद्यार्थीको व्यक्तित्व विकासमा पनि कलेजले त्यत्तिकै ध्यान दिएको हुनाले र हरेक विद्यार्थीको निगरानी गर्नुपर्ने भएकाले धेरै भर्ना लिदैनौं।

## कम शुल्क, स्तरीय शिक्षा

**गङ्गाप्रसाद उप्रेती, प्रिन्सिपल**
**एसएम कलेज, डिल्लीबजार**

सन् २००२ मा स्थापित एसएम कलेजमा प्लस टुअन्तर्गत विज्ञान, व्यवस्थापन एवं मानविकी संकाय अध्ययन गराइन्छ। व्यवस्थापनमा पर्यटन र मानविकीमा आमसञ्चार तथा पत्रकारिता विषयहरू समावेश गरिएको छ। साथै स्नातकमा बीए, बीबीएस तथा स्नातकोत्तरमा एमए (समाजशास्त्र) का कक्षाहरू सञ्चालित छन्। स्थापनाको प्रथम वर्षदेखि नै ८५ प्रतिशत नतिजा हासिल गर्न सफल यो कलेज नमुना कलेजका रूपमा स्थापना गर्ने उद्देश्य रहेको प्रिन्सिपल उप्रेती बताउँछन्। विद्यार्थीलाई प्रयोगात्मक, व्यावहारिक एवं रोजगारमूलक शिक्षा प्रदान गर्न प्रयत्नरत यो कलेजले सीमित विद्यार्थीलाई मात्र भर्ना लिन्छ र यो वर्षको भर्ना सङ्ख्या ३ सय छ। अनुभवी शिक्षाविद्हरूको समूहद्वारा सञ्चालित यो कलेज विद्यार्थीहरूलाई चौतर्फी विकासमा प्रयत्नरत छ।

**यो कलेजको विशेषता के छ ?**

हामी निजी भएर पनि नाफामूलक छैनौं। जति शुल्क विद्यार्थीबाट लिन्छौं सकेसम्म उनीहरूलाई प्रयोगात्मक बनाउनका लागि हुन्छ। साथै प्लस टुतर्फ मानविकीमा सबैभन्दा धेरै सङ्ख्या र परिणाम हाम्रै छ।

**कस्तो शिक्षालाई गुणस्तरीय शिक्षा मान्ने ?**

अंक ल्याउँदैमा गुणस्तर मान्न सकिँदैन। विद्यार्थीहरूको सृजनात्मक र सेल्फ पार्टिसिपेन्ट हुनुपर्छ। नेपालमा गुणस्तरीय शिक्षा देखाउने भनेको शैक्षिक नतिजा मात्र छ।

**कस्तो शैक्षिक संस्थालाई राम्रो मान्ने ?**

शिक्षा क्षेत्रप्रति राज्यको पनि दायित्व हुनुपर्छ। जुन शैक्षिक संस्थाले नाफामा भन्दा पनि सेवा र गुणस्तरमा ध्यान दिन्छ, त्यसका आधारमा निर्धारण गर्नुपर्छ।

**तपाईको कलेजको शुल्क कस्तो छ?**

हामीकहाँ शुल्क अत्यन्तै सर्वसुलभ छ। हामी न्यूनतम शुल्कबाहेक अतिरिक्त शुल्क लिँदैनौं। साथै दलित छात्रवृत्तिलाई विशेष प्राथमिकताका साथ दिने गरेका छौं।

## राम्रो वातावरणमा राम्रो शिक्षा

**समिता राणा, प्रिन्सिपल**
**सिद्धार्थ एकेडेमी, बाफल**

२०५६ सालमा उच्च माध्यमिक शिक्षा परिषद्को सम्बन्धमा व्यवस्थापन संकायबाट सुरु भएको सिद्धार्थ कलेजमा विज्ञान तथा मानविकी शिक्षा संकाय क्रमशः थपिएको हो। साथै यहाँ यही वर्षदेखि त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातकमा बीएस्सी (वातावरण विज्ञान र माइक्रो बायोलोजी) र बीए (आमसञ्चार तथा पत्रकारिता र सामाजिक संकाय) पनि सञ्चालन हुँदैछ। हरेक वर्ष ७५ प्रतिशतभन्दा बढी साथै मानविकी संकायमा सधैं शतप्रतिशत नतिजा हासिल गर्न सफल यो कलेजको शैक्षिक स्तरबाट सन्तुष्ट रहेको प्रिन्सिपल राणा बताउँछन्। सीमित विद्यार्थीबाट राम्रो प्रतिफल निकाल्ने यस कलेजको यो वर्षको भर्ना कोटा ४ सय छ।

**यो कलेजको विशेषता के हो ?**

राम्रो शैक्षिक वातावरणमा शिक्षकहरूले शिक्षा त जुन शैक्षिक संस्थामा पनि हुन्छ, तर यहाँ शिक्षक र विद्यार्थीहरूबीच राम्रो सहकार्य गराउँछौं।

**अभिभावक तथा विद्यार्थीले कस्तो संस्थालाई राम्रो मान्ने ?**

कुनै पनि शैक्षिक संस्थाका उपलब्धिहरू, शैक्षिक वातावरण, सामुदायिक भावना भएका अनुभवी योग्य प्राध्यापक, कलेजको भौतिक सुविधाबाट।

**यो कलेजले कोलाई प्राथमिकता दिन्छ ?**

सबैभन्दा पहिलो राम्रो शैक्षिक वातावरण, अनुभवी शिक्षकहरूका साथै अनुशासन हो। विद्यार्थीलाई पढाउने होइन, सिक्नका निम्ति सिकाइ हो भन्ने कुरा हाम्रो प्राथमिकतामा छ।

**भर्ना प्रक्रिया कस्तो छ ?**

प्रवेशिका उत्तीर्ण गरेका विद्यार्थीले विज्ञानका लागि अनिवार्य प्रवेश परीक्षामा सम्मिलित हुनुपर्छ। व्यवस्थापन र मानविकीका लागि पनि सामान्य प्रवेश परीक्षा उत्तीर्ण हुनुपर्छ। प्रवेश परीक्षामा प्राप्त गरेको अंकका आधारमा भर्ना लिइन्छ।

**यो कलेजको शुल्क कुन वर्गलाई लक्षित छ ?**

हामीले खासगरी मध्यमवर्गीय विद्यार्थीलाई लक्षित गरेका छौं।

## व्यावहारिक विषयमा उच्च शिक्षा

**जीवन शर्मा, शैक्षिक निर्देशक**
**युनिभर्सल एकेडेमी, धापासी,**

प्लस टुअन्तर्गत युनिभर्सल एकेडेमी धापासीले विज्ञान, व्यवस्थापन र मानविकी संकायमा अध्यापन गराउँदै आएको छ। यस पटकको नयाँ सत्रमा १ सय ५० विद्यार्थी भर्ना लिने लक्ष्य बनाएको यो कलेजले औसत ७० प्रतिशतको हाराहारीमा विद्यार्थी उत्तीर्ण गराउँदै आएको छ। वि.सं. २०५३ सालमा स्थापना भएको यो कलेजले प्लस टुमा विद्यार्थीको आकर्षणका विषयहरू होटल म्यानेजमेन्ट, कम्प्युटर साइन्स, आमसञ्चार तथा पत्रकारिताजस्ता विषयलाई समेटेको छ। एकेडेमीका शैक्षिक निर्देशक जीवन शर्माका अनुसार कलेजमा उपत्यकाबाहिरका विद्यार्थी बढी छन्। यसकारण रोजगारीमुखी र व्यावहारिक विषयमा उच्च शिक्षा उपलब्ध गराउने शर्माले बताए।

**कलेजको मूल विशेषता ?**

अनुशासित वातावरणमा गुणात्मक शिक्षामा जोड दिएका छौं। शैक्षिक बेरोजगारीलाई हटाउन प्रतिस्पर्धी बजारलाई सुहाउँदो विषयमा शिक्षा प्रदान गर्छौं।

**कुन उद्देश्य राखेर कलेज स्थापना गर्नुभएको हो ?**

निजी क्षेत्रबाट शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने तथा गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याउने उद्देश्यले कलेजको स्थापना गरिएको हो। अभिभावकको चाहना, राष्ट्रको आवश्यकतालाई मध्यनजर गर्दै शिक्षा क्षेत्रमा नयाँपन दिन प्राध्यापकहरूकै समूहद्वारा यो कलेजको स्थापना भएको हो।

**शुल्कका दृष्टिकोणले कत्तिको महँगो छ ?**

अध्ययन शुल्क एकदमै सस्तो छ। हामीले नाफामूलक ढंगले काम गरेका छैनौं। अहिलेसम्म शिक्षकको खर्चबाहेक अतिरिक्त मुनाफा नै छैन। न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएका छौं।

**शैक्षिक स्तरीयताका लागि कुन कुरामा ध्यान दिनुभएको छ ?**

सीमित विद्यार्थी लिएका छौं। भौतिक संरचनाहरू ल्याब, लाइब्रेरी आधुनिक प्रकृतिका शिक्षक तालिम तथा विद्यार्थी एवं शिक्षकबीच अन्तर्क्रिया, शैक्षिक परामर्शजस्ता कुरामा ध्यान दिएका छौं।

## आवश्यक सुविधामा सम्झौता नगरिने

**डा. गोविन्दबहादुर खत्री, प्रिन्सिपल**
**क्लासिक कलेज इन्टरनेसनल, तीलगंगा**

क्लासिक कलेज इन्टरनेसनलअन्तर्गत क्लासिक एकेडेमीले यो वर्षदेखि नयाँ व्यवस्थापनका साथ नयाँ स्थानमा कलेज सञ्चालन गरेको छ। थापाथलीस्थित यो कलेज हाल तीलगंगामा सरेको छ। छाता शैक्षिक संस्थाका रूपमा रहेको क्लासिक कलेज इन्टरनेसनलअन्तर्गत प्लस टु कक्षा क्लासिक एकेडेमीमा अध्यापन हुन्छ। यसैगरी कलेजले ग्रामिण विकास तथा अंग्रेजी मूल विषयमा स्नातक एवं समाजशास्त्रमा स्नातकोत्तर अध्यापन गराउँदै आएको छ। यसै वर्षदेखि कलेजले बीबीएस कक्षासमेत सञ्चालन गर्ने भएको छ। प्लस टुअन्तर्गत विज्ञान, व्यवस्थापन तथा मानविकी संकायमा भर्ना लिइने यो कलेजले यस वर्ष प्लस टुमा २ सय ५० विद्यार्थी भर्ना लिने योजना बनाएको छ। उच्च भौतिक संरचना रहेको यो कलेजले न्यूनतम शुल्कमा स्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य लिएको छ। प्रिन्सिपल डा. गोविन्दबहादुर खत्रीका अनुसार विद्यार्थीका लागि आवश्यक पर्ने सुविधामा कलेजले कुनै सम्झौता गर्नेछैन।

**यो कलेजको विशेषता के हो ?**

सबै विद्यार्थीले शिक्षा ग्रहण गर्न पाऊन् भन्ने उद्देश्यले न्यूनतम शुल्क लिएर गुणस्तरीय शिक्षा प्रदान गर्नु हाम्रो कलेजको विशेषता हो। विद्यार्थीहरूलाई अध्ययनप्रति रुचि बढाउन व्यावहारिक शिक्षामा विशेष जोड दिएका छौं। अतिरिक्त क्रियाकलापमा पनि ध्यान दिएका छौं।

**कलेजको उद्देश्य ?**

शिक्षा क्षेत्रमा लामो समयदेखि संलग्न केही विद्यालय तथा शिक्षकहरूको समूहद्वारा यो कलेज नयाँ व्यवस्थापनका साथ सुरु भएको हो। निजी क्षेत्रबाट शैक्षिक क्षेत्रमा ठोस योगदान पुऱ्याउने कलेजको मूल उद्देश्य हो। शिक्षाक्षेत्रमा देखिएको चरम व्यापारीकरण तथा विकृतिलाई हटाउन शिक्षा क्षेत्रकै मानिस संलग्न हुनुपर्छ भन्ने हाम्रो मान्यता हो।

**कलेजका योजनाहरू के-के छन् ?**

भविष्यमा सुरक्षा व्यवस्थापन, जडिबुटीसम्बन्धी नयाँ विषयहरू पनि सञ्चालन गर्ने योजना छ। कलेजले मुख्यतः व्यावहारिक शिक्षा प्रदान गरेर दक्ष जनशक्ति उत्पादन गर्नेछ। यसबाहेक पनि कलेज रोजगारमुखी नयाँ विषयको खोजीमा छ।

**स्तरीय शिक्षाका लागि महँगो शुल्क आवश्यक छ, छैन ?**

न्यूनतम शुल्कमा पनि स्तरीय शिक्षा प्रदान गर्न सकिन्छ। जुन हामीले पुष्टि गरेका छौं। बढी शुल्क तिरेर मात्र स्तरीयता कायम हुन सक्दैन।

## प्राविधिक शिक्षामा निजी क्षेत्रको महत्व

**प्रा. डा. कृष्णचन्द्र श्रेष्ठ, क्याम्पस प्रमुख**
**विश्वनिकेतन साइन्स क्याम्पस, त्रिपुरेश्वर**

वि.सं. २०४८ सालमा त्रिपुरेश्वरमा स्थापित विश्वनिकेतन साइन्स क्याम्पस पूर्णतया प्राविधिक शिक्षालय हो। आईएस्सीबाट प्रारम्भ भएको विश्वनिकेतन साइन्स क्याम्पसको यात्रा प्लस टु, बीएस्सी इन्भाइरोमेन्ट साइन्स, कम्प्युटर साइन्स, माइक्रोबायोलोजी तथा बीईअन्तर्गत कम्प्युटर र इलेक्ट्रोनिक्स इन्जिनियरिङसम्म पुगिसकेको छ। उच्च माध्यमिक शिक्षा परिषद्को प्लस टु, विज्ञान संकायका सबै तह त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन प्राप्त छन्। मुलुकमै नमुना प्राविधिक शिक्षालयका रूपमा विकास भएको विश्वनिकेतन साइन्स क्याम्पसका अन्य तीन भातृ संस्थासमेत छन्। जसअन्तर्गत नेसनल इन्स्टिच्युट अफ टेक्निकल साइन्सेसमा प्लस टु, नेसनल कलेज अफ टेक्निकल साइन्सेसमा तीनवर्षे बीएस्सी तथा नेसनल कलेज अफ इन्जिनियरिङमा चारवर्षे बी.ई. अध्यापन गराइन्छ। यी तीनवटै कलेज वनस्थलीमा छन्। आइएस्सी तहलाई निजी रूपमा अध्यापन गराउने कार्य मुलुकमै पहिलो पटक विश्वनिकेतन साइन्स क्याम्पसले नै थालनी गरेको थियो।

**तपाईहरूको क्याम्पसको विशेषता के हो ?**

निजी क्याम्पसमध्ये विश्वनिकेतन साइन्स क्याम्पस मात्र यस्तो संस्था हो, जसले प्रवीणतादेखि स्नातकोत्तरसम्म एउटै विश्वविद्यालयबाट सम्बन्धन लिएर प्राविधिक शिक्षा प्रदान गरिरहेको छ। यहाँका उत्पादन मुलुककै ठूला-ठूला पदमा कार्यरत छन् भने केही विद्यार्थी यहीं अध्यापनरत छन्।

**प्राविधिक कलेजका रूपमा कलेजको भूमिका ?**

विश्वनिकेतन साइन्स क्याम्पसले प्राविधिक शिक्षामा निजी क्षेत्रको महत्व झल्कायो। यहाँबाट उत्पादित विद्यार्थीले उच्च अंक हासिल गरि हरेक प्रतिस्पर्धामा सजिलै नाम निकालेका छन्। प्राविधिक शिक्षामा पनि गुणस्तर एवं प्रयोगात्मक ज्ञान चाहिन्छ भन्ने कुरा कलेजले देखाएको छ।

**विज्ञान विषय मात्र अध्यापन गराउने क्याम्पसमा ल्याबको व्यवस्थाचाहिँ कस्तो छ ?**

प्राविधिक शिक्षा अध्यापन गराउने निजी कलेजहरूमध्ये सबैभन्दा उत्कृष्ट र आधुनिक ल्याब यही कलेजमा छ भन्ने दाबी गर्छौं। यहाँ अध्ययनरत विद्यार्थीले आफैं यो कुरा अनुभव गरेका छन्।


विशेष छुटमा होटल तालिम शुरु

प्राइभेट TEST/S.L.C. मा भर्ना खुल्यो। TENSION ? छैन!

Hostel को पनि व्यवस्था छ।

Ph: 4-421390

खुशीको खबर !! खुशीको खबर !!

## ज्ञान विज्ञान

# मंगलग्रहमा जीवन



मंगलग्रहमा जीवको अस्तित्व खोजिरहेका अन्तरिक्ष वैज्ञानिकहरूले थप जानकारी प्राप्त गरेका छन् । जीव अस्तित्वका लागि पानी अत्यावश्यक मानिन्छ । वैज्ञानिकहरूले हालै मंगलग्रहमा पाइएका खोल्सामा पानी बगेको जस्तो संकेत पाएपछि मंगलमा जीवनको अस्तित्वको सम्भावना देखेका हुन् । त्यसो त अध्ययनले मंगल ग्रहमा पानीको हिउँ थियो भन्ने कुरामा वैज्ञानिकहरूलाई स्पष्ट बनाइसकेको छ, तर यसपटक नासाका वैज्ञानिकहरू ती खोल्सामा देखिएको पानीले बनाएको जस्तो आकृतिप्रति थप विश्वस्त भएका छन् ।

## मंगलग्रहमा रूस

रूसले सन् २००९ मा मंगलग्रहको एउटा चन्द्रमामा आफ्नो अन्तरिक्ष यानलाई अवतरण गराउने योजना बनाएको रूसको अन्तरिक्ष एजेन्सीले जनाएको छ । सन् २००९ को अक्टोबरमा 'फोबोस-ग्रन्ट' नामक एक अन्तरिक्षयान मंगलग्रहको चन्द्रमामा फोबोसतर्फ प्रक्षेपण गर्ने कार्यक्रम बनाइएको छ । कार्यक्रमको पहिलो चरणमा फोबोसतर्फ पठाइने रूसी यानलाई चन्द्रमाका प्राकृतिक नमुनाहरू बटुलेर पृथ्वीमा फिर्ता ल्याइनेछ ।



## चन्द्रमामा चीन

सन् २०२४ मा चीनले आफ्नो अन्तरिक्ष यात्रीलाई चन्द्रमामा पाइला टेकाउने योजना बनाएको छ । त्यसका लागि चीनले सन् २००७ को प्रारम्भदेखि नै कार्यक्रम थालेछ । यसै सिलसिलामा त्यही वर्षको मार्च वा अप्रिलमा चन्द्रमाको सतहको सर्वेक्षण तथा सो पिण्डको परिक्रमा गर्ने एक कृत्रिम भू-उपग्रह प्रक्षेपण गर्ने भएको छ । चीनले सन् २००३ मा मानवयुक्त अन्तरिक्षयान सफलतापूर्वक प्रक्षेपण एवं अवतरणपछि अमेरिका र रूसपछि चीन विश्वमा यस्तो सफलता पाउने तेस्रो देश बनेको थियो ।


# चुरोट पिउनेलाई रोग बढी लाग्ने

धूम्रपान गर्ने तथा चाउरी परेको अनुहार हुने अधबैंसेहरूलाई चिल्लो अनुहार हुनेहरूलाई भन्दा फोक्सोसम्बन्धी डरलाग्दो रोग लाग्ने खतरा पाँच गुणा बढी हुने तथ्य बेलायती अनुसन्धानकर्ताहरूले बताएका छन् । धूम्रपानका कारण मानव शरीरका सम्पूर्ण भागमा आवश्यक मात्रामा अक्सिजन नपुग्ने र इम्फिसेमा तथा ब्रोङ्काइटिसजस्ता रोग लाग्ने तथा उमेर नपुग्दै अनुहार नराम्रोसँग चाउरिने गरेको बताइएको छ ।



फोक्सोसम्बन्धी रोग क्रोनिक अबस्ट्रक्टिभ पल्मोनरी डिजिज (सीओपिडी) बाट पीडित अधिकांश व्यक्तिका अनुहार चाउरिएको पाइएको छ । १ सय ४९ जना विगतमा र हाल धूम्रपान गर्ने अधबैंसेहरूमाथि गरिएको एक अनुसन्धानमा ६८ जना सीओपीडीबाट पीडित थिए । फोक्सोको क्षमता जाँच्न तिनीहरू सबैलाई एक विशेष खालको यन्त्र फुक्न लगाइएको थियो । चाउरिएको अनुहार हुनेहरूलाई अन्यको तुलनामा इम्फिसेमा हुने खतरा पनि तीन गुणा बढी पाइएको छ ।

# तल दिइएको चित्रमा ६ वटा फरक छुट्याऊ



फरक- [illegible]

## जन्मदिनको शुभकामना



| | | | |
|---|---|---|---|
| शान्ता मरासिनी २०५५ असार ३० | रिजन कुँवर २०६० असार ३० | शिशिर बाग्ले २०५६ असार ३० | अनिश कटवाल २०६० असार ३१ |
| मन्तु सोडारी २०६१ असार ३१ | अनिशा श्रेष्ठ २०५६ असार ३१ | अभिषेक पराजुली २०५९ असार ३१ | प्रेम आचार्य २०५९ असार ३२ |
| रेमी कायस्थ २०५७ साउन १ | रोशन बसेल २०६१ साउन २ | अपेक्षा कार्की २०५९ साउन २ | दीपेन्द्र अधिकारी २०५६ साउन २ |
| सलिना पुरी २०५६ साउन २ | सायना पौडेल २०५७ साउन ३ | करुणा साँवा २०६२ साउन ४ | सायोग राई २०६० असार ३२ |
| आदित्य तिमिल्सिना २०५६ असार ३० | नयना गुरुङ २०५७ साउन ३ | डेविड थापा २०६० असार ३० | एरिसा श्रेष्ठ २०६१ साउन २ |
| प्रथम सुवेदी २०५९ असार ३० | प्रियङ्का कोइराला २०५९ असार ३० | महेश मरासिनी २०५८ असार ३० | |

## जन्मदिनको शुभकामना


कुपन

नाम :......................................................
जन्म मिति :......................................................
स्कुल :......................................................
ठेगाना : ......................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

### तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?



[illegible]


## शब्दहरू खोज

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मि | रो | स्ला | भ | क्लो | स | फा | न्त | फ |
| ना | आ | जि | ह | इ | क | बि | स | ना |
| म | म्या | ने | डे | भि | ड | भि | ल्ला | न्डो |
| द | क्सी | दि | ल | ल | डी | का | न | टो |
| ह | रो | न | रे | बा | र | ना | र | रे |
| र्ना | ड्रि | जि | न | ला | र्चु | भा | ल | स |
| न | गु | दा | थि | ए | री | हे | न | री |
| क्रे | ए | न | फ्रा | ख | पू | र | दी | रौं |
| स्पा | ज | ला | न्स | लु | इ | रो | ना | ल्डो |

माथि दिइएका अक्षरहरूमा अठारौं विश्वकपमा तीनभन्दा बढी गोल गर्ने आठ खेलाडीका नाम लुकेका छन् । ती नामहरू सायद तिमीले पनि सुनेको हुनुपर्छ । के तिमी ती नामहरू खोज्न सक्छौ ?

[illegible]

## साप्ताहिक अंकजाल प्रतियोगिता-७४



१. सँगै दिइएको १६ वटा कोठाहरूमा ७३ देखि ८८ सम्मका अंकहरू नदोहोरिने गरी यसरी भर, जसबाट तिनीहरूको योगफल ठाडो, तेर्सो, छड्के जसरी जोड्दा पनि ३२२ होस् ।

२. अंकजाल साप्ताहिकको कार्यालयमा प्रकाशित भएको मितिले दुई साताभित्र पठाइसक्नुपर्नेछ ।

३. विजेतालाई २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।

नाम : ...................................कक्षा : .....

स्कुल : ...................................................

ठेगाना : ...................................................

अंकजाल ७० मा सहभागीहरूको संख्या : २१०

गोलाप्रथाबाट विजेता :

प्रकाश श्रेष्ठ, कक्षा ६, आदर्श मा.वि., गजुरी, धादिङ

# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी

## मेष

साता समष्टिमा राम्रो रहनेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। अरूको मन जित्न सकिनेछ। व्यवसायमा लाभ हुनुका साथै यात्रा गर्ने अवसर पनि प्राप्त हुनेछ। मानसम्मान एवं अध्ययनमा सफलता मिल्नेछ। वैदेशिक कार्यमा सुधार आउनेछ। आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

## वृष

समय बलियो छ। सोचेका धेरै कुरा पूरा हुनेछन्। मन पनि प्रसन्न रहनेछ। मानसम्मान मिल्नुका साथै ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन्। धन आर्जन गर्ने अवसर मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा कामहरू बन्नेछन्। मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

## मिथुन

साता राम्रो छ। भाग्यले साथ दिनेछ। आँटेका धेरै कुरा पूरा हुनेछन्। प्रसन्नता बढ्नेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। यात्रा गर्ने अवसर मिल्नेछ। आम्दानीको दरिलो स्रोत हात पर्नेछ। यात्रा तथा व्यवसायमा हुने लाभ कायमै रहनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। सफलताका लागि गोपनीयतामा जोड दिनुहोला।

## कर्कट

सुरुमा स्वास्थ्य कमजोर एवं मन दुविधाग्रस्त रहनेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। झूटा आरोप पनि लाग्न सक्छ। धनमाल हराउने सम्भावना छ। मंगलबारदेखि मानसम्मान मिल्नुका साथै काममा सुधार आउने तथा आम्दानी बढ्ने योग छ। अरूबाट सहयोग पनि मिल्नेछ।

## सिंह

साता मध्यम रहनेछ। सुरुमा भेटघाटको अवसर एवं कामकाजमा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आइतबारदेखि स्वास्थ्यमा समस्या उत्पन्न हुने हुँदा खानपानमा ध्यान दिनुहोला। शरीरमा चोटपटक लाग्न सक्छ। सफलताका लागि संयमित रहनुपर्नेछ।

## कन्या

काम गर्दा विचार पुऱ्याउनुहोला। शत्रु एवं विवाद बढ्ने हुँदा संयमित रहनुपर्नेछ। स्वास्थ्यमा समस्या देखा पर्न सक्छ, खानपानमा ध्यान दिनुहोला। आम्दानीको दृष्टिमा साता बलियो छ। सोचेजस्तै मानसम्मान मिल्नेछ। पदक प्राप्तिको सम्भावना छ। आइतबार तथा सोमबार यात्रा हुने तथा प्रसन्नता बढ्ने योग छ।

## तुला

धार्मिक कार्यमा रुचि बढ्नुका साथै भाग्यले साथ दिनेछ। सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। सानै प्रयासले पनि धेरै काममा सफलता प्राप्त हुनेछ। वैदेशिक कार्यमा सफलता मिल्ने देखिन्छ। शत्रुदेखि सजग रहनुहोला। तपाईंमाथि ठूलो जिम्मेवारी आउन सक्छ।

## वृश्चिक

आफन्तहरूको सहयोग प्राप्त हुनेछ। सोच्ने शक्ति पनि बढ्नेछ। परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर मिल्नेछ। कर्म बलियो छ। प्रतिस्पर्धामै भए पनि काममा सफलता प्राप्त गर्न सकिनेछ। स्वास्थ्यमा ध्यान नदिए समस्या देखा पर्न सक्छ। अरूबाट आलोचना हुनेहुँदा बोल्दा विचार पुऱ्याउनुहोला।

## धनु

समय अनुकूल छ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। प्रसन्नता बढ्नेछ। अरूले तपाईंको प्रशंसा गर्नेछन्। आम्दानी हुने योग छ। यात्रा गर्ने अवसर पनि मिल्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। गलत विचार बढ्ने, स्वास्थ्यमा समस्या उत्पन्न हुने तथा चिन्ता बढ्ने योग छ।

## मकर

शत्रुदेखि सजग रहनुहोला। स्वास्थ्य कमजोर एवं मन दुविधाग्रस्त रहनेछ। शरीरमा चोटपटक लाग्न सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। घरेलु समस्याले पनि सताउनेछ। अरूको धेरै काम गर्नुपर्नेछ, तर जस भने पाइने देखिँदैन। आइतबार तथा सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ।

## कुम्भ

सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै बौद्धिक कार्यमा सफलता मिल्नेछ। काममा सफलता तथा मानसम्मान प्राप्त होला। यात्रा गर्ने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। विवादतिर अघि नबढ्नु नै उचित होला। व्यवसायमा सोचेजस्तै लाभ देखिन्छ। धार्मिक कार्यमा सफलता प्राप्त हुनेछ।

## मीन

सुरुमा खर्च एवं विवाद बढ्नेछ। काममा समस्या उत्पन्न हुनसक्छ। स्वास्थ्यमा पनि खराब रहनेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। आइतबारदेखि प्रसन्नता बढ्ने, काममा सुधार आउने, घरेलु कार्यमा सफलता मिल्ने तथा मित्रहरूबाट सहयोग मिल्ने योग छ। पराक्रमको तीव्रता कायमै रहनेछ।

### यो साताको पञ्चाङ्ग

**साउन १ गते साउने संक्रान्ति, सूर्य दक्षिणायन हुने।**

# यौन जिज्ञासा र समाधान

•डा. राजेन्द्र भद्रा

**प्रश्न : म २५ वर्षीया अविवाहित युवती हुँ। छ–सात वर्षदेखि एक अविवाहित युवकसँग मेरो प्रेमप्रसंग चलिआएको छ। हामीबीच यौनसम्बन्ध पनि हुन्छ। यौनसम्पर्क गर्ने समयमा उसले मेरो ओठ र स्तनमा जोडले थिचेर चुस्ने गर्छ। मेरो साथीले भनेअनुसार प्रत्येक पुरुषले त्यसरी चुम्बन गर्दैनन्, तर मेरो यौन साथीले किन एकदम एक्साइटेड भएर त्यसो गर्छ ?**

**सम्भोग गर्दा एकदमै छिटो स्खलन हुन्छ। जुन बेला ममा यौनआनन्दको प्रारम्भ मात्र भएको हुन्छ। उसलाई सोध्दा भन्छ– हामीले लामो समयको अन्तरालपछि यौनसम्पर्क गरेकाले यस्तो भएको हो। लामो सहवासपछि मात्र स्खलन गर्न के गर्नुपर्छ ? हामीले छिट्टै विवाह गर्ने विचार गरेका छौं। अहिले ऊ ब्लड प्रेसरको बिमारीका कारण निकै कमजोर छ। म ऊभन्दा २० वर्ष सानी छु। हाम्रो यो सम्बन्ध गोप्य नै छ। हाम्रो उमेर र जात नमिल्ने भएका कारण कसैबाट पनि सहयोग मिल्ने सम्भावना छैन, त्यसैले परिवारको सहमतिविना विवाह गर्दा कस्तो होला ? हाम्रो उमेरको फरकले गर्दा र उसको बिसञ्चोका कारण कतै विवाहपश्चात् हाम्रो जीवन दुःखी हुने त होइन ?**

**–वर्षा**

**उत्तर : किन स्तन चुसेको होला ?**

आफूलाई आनन्द लाग्ने कुरामा संलग्न हुनु सामान्य कुरा हो। त्यसैले यौनसम्बन्धी कुरामा पनि आनन्द पाउने क्रियाकलाप गर्नु आश्चर्यको विषय होइन। विविध कारणवश यौनसम्पर्क राख्नुभन्दा पहिले नेपाली समाजमा विभिन्न यौन क्रियाकलापमा संलग्न हुने चलन पाइँदैन। लिङ्ग-योनि मैथुनमा संलग्न हुनुभन्दा पहिले विविध क्रियाकलापमा संलग्न हुनुले यौनआनन्द त बढाउँछ नै, यस्ता क्रियाकलापले एक-आपसमा घनिष्ठता बढाउने कार्यमा मद्दत पनि गर्छ। तपाईंको यौनसाथीले किन गर्नुभयो भन्ने सन्दर्भमा उहाँलाई त्यस्तो क्रियाकलापले यौन उत्तेजना बढाउनुका साथै यौनआनन्द प्राप्त हुने गरेको हुनुपर्छ। यसका अतिरिक्त उहाँले तपाईंलाई यौन आनन्द लिन सहयोग पुऱ्याइरहेको वा पुऱ्याइरहेको मान्नुभएको हुनुपर्छ।

**वीर्य स्खलन ढिलो गर्न के गर्ने ?**

प्रायः सबैजसो व्यक्तिले आफ्नो जीवनको कुनै न कुनै बेला वीर्य स्खलन चाँडो भएको अनुभव गरेका हुन्छन्। महिलालाई एकदमै धेरै समय लाग्ने अवस्थामा पनि पुरुषको वीर्य स्खलन चाँडो भएजस्तो लाग्न सक्छ। कतिपय मानिसमा यौनसम्पर्क 'राम्रो' सँग गर्न नसक्नु चिन्ताको कारण हुनसक्छ। आफ्नो यौन जोडीलाई सन्तुष्ट पार्न सक्दिनँ कि भन्ने चिन्ता यस्तो समस्याको महत्त्वपूर्ण कारण हुन्छ। कुनै औषधी सेवन गरिरहनुभएको भए त्यसको प्रभाव त होइन भनेर केलाउन पनि बिर्सनु हुँदैन। आक्कल-झुक्कल मात्र यस्तो शीघ्र स्लखन भएमा उपचारको आवश्यकता पर्दैन, तर समस्या निरन्तर रह्यो भने समाधानको उपाय खोज्नुपर्ने हुन्छ।

**यौनसम्पर्क रोक्ने प्रयास गर्ने** : यौनसम्पर्क गरिरहँदा स्खलन होलाजस्तो भएपछि तुरुन्तै लिंग योनिबाट बाहिर झिकेर केही बेर यौनक्रीडालाई नै रोक्ने र यौन उत्तेजना केही कम भएपछि पुनः यौनक्रीडा गर्ने।

**आसन परिवर्तन गर्ने** : लोग्नेमान्छे माथितिर र महिला तलको सट्टा महिला माथितिर बसेर सक्रिय भई यौनसम्पर्क गर्दा पनि शीघ्र स्खलन कम हुन्छ।

**लिङ्ग अँठ्याउने** : यौनसम्पर्क गरिरहँदा स्खलन होलाजस्तो भएपछि तुरुन्तै लिंग योनिबाट बाहिर झिकेर लिङ्गको फेदलाई बेस्सरी अँठ्याउने र वीर्य स्खलन हुन नदिने। केही बेरमा यौन उत्तेजना केही कम भएपछि पुनः यौनक्रीडा सुरु गर्ने।

**कन्डम प्रयोग गर्ने** : कन्डमको प्रयोगबाट पनि कतिपयलाई शीघ्र स्खलनको समस्या कम गर्न मद्दत पुगेको छ। यस्तो बेलामा चिप्लो पदार्थ कम भएको तथा बाक्लो किसिमको कन्डमले बढी फाइदा पुऱ्याउँछ।

**मांसपेशीको प्रयोग गर्ने** : पिसाब आउँदा रोक्न प्रयोग गर्ने मांसपेशीको कसरत गरेर वीर्य स्खलनलाई रोक्ने अभ्यास गर्न सकेमा पनि फाइदा पुग्छ। दीर्घकालीन उपचारका लागि वीर्य स्खलन शीघ्र हुन नदिन स्व-नियन्त्रणका लागि पनि प्रयास गर्न सकिन्छ। त्यसबाहेक छालाको संवेदनशीलता कम गर्ने मल्हम तथा स्प्रेहरु पनि प्रयोग गर्न सकिन्छ।


**उमेरको फरक र विवाह**

युवक भन्नुभए पनि उमेरका हिसाबले तपाईंको यौनसाथी अधबैंसे हुनुहुन्छ। पक्कै यसको केही असर पर्न सक्छ नै। स्वास्थ्यका दृष्टिले होस् वा फरक रुचिका कारणले होस्, यी सबै कुराको असर यौन क्रियालापमा पनि पर्न सक्ने नै भयो। कुनै पनि स्वास्थ्य समस्या भएमा त्यसको शीघ्र उपचारमा अग्रसर भैहाल्नु राम्रो हुनेछ, तर उमेर फरक हुनुले नै वैवाहिक जीवनका सबै कुरालाई नकारात्मक असर पार्छ भन्ने होइन। फरक उमेरका व्यक्तिहरू सहज र सुखमय जीवनयापन गरेका अनेक उदाहरण छन्। फरक उमेर भए पनि घनिष्ठ तथा आत्मीय सम्बन्ध कायम गर्न सकिन्छ। साँचो प्रेममा आधारित सम्बन्धमा आफ्नो फाइदा हेर्ने नभै आफ्नो जीवनसाथीको सुखको वास्ता गरिन्छ र त्यहाँ समर्पणको भावना हुन्छ। यस्तो स्थितिमा केही भौतिक असजिलोपनले खासै महत्त्व राख्दैन।

जात र उमेरको फरक हुँदाको सामाजिक प्रतिक्रिया तथा त्यसलाई कसरी सामना गर्ने भन्ने विषयमा सोच्नुभएकै होला। राम्रो कुरा के भने तपाईंहरूले एक-अर्कासँग पर्याप्त मात्रामा परिचित हुने समय पाउनुभएको छ। त्यसका साथै अर्को कुरा के भने, तपाईंहरूको उमेरमा फरक भए पनि तपाईंहरू दुवै जना नै वयस्क र आफ्ना लागि उचित निर्णय गर्न सक्ने स्थितिमा हुनुहुन्छ। यहाँ मुख्य कुरा अर्काको सल्लाहको पछि लाग्नुभन्दा आफैंले पर्याप्त सोचविचार गर्नुहोस्। सम्बन्धलाई निरन्तरता दिने वा नदिने जेसुकै निर्णय गर्न सक्नुहुन्छ, तर जुन निर्णय गर्नुहुन्छ त्यसलाई नै दृढ रूपमा अघि बढाउने निर्णय गर्नुभयो भने पक्कै राम्रै नतिजा निस्कनेछ।























# २४ वर्षपछि फर्कियो इटाली

**साप्ताहिक समाचार**

काठमाडौं- अठारौं विश्वकप प्रारम्भ हुदाँ धेरै कम मानिसले अनुमान गरेका थिए कि ९ जुलाईको मध्य रातमा इटालीले विश्वकप चुम्नेछ । तर २४ वर्षपछि इटालीले चौथो पटक विश्वकप जितेर सबैभन्दा बढी विश्वकप जित्ने सूचीमा ब्राजिल (५ पटक) पछि आफूलाई उभ्यायो ।

यसअघि इटालीले सन् १९८२ मा विश्वकप जित्दा अहिले इटालीका लागि खेलिरहेका अलबर्टो गिलार्डिन्हो जन्मिएका पनि थिएनन् भने अन्य खेलाडीहरूले भर्खर-भर्खर फुटबलमा खुट्टा लगाउन थालेका थिए । तर तिनै खेलाडीहरूले २४ वर्षपछि इटालीको गौरव फर्काएका छन् ।

इटालीको अहिलेको जित अप्रत्याशित भने थिएन । यसअघि ३ पटक विश्वकप जितिसकेको इटालीका लागि यस पटक संयोगहरू जुटेका थिए । यसअघि इटालीले अल युरोपियन सेमिफाइनल खेलेपछिको कुनै पनि फाइनल गुमाएको थिएन भने उसले फाइनलमा ब्राजिलसँगमात्र पराजयको सामना गरेको थियो ।

इटालीका लागि यो विश्वकपले १२ वर्षअघि उसले गुमाएको फाइनल खेलको स्मरण गराएको छ । सन् १९९४ मा अमेरिकामा आयोजित १५ औं विश्वकपको फाइनलमा इटालीले ब्राजिलसँग पेनाल्टी सुट आउटकै आधारमा पराजय स्वीकार गर्नुपरेको थियो । त्यसबेलाको पराजयले इटालीलाई राम्रो शिक्षा दिएको हुनुपर्छ कि पेनाल्टी सुट आउटको निर्णय पनि कुनै पनि फुटबल प्रतियोगिताका लागि निर्णायक हुन सक्छ । सम्भवतः यसैकारणले इटालीका खेलाडीहरूले पेनाल्टी प्रहार गर्ने कलामा पनि आफूलाई तिखारे । फुटबल विशेषज्ञहरूका अनुसार अहिलेको इटालीको टिममा संसारकै आधा दर्जनभन्दा बढी राम्रा पेनाल्टी सुटआउट विशेषज्ञहरू छन् । तिनै विशेषज्ञहरूले इटालीलाई विश्वकप चुम्न सहयोग गरे भन्नुपर्दा अतिसयोक्ति हुनेछैन ।

**जिदानको भाग्य**

फाइनल खेल समाप्त हुन १० मिनेटभन्दा कम समय बाँकी रहेको अवस्थामा फ्रान्सका कप्तान तथा सर्वकालिक महान खेलाडी जिनेदिन जिदान आवेशमा आएर रातो कार्डको सिकार भए । उनले प्रतिद्वन्द्वी इटालीका मार्को मातेराजीको छातीमा आफ्नो टाउकोले प्रहार गरे । उनले त्यसो किन गरे ? यो प्रश्नले फ्रान्स र फ्रान्सका प्रशंसकहरूको मात्र टाउको दुखाएको नभई स्वयं जिदानकै समेत टाउको दुखाएको हुनुपर्छ । यो खेलपछि सक्रिय फुटबलबाट सन्यास लिने घोषणा गरिसकेका जिदानले आफ्नो अन्तिम खेलमा देखाएको व्यवहारले निश्चित रूपमा उनको ख्यातिमाथि कलंक लगाएको छ । यो कलंकका बाबजुद जिदानले विश्वकप २००६ को सर्वाधिक प्रतिष्ठित गोल्डेन बल पुरस्कार प्राप्त गरेका छन् । यो पुरस्कारले जिदानलाई केही राहत दिएको छ । जिदानलाई फिफाको पुरस्कार समितिले यो पुरस्कार आफ्नो टिमलाई फाइनलसम्म पुऱ्याउन गरेको योगदानका लागि दिएको हो । प्रतियोगिताको सुरुका दुई खेल बराबरीमा टुङ्ग्याएको फ्रान्सका लागि झण्डै-झण्डै विश्वकपको ढोका बन्द भैसकेको थियो तर अन्तिम लिग खेलमा टोगो, दोस्रो चरणमा शक्तिशाली स्पेन, क्वाटर फाइनलमा निवर्तमान विजेता ब्राजिल र सेमिफाइनलमा अविश्वसनीय टिमका रूपमा देखापरेको पोर्चुगललाई पराजित गर्दा फ्रान्सका नायक जिनेदिन जिदान नै थिए ।

**क्लोसलाई गोल्डेन बुट**

विश्वकप २००६ को सर्वाधिक गोलकर्ता खेलाडीलाई दिइने पुरस्कार जर्मनीका मिरोस्लाभ क्लोसले प्राप्त गरेका छन् । उनले यो प्रतियोगितामा खेलेका ७ खेलमा ५ गोल गरे । क्लोसले यसअघिको विश्वकपमा पनि ६ गोल गरेका थिए । त्यसबेला फाइनलमा रोनाल्डोले २ गोल गरेपछि क्लोस गोल्डेन बुटबाट वञ्चित भएका थिए ।

**पोडोलस्की भए युवा खेलाडी**

विश्वकप २००६ मा देखिएका सम्भावनायुक्त जिलेट युवा खेलाडीको पुरस्कार जर्मनीकै लुकास पोडोलस्कीले प्राप्त गरे । ७ खेलमा ३ मात्र गोल गरे पनि पोडोलस्कीले जर्मनीलाई सेमिफाइनलसम्म पुऱ्याउन उत्कृष्ठ खेल प्रदर्शन गरेका थिए ।

**बफोनलाई लेभ यासिन पुरस्कार**

इटालीका गोलकिपर गियानलुगि बफोनले विश्वकप २००६ को लेभ यासिन पुरस्कार प्राप्त गरेका छन् । बफोन यो पुरस्कारको हकदार थिए । गोलकिपरलाई दिइने यो पुरस्कारका लागि फिफाको पुरस्कार समितिसँग बफोन बाहेक अर्को विकल्प थिएन । यो विश्वकपका ७ खेलमा बफोनविरुद्ध जम्मा २ गोल हुन सक्यो । एक गोल जिदानले पेनाल्टी सुटमार्फत् फाइनलमा गरेका थिए भने अर्को गोल लिग चरणको खेलमा इटालीकै क्रिष्टियन जाकार्डोले गरेको आत्मधाती गोल थियो ।

**फिफा फेयर प्ले एवार्ड**

विश्वकप २००६ को फिफा फेयर प्ले एवार्ड ब्राजिल र स्पेनलाई संयुक्त रूपमा दिइएको छ । आ-आफ्नो खेलमा अनुशासित रूपमा खेल भावना अनुसार स्वस्थ्य प्रतिस्पर्धासहितको खेल प्रदर्शन गरे बापत ब्राजिल र स्पेन यो पुरस्कारको हकदार भएका हुन् ।

Cambridge College
+2 Higher Secondary Education
announces
Admission Open
For class XI
Science Management Humanities
(With options: Computer Science, Hotel Mgmt, Travel & tourism & Mass Communication)
Special features:
- Attractive provision of scholarship on merit & need basis.
- Centrally located in peaceful inspiring atmosphere.
- Well-equiped classroom, labs and libraries.
- Career building education.
- Adequate sports and extra curricular events.
- Free internet service.
- Team of well reputed academic professionals.
- Hostel & transportation facilities available.
Shifts: Morning & Day.
Scholarship upto 100%
Form Distribution: From 25th Ashadh onwards.
Scholarship award and admission test: 4th Shrawan
Cambridge College
Kuleshwor-Chunnibhairav Margh, P. O. Box: 4781 Kathmandu,
Tel: 4277063, 4270361, Fax: 4246571
Web: www.cambridgecollege.edu.np

Private SLC१० कक्षा मा भर्ना खुल्यो
Himalayan Open School
Old Baneshwor

होटल तालिम
MMTC 5532984
BMTC 016214510

निःशुल्क तयारी कक्षा तथा परामर्श
CMA / LAB ASST / ANM

Learn English
Own course books, Audio-Visual classes
TOEFL/IELTS Pre.
Ph: 4-232866

मौका परीक्षा

Admission Open
Specially Designed Courses
Fashion Design
Interior Design
With a competitive price
See it. Know it.
Do it. Join it.
Make a career out of it.
POSITION VACANT
A dynamic fashion design professional with good communication skills and teaching ability. Person who can keep track to changing facets of design.
QUALIFICATION
A person who has done his/her Fashion Designing Course from reputed institute. Interested candidate may apply along with complete resume to the following address.
LiAD
Kopundol, Lalitpur
Ph. 2120105, 5547506
Email: liad_ktm@yahoo.com
LAKHOTIA INSTITUTE OF ART & DESIGN

SLC पूरक परीक्षा तयारी कक्षा
100% ग्यारेन्टीका साथ सबै विषयको
Special Tuition Classes
Home Tuition
नोट: Private Test/SLC

आवश्यकता

NURSING
JOBS & STUDY
IN
CANADA
USA / UK
AUSTRALIA
NEWZEALAND
Baghbazar.

कसलाई हुँदैन सुन्दर हुने चाहना
Global TV Product Shop
फोन: 4242061, 2002799

होटल तालिम मोडर्नमा
Switzerland & UK
Cook • Waiter • Bakery
Barman • Caption • Bell Boy
Front Office • Supervisor
Housekeeping • Domestic
MODERN HOTEL
Ph: 4363215

ब्रिटिस आर्मी, सिङ्गापुर पुलिस
तयारी कक्षाहरु धमाधम हुँदैछ।
Physical & Education
गतसाल १००% सफलता
Abroad Institute
4-253426


Learn English
TOEFL/IELTS/SAT Pre.
Language Books/ Cassettes/ CDs

# नेपाली फेसनमा फुटबल

विश्वकप फुटबलका सन्दर्भमा पोखरा सिटी डटकमले तीन जना मोडलले फुटबल बोकेको तस्बिर जारी गऱ्यो भने साइबर संसार डटकमले विश्वकपको फाइनलमा पुगेका दुई मुलुकको जर्सीमा दुई मोडललाई आफ्नो साइटमा प्रस्तुत गरेको थियो । यसै साता काठमाडौंमा आयोजित एउटा फेसन सोको फुटबल मेनिया शीर्षकको सिक्वेन्समा मोडलहरूले विश्वकपको सम्झना गरे ।











# ५ प्रश्न



*मीन थापा नेपाली खेलकुदमा मीन गुरुको उपनामले बढी परिचित छन् । तेक्वान्दोका प्रशिक्षक भएकाले मात्र होइन, दशकौंदेखि नेपाली राष्ट्रिय टिमलाई प्रशिक्षण गराउँदै नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मानजनक सफलता दिलाएका कारणले पनि उनले यो उपनाम पाएका हुन् । श्रीलंकामा आयोजना हुने दसौं दक्षिण एसियाली खेलकुद प्रतियोगिताका लागि अन्तिम चरणको खेलाडी छनौट गरेपछि बन्द प्रशिक्षणमा व्यस्त थापासँग गरिएको ५ प्रश्न :*

**वर्ल्ड कप कत्तिको हेर्नुभयो ?**

अरे ! नामै वर्ल्ड कप त्यसमा पनि फुटबल भएपछि नहेर्ने कुरै भएन । साँझका खेलहरू साथीहरूसँग बसेर हेरियो भने रातिका खेलहरू घरमै हेरें ।

**कत्तिको बाजी मारियो ?**

म त १९८६ को वर्ल्ड कप हेरेपछि म्याराडोनाका कारण अर्जेन्टिनाको फ्यान भएको मान्छे, क्वाटरफाइनलमा जर्मनीविरुद्धको खेलमा बाजी राख्दा १० हजार हारें ।

**वर्ल्ड कपमा त हार्नुभएछ, १० औं सागमा कत्तिको जित्ने विचार छ ?**

१० औं सागमा तेक्वान्दोको १३ वटा स्पर्धा हुँदैछन्, न्यूनतम पनि ८ वटा जित्ने योजना छ । यस पटक हामीसँग दीपक विष्ट र संगिना वैद्य मात्र अनुभवी खेलाडी छन् भने बाँकी सबै नयाँ छन् ।

**पहिलेका साग खेलकुदमा पदक जित्नेहरू कता गए नि ?**

उनीहरूले राष्ट्रलाई दिलाएको सफलताको सरकारले कदर नगरेपछि आठौं र नवौं सागमा स्वर्ण पदक जित्ने अधिकांश खेलाडी अमेरिका गएर प्रशिक्षक भएका छन् ।

**तेक्वान्दो खेल्यो भने अमेरिका जान पाइन्छ हो ?**

त्यसो त होइन । राम्रो खेलाडी हुन सक्यो भने अवसरको सम्भावना हुन्छ । अमेरिका गएर अरू काम गर्नुभन्दा प्रशिक्षक हुनु धेरै सम्मानको कुरा हो ।


## पिनाकल टिप्स
### जानी राखे राम्रो

* HSEB 061/62 को Result मा पिनाकल कलेजले १० स्थानमध्ये ६ स्थानमा सर्वोत्कृष्टता हासिल गरेको थियो ।
* ८८.२ प्रतिशत अंक ल्याई सुनिता घिमिरेले टप गरि ऐश्वर्य विद्यापदक प्राप्त गरिन ।
* विश्वम्भर थापाले ८७ प्रतिशत अंक प्राप्त गरेका थिए ।
* निर्मल श्रेष्ठले ८७.१ प्रतिशत अंक प्राप्त गरेका थिए ।
* प्रनिता चित्रकारले ८५.५ प्रतिशत अंक प्राप्त गरेकी थिइन ।
* दुर्गा प्र. ओलीले ८५.८ प्रतिशत अंक प्राप्त गरेका थिए ।
* तुल्सी नारायण महर्जनले ८५.३ प्रतिशत गरेका थिए ।

**ADMISSION OPEN**

For Discipline & Excellence
**Pinnacle College**
*East of Lagankhel Buspark*
Phone: 5544023,5544024
*(+2, BBS & Pharmacy)*
स्रोत:-





श्रावणको पहिलो हप्ताभित्रमा सम्पर्क राख्नुहोला ।

दक्ष निर्देशक तुलसी घिमीरेको मार्ग निर्देशनमा

## 'अभिनयको तालिम'

चलचित्रमा कुनै पनि अभिव्यक्तिको माध्यममा लोकप्रिय तथा सफल कलाकार/व्यक्तित्व हुने तपाईको सपना साकार बनाउन हामी तपाईलाई सघाउने छौं । लोकप्रिय निर्देशक तुलसी घिमिरेको मार्ग दर्शनमा Performing Art बारे ज्ञान हासिल गरेर साथै सफल नृत्य निर्देशक दिनेश अधिकारीबाट नृत्य बारे तालिम लिएर तपाई पनि राष्ट्रले गौरव गर्ने दक्ष कलाकार /व्यक्तित्व बन्न सक्नु हुनेछ ।

विस्तृत जानकारीको लागि:
dineshadh@hotmail.com

**राजधानी कलाकेन्द्र**
पुतलीसडक, फोन नं. ४२१८८६७
(अभिनय तथा नृत्य तालिम केन्द्र)





## साँच्चिकै फेसन सो



**साप्ताहिक समाचार**

काठमाडौं– गीत पनि छैन, संगीत पनि छैन, न त नृत्य नै छ। शुक्रबार साँझ ह्यात रिजेन्सीमा सम्पन्न 'लेक्मे क्याटमाण्डु क्याटवाक' मा केवल पहिरन मात्र प्रदर्शन गरियो। फेसन सोलाई अन्तर्राष्ट्रिय स्वरूप प्रदान गर्न आयोजकले जम्मा डेढ घण्टाको समय छुट्याएका थिए। यो अवधिमा जम्मा ११ वटा सिक्वेन्समार्फत विभिन्न पहिरन प्रदर्शन गरिंदा दर्शकहरूले दिक्क मान्ने समयसमेत पाएनन्।

इन्टरनेसनल इन्स्टिच्युट अफ फेसन टेक्नोलोजी (आईआईएफटी) का नेपाली तथा भारतीय विद्यार्थीहरूले तयार पारेका आकर्षक पहिरनहरूको प्रदर्शन गर्नु फेसन सोको प्रमुख उद्देश्य थियो। यही सोमार्फत आईआईएफटीका २५ जना नवोदित फेसन डिजाइनरले आकर्षक पहिरनमार्फत फेसनको संसारमा पाइला राखेका छन्। फेसन सोका प्रत्येक सिक्वेन्समा कम्तीमा छदेखि आठ जना फेसन डिजाइनरका पहिरन प्रदर्शन गरिएका थिए। प्रत्येक सिक्वेन्समा प्रदर्शन गरिएका पहिरनमा एकरूपता थियो। फरक केवल पहिरनमा प्रयोग गरिएको कच्चा पदार्थ, स्कर्टहरूको लम्बाइ तथा आकारमा मात्र भिन्नता देखियो।

फेसन सोमा प्रदर्शन गरिएका अधिकांश पहिरन पाश्चात्य शैलीबाट प्रभावित देखिन्थे। फेसन शोका ११ मध्ये जम्मा एउटा सिक्वेन्समा मात्र परम्परागत पहिरन प्रदर्शन गरियो। आईएफटीका भारतीय विद्यार्थी मनिस शर्माले तयार पारेको 'उत्सव' शीर्षकको सिक्वेन्स मात्र परम्परागत शैलीमा आधारित थियो। यो सिक्वेन्समा गाढा रंगका पहिरनहरू प्रदर्शन गरिएको थियो, जसमा सारीलाई विशेष महत्त्व दिइएको थियो। यही सिक्वेन्समा प्रदर्शन गरिएको अर्को एउटा पहिरनमा गुजरातको संस्कृति झल्किएको थियो। यो पहिरनको डिजाइन भारतीय विद्यार्थी उर्वसी तथा विशाखाले गरेका थिए। उनीहरूले सलवार-कुर्तामार्फत आफ्नो कला प्रस्तुत गरेका थिए। 'जंगल फिवर' शीर्षकको अर्को सिक्वेन्समा भने दैनिक जीवनमा प्रयोग गर्न नसकिने पहिरनहरू प्रदर्शन गरियो। डिजाइनरहरूले आफ्नो कौशललाई प्रदर्शन गर्न मात्र ती पहिरन तयार पारेको सजिलै अनुमान गर्न सकिन्थ्यो।

सूर्यकला फिल्म्सका तर्फबाट फेसन शोको कोरियोग्राफी गरिरहेका कौशिक घोषले फेसन शोका प्रत्येक सिक्वेन्समा 'थिम म्युजिक' प्रयोग गरेका थिए। सिक्वेन्स तथा पहिरनअनुसारको ब्याकग्राउन्ड म्युजिकले प्रत्येक सिक्वेन्सलाई आकर्षक बनाएको थियो। फेसन सोमा जम्मा १३ जना मोडलले क्याटवाक गरेका थिए, जसमध्ये पाँच जना मोडल यही सोका लागि भारतबाट आएका थिए भने बाँकी मोडल स्वदेशी थिए।

## पोखरामा रेन डान्स

**शिव शर्मा**

पोखरा- पोखराको व्यस्त बजारदेखि अलि टाढा रहेको पेन्गुइन स्वीमिङ पुल। आकाशबाट लगातार पानी दर्किरहेको थियो। पानीमा निथ्रुक्क भिज्दै भए पनि त्यहाँ ओइरिनेहरूको कुनै कमी थिएन। गत शनिबार एन इन्टरटेनमेन्ट एजेन्सीले आयोजना गरेको जुली ग्रान्ड डान्सको वातावरण, जति आकाशबाट पानी दर्किंदै थियो त्यत्ति नै तात्तिंदै गएको थियो। सधैं काल्पनिक वा कृत्रिम रेन डान्सको अनुभव गरेका युवायुवतीहरूले यो दिन भने वास्तविक रेन डान्सपार्टीको मजा लिने मौका पाए। पानीमा रुझ्दै डिजे जयले छानेका गीतहरूमा कम्मर मर्काउनेहरू जोसै-जोसमा लगाएको कपडासँगै स्वीमिङ पुलमा फाल हानिरहेका थिए। घरबाट आङ ढाक्ने कपडा लगाएर आएकाहरू केहीले त्यहाँ आएपछि आफ्नो पहिरनलाई छोट्याएका थिए।

वर्षातले आगन्तुकहरूको कमी हुन्छ कि भनेर अत्तालिएका आयोजकहरूलाई रुझ्दै र भिज्दै आएका युवायुवतीको भीडले सन्तुष्ट बनायो। साँझ पर्न थालेपछि स्वीमिङ पुलको केही माथि सजाइएको मञ्चमा अभया एन्ड स्टिम इन्जिन्सकी गायिका अभया लिम्बू देखा परिन्। उनका गीतले युवायुवतीलाई अझ उफार्‍यो।








## सौन्दर्य स्याहार, आफ्नै हातमा

**अनवान्टेड रौंको समस्या**

- शरीरमा अनवान्टेड अर्थात् अनावश्यक रौं हरेक युवतीको चिन्ताको कारण बन्छ।
- यसैगरी अनुहारमा आउने रौंले व्यक्तिको सौन्दर्य नै नष्ट गर्छ। यस्ता रौं पातला र मोटा गरी दुई प्रकारका हुन्छन्।
- यस्ता रौंले महिलाको आत्मविश्वासमा कमी ल्याउँछ।
- युवतीहरू यस्ता रौं हटाउन ब्लेड प्रयोग गर्छन्।
- तर यसरी काटिएका रौं तीन-चार दिन पछि अझ बाक्लो भएर निस्कन थाल्छन्। यसले अझ बढी समस्या निम्त्याउँछ।
- यति मात्र होइन, सेभिङ गरिएका रौंले अनुहारको सौन्दर्य पनि बिगारिदिन्छ।
- लगातार सेभिङ गर्दा रौं छिटो-छिटो निस्कनुका अतिरिक्त यसले अन्य नकारात्मक असर पनि देखाउन थाल्छ।

**ब्याक्सिङ एवं ब्लिचिङ– सरल एवं प्रभावकारी उपाय**

- ब्याक्समा क्रिम अथवा लोसन हुन्छ, जुन छालाको भित्रसम्म जान्छ र आफ्नो असर देखाउँछ।
- ब्याक्सिङले रौंलाई गहिराइसम्म पुगेर सफा गर्छ र लामो समयसम्म रौं पलाउँदैन। पीडारहित सफाइ नै यसको मूल ध्येय हो।
- यदि तपाईंको छाला सेन्सेटिभ छ भने पहिले छालाको सानो भागमा यसको प्रयोग गर्नुहोस्। त्यो भागमा कुनै नकारात्मक प्रतिक्रिया देखिएन भने बल्ल बाँकी भागमा यसको प्रयोग गर्नुहोस्।
- अनुहारमा आउने नचाहिँदा रौंलाई हटाउने सबैभन्दा भरपर्दो उपाय ब्लिचिङ नै हो।
- ब्लिच कति बेरसम्म गर्ने भन्ने कुराको निर्णय तपाईंले होइन, तपाईंको छाला र रौंले गर्छ। गोरो छालामा लामो समयसम्म ब्लिचिङ गर्नु पर्दैन। छालाको पूर्ण सुरक्षाका साथ त्यसलाई रेसम झैं मुलायम राख्न आयुर हट ब्याक्स एवं ब्लिच क्रिमको प्रयोग गर्न नबिर्सनुहोस्।

**रेसमी त्वचा (छाला) को मधुर कल्पना।**




To make a career as a beauty professional or to know more about beauty business, write to, AANB, P.O. Box 6032, N. Delhi-8 or e-mail at aanb_2003@yahoo.com

प्राइभेट Test/SLC-2063
मा अन्तीम भर्ना !
यस एकेडेमीबाट २०६२ सालको SLC परीक्षामा उतीर्ण हुने सम्पूर्ण विधार्थीहरुलाई
हार्दिक बधाई



Sanjaya Koirala, Shirish Shrestha, Yojan Rai, Sumit Shrestha, Bibek Bajracharya, Govinda Pokhrel
Shama Chitrakar, Kalpana Rai, Laxmi Khanal, Nutan Pun, Safika Khadgi, Gagan Thakuri
Samir Maharjan, Nischal Gopali, Nabaraj Baidya, Raju Shrestha, Rim Kumar Pata Magar, Pukar Pujari

पाईथागोरस एकेडेमी प्रदर्शनी मार्ग, काठमाडौं, फोनः ४२६०६३२

रोजगारमूलक तालिम
Photography Basic & Advance
Digital Video Editing

सबै भन्दा पुरानो । सबैभन्दा विश्वासिलो ।
नेपाल फोटोग्राफी ट्रेनिङ इन्स्टिच्युट

तथा पर्यटन तालिम
• Tour & Travel Mgmt
• Tour Operation
• Hotel Management
• F & B Management
• Cook • Front Office
• Waiter • Barman
• Housekeeping
• Domestic Helper



ADMISSION OPEN
Bachelor in Hotel Management
Bachelor in Interior Design
(Three Years Degree Course)
(Affiliated to Purbanchal University)
Internationally Accredited and Recognized Degree
Credit Transfer Arrangement in U.K. and other countries...
Eligibility: Intermediate or + 2
Facilities
• Job opportunity all over the world in Hotel & Hospitality Sector.
• 2 Semester Industrial Training and specialization in 4 & 5 star hotel in Nepal, India & Singapore.
• Assistance in one month shipping training in India.
• Catering Management Training.
• 5 Scholarship for Remote area students.
Kantipur Hotel Management & Interior Design College
New Baneshwor, Buddhanagar, Kathmandu, Tel: 4780564, 4783904 Email: khmc@wlink.com.np


**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**